
# सुधारिएको चुलो प्रवर्द्धन सम्बन्धी
# सफलताका कथाहरू



**जैविक ऊर्जा सहयोग कार्यक्रम**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम

*सुधारिएको चुलो प्रवर्द्धनसम्बन्धी सफलताका कथाहरू*

**सर्वाधिकार : जैविक ऊर्जा सहयोग कार्यक्रम, २०६८ (सन् २०१२)**
*यस पुस्तिकामा प्रकाशित सामग्रीहरू साभार गरी कुनै भाग वा पूर्णरूपमा गैरनाफामूलक वा शैक्षिक प्रयोजनको लागि पूर्व स्वीकृति नलिई पुनः प्रकाशन गर्न सकिनेछ । तर पुनः बिक्री वा अन्य व्यापारिक प्रयोजनको लागि प्रकाशकको स्वीकृति विना कुनै पनि रूपमा पुनः प्रकाशन गर्न पाईने छैन ।*

प्रकाशक :
**जैविक ऊर्जा सहयोग कार्यक्रम**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम**
पोष्ट बक्स नं १४३६४, काठमाडौं
खुमलटार हाइट, ललितपुर, नेपाल
**फोन** ०१-५५३९३९०/५५३६८४३
**फ्याक्स** ०१-५५३९३९२
**इमेल** biomass@aepc.gov.np
**वेबसाइट** www.aepc.gov.np

**प्रकाशित :** चैत्र २०६८ (अप्रिल २०१२)

**सङ्कलन**
- ग्रामीण प्रविधि केन्द्र, कुमारीपाटी, ललितपुर
- स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र, काभ्रे
- नामसालिङ्ग सामुदायिक विकास केन्द्र, इलाम
- ग्रामीण सशक्तिकरण समाज, तनहुँ
- धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र, बागलुङ्ग
- ग्रामीण आर्थिक विकास संघ, पाल्पा
- सुन्दर नेपाल संस्था, सुर्खेत
- डेभलप्मेन्ट कन्सर्न सोसाइटी, दाङ्ग
- कैलाली कञ्चनपुर ग्रामीण विद्युतीकरण छाता संगठन, कैलाली

**सल्लाहकार**
- प्रा. डा. गोविन्द राज पोखरेल, कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
- निल्स जुल थोमसन, प्रमुख सल्लाहकार, ऊर्जा क्षेत्र सहयोग कार्यक्रम

**सम्पादन मण्डल**
- करूणा बज्राचार्य, प्रबन्धक, जैविक ऊर्जा सहयोग कार्यक्रम
- नवराज ढकाल, वरिष्ठ तालिम अधिकृत तथा काउण्टर पार्ट, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
- दीपक पौडेल, सहायक कार्यक्रम अधिकृत, जैविक ऊर्जा सहयोग कार्यक्रम

**सम्पादन सहयोगी**
- राजिव मान श्रेष्ठ, कार्यक्रम अधिकृत, जैविक ऊर्जा सहयोग कार्यक्रम
- शेखर शर्मा, कार्यक्रम अधिकृत, जैविक ऊर्जा सहयोग कार्यक्रम
- प्रज्ज्वल राज शाक्य, कार्यक्रम अधिकृत, जैविक ऊर्जा सहयोग कार्यक्रम
- श्वेता धौभडेल, प्रशिक्षार्थी, जैविक ऊर्जा सहयोग कार्यक्रम

**पुनःलेखन तथा भाषा सम्पादन :** दिलिपकुमार मुनंकर्मी
**साजसज्जा तथा मुद्रण :** वर्ल्डवाइड प्रिन्ट सोलुसन, फोन : ५५५०२८९

ISBN: 978-9937-2-4651-4

# मन्तव्य

नेपालमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाका प्रशस्त स्रोतहरू भए तापनि त्यसको समुचित विकास नभएको अवस्थामा त्यस्ता ऊर्जा प्रवर्द्धन गरी ग्रामीण क्षेत्रमा बासोबास गर्ने मानिसहरूको जीवनस्तरमा सुधार गर्न र परम्परागत ऊर्जा माथिको निर्भरतालई कम गर्ने उद्देश्यले नेपाल सरकारले २०५३ सालमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना गरेको हो । स्थापना पश्चात् केन्द्रले नेपालका ग्रामीण क्षेत्रमा विभिन्न दातृ निकायहरूको समेत सहयोगमा सौर्य ऊर्जा, लघुजलविद्युत, जैविक ऊर्जा प्रविधि (बायोग्यास, सुधारिएको चुलो, जैविक इन्धन, ब्रिकेट आदि) र वायु ऊर्जाको प्रवर्द्धन गर्दै आईरहेको छ ।

केन्द्रले सञ्चालन गरेका विविध कार्यक्रमहरूमध्ये जैविक ऊर्जा सहयोग कार्यक्रम पनि एउटा महत्वपूर्ण कार्यक्रम हो । यस कार्यक्रमले नेपालका हिमाली, पहाडी र तराईका जिल्लाहरूलाई समेट्दै माटोको तथा फलामे सुधारिएको चुलो प्रवर्द्धन गर्न सफल भएको छ । सार्वजनिक नीजि साझेदारी अवधारणा अनुसार स्थानीय निकाय तथा गैरसरकारी संस्था र नीजि कम्पनीहरूको सहभागितामा कार्यक्रम कार्यान्वयन गरी केन्द्रले नेपालको ग्रामीण क्षेत्रमा ५ लाख भन्दा बढी सुधारिएको चुलो विस्तार गर्न सफल भएको हो । जसबाट नेपालका ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताले छिटो तथा सुलभ तरिकाबाट खाना पकाउने र कोठा तताउने सेवा पाउनुको साथै दाउराको खपतमा कमी ल्याई वन तथा वातावरण संरक्षण, घरभित्रको वायु प्रदूषणमा कमी, स्वास्थ्यमा सुधार जस्ता पक्षहरूमा फाइदा पुग्नुको साथै स्थानीय स्तरमा रोजगारीका अवसरहरूको सिर्जना भएको छ । विना अनुदान नै नेपालका मध्यपहाडी तथा तराईका जिल्लाहरूमा माटोको सुधारिएको चुलोको सफलतापूर्वक प्रवर्द्धन हुनु यस कार्यक्रमको सुन्दर पक्ष रहेको छ । तर सुधारिएको फलामे सुधारिएको चुलोमा भने नेपाल सरकारले दुईमुखे र तीनमुखेमा क्रमश : रू. २,७०० र रू. ४,००० अनुदान उपलब्ध गराउँदै आएको छ । केन्द्रको प्रगति समिक्षा र कार्यक्रमसँग संलग्न संघसंस्था र सरोकारवालाहरूको राय सुझावहरूको आधारमा अनुदान नीतिलाई पनि समय सापेक्ष संशोधन गर्दै जाने नीति रहेको छ । साथै सुधारिएको चुलोबाट ऊर्जा खपतमा कमी आई कार्बन उत्सर्जनमा न्यूनीकरण भई वातावरण मैत्री ऊर्जा समेत प्राप्त हुने हुँदा यस कार्यक्रम स्वच्छ विकास संयन्त्र (CDM) मा दर्ता गर्ने क्रममा रहेको छ । जसबाट भविश्यमा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट जुटाउन समेत सहयोग पुग्नेछ ।

केन्द्रबाट नेपाल सरकार, दातृ निकाय, स्थानीय निकाय, जिविस, गाविस र गैरसरकारी संस्थाहरूको साझेदारीमा सञ्चालित यो कार्यक्रमले ग्रामीण क्षेत्रको विकासमा टेवा पुऱ्याएको छ । यसै सन्दर्भमा सुधारिएको चुलो कार्यक्रमको अनुभवहरूलाई प्रतिबिम्बित गरी तयार पारिएको प्रस्तुत सुधारिएको चुलो प्रवर्द्धन सम्बन्धी सफलताका कथाहरू प्रकाशन गर्न पाउँदा हामीलाई खुसी लागेको छ । सदाका लागि संग्रहणीय हुनेछ । केन्द्रले सञ्चालन गरेको ग्रामीण विकासको यो प्रयासमा सक्रिय सहभागी भई सफल कार्यान्वयनमा सहयोग गर्नु हुने दातृ निकाय, सरकारी, गैह्रसरकारी तथा निजि क्षेत्रका सम्पूर्ण साझेदार संस्थाहरू लगायत यसमा संलग्न सम्पूर्ण निकायहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सुधारिएको चुलो कार्यक्रम कार्यावन्यनका सिलसिलामा भएको विविध पक्षलाई समेटेर एक संग्रहणीय पुस्तिकाको रूपमा प्रकाशन गर्ने क्रममा प्रकाशन सामाग्री उपलब्ध गराई दिनु भएकोमा सम्बन्धित साझेदार संस्थाहरू, सामाग्री सङ्कलनकर्ताहरू, सफलताको कथाको लागि सुधारिएको चुलो प्रवर्द्धन तथा प्रयोग सम्बन्धी सफल अनुभव साट्नुहुने चुलो प्रवर्द्धक, उद्यमी, प्रयोगकर्ताहरूलाई धन्यवाद दिंदै भविश्यमा पनि निरन्तर सफलताको लागि कामना गर्दछु । प्रकाशन कार्यमा संलग्न भई विभिन्न राय सुझव सहित यो सफलताको कथाहरूलाई अन्तिम रूप दिन योगदान पुऱ्याएकोमा जैविक ऊर्जा सहयोग कार्यक्रमका सहायक कार्यक्रम अधिकृत दीपक पौडेललाई धन्यवाद दिन चाहन्छु साथै यस पुस्तिका प्रकाशनको लागि विभिन्न रूपबाट योगदान पुऱ्याउनु हुने जैविक ऊर्जा सहयोग कार्यक्रममा संलग्न सम्बन्धित कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रा. डा. गोविन्द राज पोखरेल
कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# मन्तव्य

ऊर्जा क्षेत्र सहयोग कार्यक्रम नेपाल सरकार र डेनमार्क सरकारको संयुक्त सहयोगमा सन् १९९९ देखि सञ्चालन हुँदै आएको छ । तत्कालीन परिस्थितिमा नेपालको ग्रामीण तथा नवीकरणीय ऊर्जा क्षेत्रमा आउँदो २० वर्षभित्र दिगो उपलब्धी हासिल गर्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन भएको हो । ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको पहिलो चरणको अवधिमा यस कार्यक्रमबाट करीब १५ लाख ग्रामीण जनता लाभान्वित भए जसबाट भविश्यमा अगाडि बढ्नको लागि दरिलो आधारशिला खडा भयो ।

ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको दोस्रो चरणमा करीब १० लाख घरधुरीलाई ऊर्जासेवा पुऱ्याउने लक्ष्य रहेको छ । ग्रामीण क्षेत्रमा स्वच्छ, सस्तो तथा भरपर्दो ऊर्जाको उपलब्धताबाट स्वास्थ्यमा सुधार, गुणस्तरीय शिक्षा तथा गरीबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । यस कार्यक्रमले ग्रामीण क्षेत्रको विकासको माध्यमबाट नेपालमा जारी शान्ति प्रक्रियालाई दीगो बनाउन मद्दत पुऱ्याइरहेको छ ।

ऊर्जा क्षेत्र सहयोग कार्यक्रम अन्तर्गत दोस्रो चरणमा सञ्चालित विभिन्न इकाईहरूमध्ये जैविक ऊर्जा सहयोग कार्यक्रम पनि एक हो । यस इकाईले नेपालका सबै भौगोलिक क्षेत्रमा वातावरणमैत्री तथा कार्यदक्षतायुक्त सुधारिएको चुलो सफलतापूर्वक प्रवर्द्धन गरिरहेको छ । हालसम्म यस जैविक ऊर्जा इकाई अन्तर्गत ५ लाख भन्दा बढी सुधारिएको चुलो विस्तार भइसकेको छ, जसबाट स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना, घरभित्रको वायु प्रदूषण न्यूनीकरण तथा ग्रामीण जनताको स्वास्थ्यमा सुधार ल्याउनमा मद्दत पुगेको छ । यसै सन्दर्भमा दशकौंदेखि सञ्चालित यस कार्यक्रमको प्रभावकारितालाई प्रस्तुत गर्ने उद्देश्यले यो "सुधारिएको चुलो प्रवर्द्धन सम्बन्धी सफलताको कथाहरू" प्रकाशन गरिएको हो ।

प्रस्तुत प्रकाशनले सुधारिएको चुलो प्रवर्द्धक/स्टोभ मास्टर तथा प्रयोगकर्ताको सफल अनुभवबारे जानकारी उपलब्ध गराउनेछ । यस सफलताको कथाले सम्भावित चुलो प्रयोगकर्ताहरूलाई पनि सुधारिएको चुलो निर्माण गर्न हौसला प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस पुस्तक प्रकाशन गर्नमा महत्वपूर्ण योगदान पुऱ्याउनुहुने जैविक ऊर्जा इकाईका सम्पूर्ण कर्मचारीहरू विशेष गरी प्रबन्धक करूणा बज्राचार्य, सहायक कार्यक्रम अधिकृत दीपक पौडेल तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका वरिष्ठ तालिम अधिकृत तथा केन्द्रबाट यस कार्यक्रममा संलग्न नवराज ढकाललाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, जैविक ऊर्जा क्षेत्रमा क्रियाशिल सम्पूर्ण सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु ।

निल्स जुल थोम्सन
प्रमुख सल्लाहकार
ऊर्जा क्षेत्र सहयोग कार्यक्रम

# भूमिका

विशेषगरी महिला तथा बालबालिकामा धुवाँजन्य रोगको जोखिम न्यूनीकरण गरी ग्रामीण जनताको स्वास्थ्य तथा पोषणको स्तर सुधारमा प्रत्यक्ष योगदान वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको अन्तर्गत जैविक ऊर्जा सहयोग कार्यक्रम कार्यान्वयन भईरहेको छ । सन् १९९९ बाट शुरु भएको यस कार्यक्रम अन्तर्गत हालसम्म घरायसी माटोको सुधारिएको चुलो, संस्थागत चुलो, फलामे सुधारिएको चुलो समेत गरी **५ लाख भन्दा बढी सुधारिएको चुलो** जडान भइसकेको छ र वार्षिक १ लाखभन्दा बढी चुलो निर्माण भईरहेको छ ।

कार्यक्रमले नेपालका पहाडी, मध्यपहाडी तथा तराईका जिल्लाहरूमा प्रत्यक्ष अनुदानबिना नै सुधारिएको चुलो विस्तार गर्न सफल भएको छ । यसको मुख्य आधार भनेको मागमा आधारित भएर गुणस्तरीय सेवा प्रदान गर्नु हो । स्थानीय स्तरमा ग्रामीण जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गरिरहेका सामुदायिक संस्था, गैरसरकारी, सरकारी र स्थानीय निकाय मार्फत कार्यान्वयन हुन्छ भने साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै विकेन्द्रीकृत अवधारणा अनुसार सचेतना क्रियाकलाप मार्फत माग सिर्जनामा सघाउ पुऱ्याउँछ । यस्तै कार्यक्रमले स्थानीय साझेदार संस्था मार्फत तालिम दिईएका प्रवर्द्धक/स्टोभ मास्टरहरूमार्फत सुधारिएको चुलो जडान, प्रभावकारी सूचना, गुणस्तरीय अनुगमन तथा मर्मतसम्भार सेवा प्रदान गरी ग्रामीण भेगका सर्वसाधारण तथा विपन्न वर्गसम्म पहुँच पुऱ्याएको छ ।

प्रस्तुत "सुधारिएको चुलोका कथाहरू" जैविक ऊर्जा सहयोग कार्यक्रममा आबद्ध भएर सुधारिएको चुलो प्रवर्द्धन तथा उपभोग कार्यमा लागिरहेका विभिन्न जिल्लाका ४० भन्दा बढी चुलो प्रवर्द्धक/स्टोभमास्टर तथा प्रयोगकर्ताहरूको अनभुवहरूलाई समेटेर तयार पारिएको हो । जैविक ऊर्जा सहयोग कार्यक्रमका क्रियाकलापहरूको सफलता तथा यसको सफल प्रयोग र प्रवर्द्धनलाई प्रतिविम्बित गर्ने यी सफलताका कथाहरूले चुलो प्रवर्द्धक/स्टोभमास्टर तथा उपभोक्ताहरूलाई सुधारिएको चुलोको विस्तार तथा प्रयोग गर्नमा अझ उत्प्रेरित गर्नेछ भन्ने कार्यक्रमको सोच रहेको छ ।

यी सफलताको कथाहरू २०६७/६८ को अवधिमा जिल्ला/क्षेत्रीय साझेदार संस्थाहरू मार्फत सङ्कलन गरिएका हुन् । प्राप्त जानकारी तथा तथ्याङ्कहरू जस्ताको तस्तै प्रकाशित गरिएका छन् । यो पुस्तक तयार पार्ने क्रममा जिल्लाबाट कथाहरू सङ्कलन, सूचना तथा जानकारीहरू अध्यावधिक तथा प्रकाशन कार्यमा विशेष योगदान दिनु भएकोमा यस कार्यक्रमका सहायक कार्यक्रम अधिकृत श्री दीपक पौडेललाई धन्यवाद दिन चाहन्छु । साथै जैविक ऊर्जा सहयोग कार्यक्रमका अन्य कर्मचारीहरू, क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्रहरू, स्थानीय/जिल्ला साझेदार संस्थाहरू तथा सोसँग आवद्ध कर्मचारीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । अन्तमा सुधारिएको चुलो प्रवर्द्धनमा उदाहरणीय कार्य गरी सफलताको मार्गमा अग्रसर प्रवर्द्धक/स्टोभ मास्टर, सामाजिक परिचालक तथा स्वयं प्रयोगकर्ताहरू पनि धन्यवादका पात्र हुनुहुन्छ ।

सफलताको कथा प्रकाशन हाम्रो पहिलो प्रयास हो । यसमा भएका कमी कमजोरीहरूलाई सहज रूपमा लिनु हुनेछ र आगामी दिनमा यसको गुणस्तर सुधार र यस्तै किमिसमा प्रकासनको लागि सम्बन्धित सबैको सल्लाह-सुझावहरू हाम्रो लागि अमूल्य रहने छ ।

जैविक ऊर्जा सहयोग कार्यक्रम
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम

# विषय सूची


| | | |
|---|---|---|
| | मन्तव्य | १ |
| | मन्तव्य | २ |
| | भूमिका | ३ |
| | जैविक ऊर्जा सहयोग कार्यक्रम | ५ |
| | सुधारिएको चुलो | ७ |
| १ | सुधारिएको चुलोजीविकोपार्जनमा सहयोगी | ११ |
| २ | काममा ईच्छा शक्ति र ईमान्दारी भएमा सफल हुन सकिन्छ | १३ |
| ३ | महिला स्वास्थ्यकर्मी पनि सुधारिएको चुलो प्रचारक | १५ |
| ४ | सुधारिएको चुलोले ल्यायो रमाको जीवनमा परिवर्तन | १७ |
| ५ | सुधारिएको चुलो विस्तार गर्दै भंगियादेवी | १८ |
| ६ | सीप र जाँगर भए कसैसँग हात फिँजाउन पर्दैन | १९ |
| ७ | समूहबाटै निर्णय गरी घरघरमा सुधारिएको चुलो बनाए | २१ |
| ८ | बोल्न र सुन्न नसके पनि … | २२ |
| ९ | सुधारिएको चुलो सहारा बन्यो पूर्णको | २३ |
| १० | सुधारिएको चुलो राम्रोः सुखी परिवार हाम्रो | २४ |
| ११ | अर्कै भएको छ भान्छाको जीवन | २५ |
| १२ | मेरो जिन्दगीको लागि ठूलो औषधीसुधारिएको चुलो | २६ |
| १३ | सुधारिएको चुलोले ग्यासको खर्चमा बचत | २८ |
| १४ | सुधारिएको चुलोले गरेको भलो | २९ |
| १५ | सुधारिएको चुलोले ग्यास चुलोलाई विस्थापित गर्‍यो! | ३१ |
| १६ | "ल्यायो चुलोले परिवर्तन" | ३३ |
| १७ | धुवाँरहित गाविस बनाउनमा योगदान | ३४ |
| १८ | धुवाँरहित भान्छायुक्त नमुना गाउँ, बोहोरागाउँ | ३५ |
| १९ | धुवाँरहित भान्छायुक्त जिल्ला हुँदैछ, भोजपुर | ३८ |
| २० | सुधारिएको चुलोको शक्ति : धूलो र धुवाँबाट मुक्ति | ३९ |
| २१ | थिए शिक्षक, तालिम लिएर भए प्रवर्द्धक | ४० |
| २२ | तालिम हेर्न गएका अर्जुन आफैं प्रवर्द्धक बने, ज्यालाबाट बचाएको रकमले भैंसी किने | ४१ |
| २३ | डकर्मीबाट सुधारिएको चुलो प्रवर्द्धक | ४२ |
| २४ | कृषिबाट भन्दा सुधारिएको चुलोमा बढी फाइदा | ४३ |
| २५ | सामाजिक परिचालकबाट प्रवर्द्धक र संस्थाको अध्यक्ष | ४४ |
| २६ | वातावरण, व्यवसाय र जीविकोपार्जनमा सहयोगीः सुधारिएको चुलो | ४५ |
| २७ | सुधारिएको चुलोबाट लघु उद्यमको विकास र विस्तार | ४६ |
| २८ | सिलिण्डर ग्यास होइन, अब संस्थागत सुधारिएको चुलो | ४७ |
| २९ | सीप सिकौं, जीवन सुधारौं | ४९ |
| ३० | नेपालमै माटो समाई, मलेसियाको भन्दा बढी कमाई | ५० |
| ३१ | रोजगारीको अवसर सिर्जना गरेको छसुधारिएको चुलोले | ५१ |
| ३२ | गाउँका सान्दाइ तर चुलोका ठूल्दाइ | ५३ |
| ३३ | धर्मको धर्मनै सुधारिएको चुलो | ५४ |
| ३४ | सफल प्रवर्द्धक कृष्णबहादुर भूजेल | ५५ |
| ३५ | पेशाहरूको उपयुक्त विकल्प सुधारिएको चुलो | ५६ |
| ३६ | भनिन्छ संर्घष नै जीवन हो | ५७ |
| ३७ | उद्यमी बनायो सुधारिएको चुलोले | ५८ |
| ३८ | सुधारिएको चुलोबाट इज्जत र दाम दुबै | ५९ |
| ३९ | सुधारिएको चुलोबाट सामाजिक प्रतिष्ठा | ६० |
| ४० | चुलोको नियमित सम्भार, जीवनस्तरमा सुधार | ६१ |
| ४१ | सुधारिएको चुलो बनाउने आफ्नै तरिका | ६२ |

# जैविक ऊर्जा सहयोग कार्यक्रम

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको जैविक ऊर्जा सहयोग कार्यक्रमले ग्रामीण जनताको स्वास्थ्य तथा पोषणको स्तर सुधार गर्नमा तथा विशेषगरी महिला तथा बालबालिकालाई धुवाँजन्य रोगको जोखिम न्यूनीकरण गर्नमा प्रत्यक्ष योगदान पुऱ्याइरहेको छ । यसको साथै यसले गरिबी न्यूनीकरणमा, उत्पादनमूलक कार्यको लागि समयको बचत गर्नमा तथा दाउराको खपतमा कमी ल्याएर वातावरण सुधारमा पनि योगदान पुऱ्याइरहेको छ । सन् १९९९ बाट शुरू भएको यस कार्यक्रम अन्तर्गत हालसम्म घरायसी माटोको सुधारिएको चुलो, संस्थागत चुलो, फलामे सुधारिएको चुलो समेत गरी **५ लाख भन्दा बढी सुधारिएको चुलो** विस्तार भइसकेको छ । यस कार्यक्रम अन्तर्गत प्रतिवर्ष १ लाखभन्दा बढी चुलो निर्माण भईरहेको छ ।

यस कार्यक्रमले नेपालका मध्यपहाडी तथा तराईका जिल्लाहरूमा प्रत्यक्ष अनुदानबिना नै सुधारिएको चुलो विस्तार गर्न सफल भएको छ । मागमा आधारित रहनु नै यस कार्यक्रमको मौलिकता र सफलताको आधार हो । केन्द्रीय र स्थानीय स्तरमा गैरसरकारी तथा सरकारी निकाय मार्फत कार्य गरिनु, तिनीहरूको क्षमता अभिवृद्धि गर्नु तथा उनीहरूद्वारा विकेन्द्रीकृत अवधारणा अनुसार माग सिर्जनाको लागि पर्याप्त सचेतना कार्यक्रम सहित दक्षतापूर्वक कार्य गर्न अनुमति प्रदान गर्नु यस कार्यक्रमको सफलता मापन गर्ने आधारहरू हुन् । यस कार्यक्रमले स्थानीय साझेदार संस्था, प्रवर्द्धक/स्टोभ मास्टरहरूमार्फत सुधारिएको चुलो जडान, प्रभावकारी सूचना, गुणस्तरीय अनुगमन तथा मर्मत सम्भार सेवा प्रदान गरी ग्रामीण भेगका सर्वसाधारण तथा विपन्न वर्गसम्म कार्यक्रमको पहुँच पुऱ्याएको छ ।

हाल कार्यक्रम लागू भइरहेका मध्यपहाडी जिल्लाहरूमा ताप्लेजुङ्, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्, उदयपुर, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रे, काठमाडौं, भक्तपुर, ललितपुर, रसुवा, नुवाकोट, धादिङ्, मकवानपुर, तनहुँ, गोरखा, लमजुङ्, नवलपरासी, बागलुङ्, पर्वत, म्याग्दी, कास्की, पाल्पा, गुल्मी, स्याङ्जा, अर्घाखाँची, सुर्खेत, दैलेख, जाजरकोट, कालिकोट, रूकुम, रोल्पा, सल्यान, प्युठान, दाङ्, बझाङ्, बाजुरा, अछाम, दार्चुला, डोटी, डडेलधुरा, बैतडी, कैलाली रहेका छन् । मध्यपहाडी क्षेत्रको दशकौंको निरन्तरता तथा सफलतापछि यो कार्यक्रमलाई सन् २०१० को जुलाई महिनादेखि तराईका १३ जिल्लाहरूमा पनि सञ्चालन गरिएको छ । कार्यक्रम लागू भएका जिल्लाहरूमा सुनसरी, झापा, पर्सा, बारा, सिरहा, रौतहट, रूपन्देही, कपिलवस्तु, कैलाली र कञ्चनपुर महोत्तरी, धनुषा र बर्दिया रहेका छन् । यस कार्यक्रमले विपन्न तथा सिमान्तकृत ग्रामीण महिलाहरूलाइ सुधारिएको चुलो निर्माणमा सहभागिता गराई ग्रामीण भेगमा लैङ्गिक तथा गरिबीको मुद्दालाई सम्बोधन गर्न पनि सफल भएको छ ।


सुधारिएको चुलो प्रवर्द्धनमा १५ वटा सेवा प्रदायक संस्थाहरू सहभागी छन् । क्षेत्रीय स्तरमा देशको विभिन्न भागमा छरिएर रहेका ती सेवा प्रदायक संस्थाहरूलाई क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र भनिन्छ । कार्यक्रमको लक्ष्य प्राप्तिमा यी क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्रहरूको भूमिका धेरै महत्त्वपूर्ण हुन्छ । विद्यमान सञ्जाललाई उपयोग गरी सुधारिएको चुलो तथा अन्य जैविक ऊर्जा प्रविधिहरूको थप विस्तार तथा प्रवर्द्धन गर्नु नै कार्यक्रमको प्रमुख जोड रहेको छ । स्थानीय स्तरमा कार्यान्वयनका लागि उपयुक्त

स्थानीय संस्था जस्तै क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र तथा सो क्षेत्रका अन्य उपयुक्त संघसंस्थाहरूलाई पूर्ण रूपमा हस्तान्तरण गरिएको छ । विकेन्द्रीकृत अवधारणा अन्तर्गत जिल्लामा अवस्थित साझेदारहरूको विद्यमान सञ्जालसँग समन्वय गरी जैविक ऊर्जा/प्राकृतिक स्रोतको प्रभावकारी उपयोग गर्नको लागि योजना बनाउने तथा ती योजनालाई जिविसको आवधिक योजनामा समावेश तथा जडित जैविक ऊर्जा प्रविधिहरूको आवश्यक अनुगमन गर्नको लागि जिविस/जिल्ला ऊर्जा तथा वातावरण इकाईको प्रमुख भूमिका रहने छ । स्थानीय गैर सरकारी संस्था, निजी क्षेत्र/सेवा प्रदायकहरूको यस इकाईका क्रियाकलापहरू कार्यान्वयनको लागि सहजीकरण गर्नमा प्रमुख भूमिका रहन जान्छ । त्यसैगरी जिल्लास्थित गैरसरकारी संस्था, समुदायमा आधारित संस्था, स्थानीय साझेदार संस्थाहरू ले स्थानीय स्तरका क्रियाकलापहरूको कार्यान्वयन गरिरहेका छन् ।

यस कार्यक्रमको प्रमुख दातृ निकायको रूपमा डेनमार्क, नर्वे र नेपाल सरकार रहेका छन् । कार्यक्रमको आर्थिक सहयोग प्रणालीमा प्रत्येक क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्रहरूले गर्ने कार्यक्रमको क्रियाकलाप अन्तर्गतको लागत तथा कार्यक्रममा संलग्न कर्मचारीहरूको तलब समावेश रहेको हुन्छ । यो कार्यक्रम कार्यान्वयनको अप्रत्यक्ष लागत हो । अन्तिम उपभोक्ताहरूले चुलो निर्माणको लागि कुनै लागत प्राप्त गर्ने छैनन् । चुलो निर्माणको लागि कार्यक्रमद्वारा तालिम प्रदान गरिएका प्रवर्द्धकहरूले चुलो जडान गरे बापत चुलो प्रयोगकर्ताबाट जडानको लगत लिने गर्दछन् ।

नेपालको पहाडी, मध्यपहाडी तथा तराईका जिल्लामा घरायसी माटोको सुधारिएको चुलो प्रवर्द्धनको लागि प्रत्यक्ष अनुदानको व्यवस्था नभए तापनि फलामे सुधारिएको चुलोको लागि भने सरकारले अनुदानको व्यवस्था गरेको छ । नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान व्यवस्था, २०६६ र नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६६ (प्रथम संशोधन २०६८ सहित)मा उल्लेख भए अनुसार उच्चपहाडी भेगका लागि फलामे चुलोमा अनुदानको व्यवस्था गरिएको छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा परिचालित हुने यस अनुदान कार्यक्रमको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम अन्र्तगत जैविक ऊर्जा सहयोग कार्यक्रमले उच्च पहाडी भेगको लागि खाना पकाउने तथा कोठा तताउने प्रयोजनको निम्ति वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तोकेको मापदण्ड अनुसारको दुईमुखे फलामको चुलोमा रू. २,७०० र तीनमुखे फलामको चुलोमा रू. ४,००० अनुदान दिइने प्रावधान रहेको छ । फलामे चुलो निर्माण तथा जडान गर्नको लागि देशका विभिन्न भागमा मान्यताप्राप्त ३२ वटा कम्पनी रहेका छन् ।

कार्यक्रम कार्यान्वयन ढाँचा



# सुधारिएको चुलो

## परिचय


विशेषगरी माटोको सुधारिएको चुलो एक सरल, सस्तो, सहज र व्यापक प्रयोगमा आइरहेको तथा दाउरा किफायत गरी घरभित्रको धुवाँ प्रदूषणमा कमी ल्याउनको लागि विकसित प्रविधि नै सुधारिएको चुलो हो । यसमा दाउरालाई राम्ररी बाल्न र धुवाँ बाहिर पठाउन चिम्नीको व्यवस्था गरिएको हुन्छभने आगोको ताप खेर जान नदिन विशेष सतर्कता अपनाइन्छ । यसले गर्दा दाउराको खपतमा करिव एक तिहाई कम गर्दछ भने धुवाँलाई धेरै हदसम्म नियन्त्रण गर्दछ ।

नेपालमा खाना पकाउनको लागि दाउरा, गुईंठा, छ्वाली, मकैको ढोड, कृषिजन्य अवशेषलाई सिधै बाल्ने चलन छ । गाउँघरतिर प्रयोग भईरहेका ढुङ्गा, माटो वा ओदानबाट बनेका परम्परागत चुलोहरूमा आगो खेर जान्छ, बढी दाउरा खपत हुन्छ र अत्यधिक मात्रामा घरभित्रको वातावरण प्रदूषित हुन्छ । यसबाट सबैभन्दा बढी खाना पकाउन र दाउरा सङ्कलन गर्ने प्रमुख जिम्मेवारी बोकेका महिलाहरू र उनीहरूसँगै बढी समय बिताउने बालबालिकालाई प्रभाव पर्दछ । बालमृत्युदर तथा मातृमृत्युदरमा घरभित्रको वायु प्रदूषण एउटा प्रमुख कारण हो । त्यसैगरी धुवाँ उत्सर्जन र वन-विनासबाट वायुमण्डलमा कार्बनको मात्रा वृद्धि हुन गई वातावरणमा प्रतिकूल असर पर्छ । अस्सी प्रतिशत भन्दा बढी भान्छामा खाना पकाउन दाउराको प्रयोग हुने नेपालमा, वनजङ्गल संरक्षण र महिला तथा बालबालिको स्वास्थ्य सुधारको लागि प्रदूषणमुक्त भान्छा अनिवार्य तर चुनौतिपूर्ण काम हो ।

## माटोको सुधारिएको चुलोको प्रकार

परिवार संख्या र आवश्यकताको आधारमा निम्न प्रकारका घरायसी सुधारिएको चुलो निर्माण गर्न सकिन्छ ।

१. एकमुखे सुधारिएको चुलो
२. दुईमुखे सुधारिएको चुलो (समान तथा फरक सतह)
३. तीनमुखे सुधारिएको चुलो (समान तथा फरक सतह)
४. बहुउद्देश्यीय चुलो (एकमुखे र दुईमुखे जोडिएको)
५. रकेट चुलो



# सुधारिएको चुलोको फाइदाहरू

### स्वास्थ्यमा प्रभाव

१. घर भित्रको धुवाँ प्रदूषण घटाउँछ र धुवाँबाट लाग्ने विभिन्न रोगहरू : निमोनिया, दम, फोक्सोको क्यान्सर, मुटुरोग, आँखाको रोग जस्ता अनेक रोगहरूमा कमी ल्याउँछ ।
२. आगलागीको जोखिम कम हुन्छ ।

### वातावरणीय फाइदा

१. दाउराको खपत कम हुन गई वन विनास कम गराउँछ ।
२. हरित गृह ग्यास उत्सर्जनमा कमी ल्याउँछ ।
३. स्थानीय स्रोत साधनको समुचित प्रयोग हुने हुनाले स्थानीय अर्थतन्त्रमा योगदान पुऱ्याउँछ ।
४. भान्छाको वातावरण स्वच्छ राख्न सघाउ पुऱ्याउँछ ।

### आर्थिक फाइदा

१. महिलाहरूको बचत भएको (पकाउने र दाउरा सङ्कलन गर्न लाग्ने) समयलाई अन्य आयमूलक क्रियाकलापमा उपयोग गर्न सकिने ।
२. चुलो जडान गरे बापत चुलो प्रयोगकर्ताहरूले चुलो निर्माणकर्तारूलाई मौद्रिक वा गैरमौद्रिक रूपमा पारिश्रमिक प्रदान गर्दछन् जसले गर्दा निर्माणकर्तालाई एक उद्यमीको रूपमा स्थापित गर्दछ र ग्रामीण भेगमा स्वरोजगारको अवसर सिर्जना हुन्छ ।
३. इन्धन आयात गर्न लाग्ने खर्च घटाउँछ ।
४. धुवाँजन्य रोगको कमीले स्वास्थ्य उपचार खर्च बच्छ । घरभित्रको धुवाँमा पाइने हानीकारक (दम, खोकी, आँखा पोल्ने, क्यान्सरका कारक) तत्त्वहरू धुलाका कण ६५ प्रतिशत र कार्बोन मोनोअक्साइड ६२ प्रतिशतले घटाउने पाइएको छ ।

### लैङ्गिक फाइदा

१. महिलाहरूको खाना पकाउन तथा दाउरा सङ्कलन गर्न लाग्ने कार्यबोझ घटाउँछ ।
२. महिलाहरूमा धुवाँजन्य रोग लाग्न कमी हुन्छ ।
३. सुधारिएको चुलोको प्रयोगबाट भान्छाको वातावरण स्वच्छ हुने कारणले खाना पकाउने कार्यमा पुरूष सहभागितामा वृद्धि हुन्छ ।

# माग सिर्जना विधि

१. पोष्टर, पर्चा आदि सुचना तथा सञ्चार सामग्रीको प्रभावकारी वितरणको माध्यमबाट व्यापक जनचेतना अभिवृद्धि ।
२. आधारभूत तथा आवश्यकता पहिचान सर्भेक्षण ।
३. अभिमुखीकरण तथा प्रदर्शनी ।
४. व्यक्तिगत तथा सामुहिक भेटघाट ।
५. विद्यालयतहमा समय-समयमा सुधारिएको चुलोसम्बन्धी कार्यक्रमको विचार, विमर्श तथा अन्तरक्रिया वा अन्य यस्तै प्रचारात्मक अभियान ।

## सुधारिएको चुलोको विशेषता तथा यसले सिर्जना गर्ने अवसरहरू

- सुधारिएको चुलोबाट भएको लाभहरूमा दाउरा खपतमा कमी आएको (अनुमानित २५ देखि ४० प्रतिशत सम्म दाउरा बचत भएको), परिवार तथा समुदायमा धुवँजन्य रोगहरूमा कमी आएको, घरायसी ऊर्जा खपतको लागि वनजंगलमाथिको निर्भरतामा कमी ल्याइ वातावरण ह्रासमा कमी आएको, खाना पकाउने, दाउरा सङ्कलन गर्ने समय बचत हुनको साथै ग्रामीण महिलाहरूको कार्यबोझ घटेको पाइएको छ ।
- सुधारिएको चुलो ग्रामीण भेगको विकासको लागि महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको यसमा संलग्न विभिन्न संघ संस्था तथा दातृ निकायहरूको प्रतिक्रियाबाट पुष्टि भएको छ ।
- सुधारिएको चुलो प्रवर्द्धन गर्न गठित संघ संस्थाहरूलाई सरकारले प्रोत्साहित गरेको छ ।
- यो कार्यक्रम मुख्य रूपमा ग्रामीण महिलाहरूमा केन्द्रीत रहेको छ र यसले स्थानीय स्तरमा क्षमता अभिवृद्धि गराउने छ ।
- चुलो जडान गरे बापत चुलो प्रयोगकर्ताहरूले चुलो प्रवर्द्धकहरूलाई मौद्रिक वा गैरमौद्रिक रूपमा पारिश्रमिक प्रदान गर्दछन्, जसले गर्दा प्रवर्द्धकलाई एक उद्यमीको रूपमा स्थापित गरेको छ र ग्रामीण भेगमा स्वरोजगारको अवसर सिर्जना भएको छ ।
- सुधारिएको चुलो कार्यक्रमको कार्यान्वयन लचिलो रहेको छ अर्थात् यसलाइ विभिन्न सरकारी, गैरसरकारी तथ अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको कार्यक्रमसँग पनि साझेदारी गर्न सकिन्छ ।
- भान्छाको वातावरणमा सुधार आउनाले केटाकेटीहरूले घरभित्र स्वच्छ वातावरणमा पढ्न पाउँछन् ।
- ग्रामीण भेगमा धुवाँजन्य रोग उल्लेख्य रूपमा घटेको छ । जैविक ऊर्जा सहयोग कार्यक्रमले गरेको अध्ययन अनुसार माटोको सुधारिएको चुलो घरभित्रको धुवाँमा पाइने हानीकारक (दम, खोकी, आँखा पोल्ने, क्यान्सरका कारक) तत्त्वहरू धुलाका कण ६५ प्रतिशत र कार्बन मोनोअक्साइड ६२ प्रतिशतले घटाउने पाइएको छ ।
- हालसम्म ५ लाख भन्दा बढी चुलो निर्माण भइसकेको छ र यसको माग दिनप्रतिदिन बढ्दो दरमा रहेको पाइएको छ ।
- अति दुर्गमक्षेत्रमा बसोबास गर्ने मानिसहरूले समेत सुधारिएको चुलोबारेमा जानकारी पाइसकेका छन् र यसको सकारात्मक पक्षहरूको प्रभाव जतासुकै परिरहेको छ ।
- साझेदार संस्थाहरूको संस्थागत क्षमता उल्लेख्य रूपमा वृद्धि भएको छ ।
- महिलाहरू बचत भएको (पकाउने र दाउरा सङ्कलन गर्न लाग्ने) समयलाई अन्य आयमूलक क्रियाकलापमा उपयोग गरिरहेका छन् ।
- सुधारिएको चुलोको लागि सरकारी नीति पनि सहयोगी रहेको छ । जुन तपसिल बमोजिम रहेको छ :
  - जैविक ऊर्जा प्रविधिको प्रवर्द्धन, वितरण र अनुसन्धान कार्यमा निजी तथा गैरसरकारी क्षेत्रको संलग्नता ।
  - गुणस्तरीय जैविक ऊर्जा प्रविधिहरूको उपयोगबाट घरेलु वायु प्रदूषणमा कमी ल्याइ ग्रामीण घरधुरीको वातावरण स्वस्थ र धुवाँरहित बनाउने स्पष्ट खाका हुनु ।
  - जैविक ऊर्जा सहयोग कार्यक्रमलाई अन्य ग्रामीण विकासका कार्यक्रमहरूसँग एकीकृत गर्नु ।

## सबै प्रकारका सुधारिएको चुलो बनाउँदा सम्झनुपर्ने अत्यावश्यक कुराहरू

१. परिवार संख्या हेरेर एकमुखे, दुईमुखे वा तीनमुखे बनाउने भनेर घरधनीसँग सल्लाह गर्नुपर्छ ।
२. चुलोको लागि इँटा बिच्छ्याउँदा भित्ताबाट २ इञ्च अगाडि बिच्छ्याउनु पर्छ । सो भागलाई बालुवा अथवा भुसले भर्ने । यसो गर्दा चुलोको ताप घरको गारोमा प्रसार हुन पाउँदैन र सम्पूर्ण ताप चुलोमै केन्द्रित हुन्छ ।
३. भाँडाको आकार अनुसारको भाँडो बसाल्ने प्वाल नापेर बनाउनु पर्छ ।
४. सामान्यतया दाउरा राख्ने मुखको चौडाइ ६ इञ्च र उचाइ ७ इञ्च राख्नुपर्छ । तर यसको साइज चुलोमा प्रयोग गरिने भाँडाको पिँधको व्यासमा निर्भर गर्दछ । सजिलोको लागि यदि भाँडाको साइज बढेमा भाँडो बसाल्ने प्वालको व्यास जति छ त्यसको आधा लम्बाइ राखी दाउरा राख्ने मुखको साइज बनाएमा उपयुक्त हुन्छ । उदाहरणको लागि भाँडो बसाल्ने मुखको व्यास १८ इञ्च छ भने दाउरा राख्ने मुखको लम्बाई ९ इञ्च राख्ने । उचाइको हकमा भने समान नै रहन्छ । यो नियम सबै प्रकारका चुलोको लागि लागू हुन्छ ।
५. चिम्नीको लागि इँटा बिच्छ्याउँदा सामान्यतया भित्तामै टाँसेर बिच्छ्याउनु पर्छ । तर यदि बाँसको भित्ता भएको खण्डमा चिम्नी पनि भित्ताबाट २ इञ्च छाडी सो भागमा माटोले भर्नुपर्छ । यसो गर्दा बाँस वा खरको घरमा आगलागिबाट हुने जोखिम न्यूनीकरण हुन्छ ।
६. प्रत्येक सल इँटा राख्दा दाउरा राख्ने मुखपट्टिको इँटाको भाग छड्के काटेर राख्नुपर्छ । यसो गर्दा दाउरा राख्ने मुखलाई गोलो बनाउन सजिलो हुन्छ ।
७. भाँडो बसाल्ने प्वालको चारै कुनामा इँटालाई लाम्चो तिरबाट छड्के काटेर एक/एक टुक्रा इँटा राख्ने । यसो गर्दा मुखलाई गोलो बनाउन सजिलो हुन्छ ।
८. ज्वलन कक्षबाट चिम्नीमा धुवाँ पठाउनको लागि ४ इञ्च चौडा बस्ने गरी इँट्टालाई छड्के वा सिधा काटेर धुवाँ जाने बाटो बनाउनु पर्छ ।
९. ब्याफल अर्थात् माटोको छेका सुधारिएको चुलोको महत्त्वपूर्ण भाग हो । यो आगोको तापलाई सिधै चिम्नीमा जानबाट छेकी दोस्रो मुखमा पर्याप्त ताप प्रदान गर्ने भाग हो । यो दोस्रो भाँडो बसाल्ने मुखको ठीक तलतिर राखिन्छ । ब्याफलको टुप्पो र भाँडाको पिँधबीचको दुरी १.५ देखि २ इञ्चसम्म हुनुपर्दछ ।
१०. चिम्नी आउटलेट अनिवार्य रूपमा राख्नुपर्छ । तर यसबाट निस्कने धुवाँमा बढी तातोपन तथा आगोको झिल्का पनि हुन सक्ने हुनाले बाँसको भित्ता तथा खरको छानो भएको घरमा आगलागी हुने सम्भावना हुन्छ । तसर्थ यसको प्रयोग गर्दा सावधानी अपनाउनुपर्छ ।

### सुधारिएको चुलोको प्रयोगकर्ताले ध्यान दिनुपर्ने कुराहरू

१. काँचो र ठूलो दाउरा प्रयोग गर्नु हुँदैन ।
२. हतार भयो भनेर नसुकेको चुलो प्रयोग गर्नु हुँदैन ।
३. सुधारिएको चुलोमा चम्का वा ढुङ्गा प्रयोग गर्नु हुँदैन ।
४. आगोको राप बाहिर ननिस्कने गरी चुलोको मुखमा मिल्ने भाँडाहरू बसाल्नुपर्दछ ।
५. दुईमुखे चुलोमा एउटा मुखमा मात्र खाना पकाउँदा पछाडिको मुख छोपेर पकाउनुपर्दछ अथवा पानी तताएर खेर गएको तापलाई उपयोगमा ल्याउन सकिन्छ ।
६. सुधारिएको चुलोमा चिम्नी निकास राख्नु आवश्यक छ । यदि चिम्नी निकास नराखिएमा घरको भित्तामा ध्वाँसो लाग्ने तथा आगलागीको डर हुने गर्दछ ।
७. चिम्नीको बिर्को खोलेर खाना पकाउनु हुँदैन ।

# सुधारिएको चुलो जीविकोपार्जनमा सहयोगी

कथा १

*चुलो बनाउन सचेतना जगाउँदै गाउँ पुग्दा उल्टै "एकल महिलाले जोडेको चुलो प्रयोग गर्दैनन् रे" भन्ने शब्दले थप मर्माहत भएपनि आफ्नो काममा निरन्तर लागेकी बागलुङ धम्जा-८ माझकटेरा निवासी मिना भण्डारीले संगठित रूपमा अघि बढ्दै समाजको सोचलाई परिवर्तन गरिन् । यसमा उनले कस्तो संघर्ष र अपहेलना सहनु पऱ्यो त ? उनकै शब्दमा ........*



"उसका बाउका झोसेर फाल्नी, पुत्ताएर बस्न खान दिएन ।" एकजना खाना पकाउन थाल्नु भएको दाइले आँखाभरी आँसु झार्दै र नाकबाट सिंगान चुहाउँदै बाहिर निस्केर पिंढीको डिलमा बसी माथिको भनाई व्यक्त गर्नुभयो । त्यो देखेर मलाई हाँसो र वैराग पनि लाग्यो । मैले त्यही बेला सोधि हालैँ- "दिदी कता जानु भयो र ?" "कुन्नी कता मोरिचे, यही बेलाँ बाहिर निस्केर अर्को लफाडा" । अनि मैले भनें "एक दिन पकाउनु पर्दा यस्तो आत्तिने, दिदीलाई रातदिन पकाउनु पर्दा कस्तो हुँदो हो नि दाइ ?" "आ' बैनी मलाई त ओदानसोदान मिल्काईदिनु झैं हुन्छ ।", दाइले फेरी थप्नुभयो । उक्त घटना २०६१ सालमा बागलुङ जिल्ला, भिमापोखरा गाउँको हो । म भने भखरै सुधारिएको चुलो प्रवर्द्धक तालिम सकेर गाउँमा चुलो बनाउने र सचेतना फैलाउने काममा हिँड्दै थिएँ । धुवाँले पिरलेका दाइ मसँग पनि त्यति राम्ररी बोल्नु भएन । उही "भालुको रिस खम्मामाथि" होला भनेर म पनि चुप बसें । दाइ फेरी आगो फुक्न भित्र पस्नुभयो ।

मेरो मनमा महिलाहरू प्रति भए गरेका सामाजिक दुर्व्यवहारहरू, असमानताहरू, लान्छनाहरूको कुराहरू खेल्न थाले । एकजना लोग्नेमान्छे आफैलाई खाना बनाउन आफ्नै घरको भान्सामा एकदिन पस्दा आफ्नी जीवन संगिनीलाई तथानाम गाली गर्नुपर्ने केले बनायो ? ओदानसोदान मिल्काएर के भान्साको पुत्ताउने समस्याको समाधान हुन्छ ? के पकाउने र खाने एक दिन मात्र हो र ? मान्छेले यति ठूलो घर बनाउन सक्छ भने एउटा राम्रो चुलो बनाउन सक्दैन ? महिलाहरू अशक्त हुँदा, कठिनाई र कहिलेकाहीं त्यस्तै असजिलो परिस्थिति पर्दा पुरूषले पनि त भान्सा गरेर घर परिवारलाई खुवाउनु पर्छ, कति दिन झगडा गरिरहने ? अनि किन हामीले चिटिक्कको सुधारिएको चुलो नबनाउने ? भान्सामा प्रयोग हुने चिज-बीज, मरमसला ठीक ठाउँमा मिलाएर नराखेर अनि आँटीभरी घुमेर, ढुँडेर नभेटेर बूढीलाई किन सराप्ने ? कति बेला भान्सामा जाऊँ र धुवाँरहित चुलोमा खाना पकाएर परिवारलाई हाँसीखुसी खुवाउँ भन्ने बेला अझै पनि मान्छेहरू अबुझ बनेर हैरानी किन खेपिरहेका छन् ? इत्यादि कुराहरू मेरो मनमा थिए । ति दाइलाई पनि मैले यिनै कुराहरू जोडेर धुवाँले मान्छेलाई रोगी बनाएको, रिस उठ्ने बनाएको, परिवारमा झगडा बनाएको, केटाकेटीलाई पढ्न नदिएर फेल बनाएको, धेरै कुराहरू सम्झाएँ । पछि त्यो घरकी दिदीलाई पनि सम्झाएँ । बल्ल सुधारिएको चुलो जडान गर्ने कुरा भयो तर मबाट नबनाएर अर्कै पुरूष प्रवर्द्धकबाट मात्रै चुलो बनाउने निर्णय गर्नुभयो । मैले धेरै बुझ्न खोजेपछि मात्र थाहा भयो, हामी जस्ता एकल महिलाले बनाएको चुलो उनीहरूले प्रयोग गर्दैनन् रे !

"एकल महिलाले जोडेको चुलो उनीहरूले प्रयोग गर्दैनन् रे !" जब मैले यी शब्दहरू सुनें, मेरो मनमा ती मानिसहरूप्रति असाध्यै ठूलो घृणा लाग्यो । ती मान्छेको निरीह विचारलाई सम्झेर टिठ लाग्यो । जुन

मान्छेले आफूले कस्तो ठाउँमा खाना पकाउने भन्ने कुरा सोच्न सकेको थिएन, त्यही मान्छेलाई सम्झाईबुझाई राम्रो जानकारी दिएर बाटो देखाउँदा फेरी पनि घुमीफिरी महिलाकै खिलापमा उत्रिरहेका थिए । त्यही पनि विधवा महिला, जो केही सीप सिकेर जाबो एउटा चुलो बनाउँदै छे । हौसला दिने कुरा परै जाओस् बाटो रोकिँदैछ । अनर्गल कु-प्रचार गरिँदैछ । हुनतः म यस्ता सयौं लान्छना र पीडालाई दिलमा पचाएर भुक्तभोगी भइसकेकी थिएँ ।

हामीलाई सुधारिएको चुलो प्रवर्द्धक तालिम क्षेत्रीय सेवा केन्द्र/धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र र भिमापोखरा युवा क्लव, बागलुङले दिएको हो । २०६१ सालमा सञ्चालित उक्त ७ दिन तालिम लिएर फर्केपछि विस्तारै चुलो जोड्न शुरू गरें । शुरूशुरूका दिनहरूमा माथि उल्लेख गरेझैं धेरै बाधा र चुनौतीहरू आइलागे । तर पनि संस्थाका साथीहरूको हौसला र सहयोगबाट विभिन्न गाउँमा चुलोहरू जडान गर्दै गएँ । हाम्रो बनाउने सीप पनि निखारिँदै गयो । अरू गाउँहरूमा पनि म जस्तै चुलो प्रवर्द्धकहरू हुनुहुन्छ । हामी सबै मिलेर जिल्लामा एउटा धौलागिरी प्रवर्द्धक संघ समेत बनायौं । अहिले हामी सोही संघमा आवद्ध भएर काम गरिरहेका छौं । क्षेत्रीय सेवा केन्द्रले पनि हामीलाई सहयोग गरिरहेको छ । मैले धम्जा, भिमापोखरा, पाला, विहुँ, रेश, तग्राम, सिंगना, लेखानी, बागलुङ नगरपालिका र म्याग्दीका विभिन्न गाविसहरूमा समेत करिब ६०० वटा सुधारिएको चुलो र करिब ५० वटा पानी तताउन मिल्ने चुलोहरू जडान गरिसकेकी छु । मैले राम्रोसँग चुलो जडान गरेकै कारणले अहिले मलाई टाढा-टाढाबाट पनि चुलो जडान गर्न बोलाइरहेका छन् । यसबाट मलाई खुसी लागेको छ । कुनै दिनको गलत भ्रमहरू चिरिदैं छन् । मान्छेहरू सचेत हुँदैछन् । चुलोले मेरो जीविकोपार्जनमा समेत सहज भएको छ भने आफ्नो एउटा सीपको विकास पनि भएको छ । चुलो प्रयोगकर्ताहरूलाई पनि धेरै सुविधा भएको छ ।

मैले गरेका कामहरूलाई हौसला दिने, बेला-बेलामा बैठक र भ्रमणहरू गराएर अनुभव आदानप्रदान गर्ने र देश दुनिया देखाउने, बुझाउने, संस्थाहरूको कामले पनि मलाई अगाडि बढ्न धेरै मद्दत मिल्यो । बाहिर घुम्दा, फिर्दा, सभा, बैठकहरूमा जाँदा, परिस्थितिलाई बुझ्न धेरै मौका मिल्दो रहेछ । हामीले जिल्लामा एकल महिलाहरूको एउटा समिति समेत गठन गरेर गोलबन्द हुँदैछौ । म सबै आदरणीय दाजुभाइ, दिदीबहिनीहरूलाई एकल महिलालाई सहयोग गर्न र विभिन्न अवसरहरूमा सहभागी र समावेश गरी जीविकोपार्जनमा सहयोग गरिदिनु हुन हार्दिकतापूर्वक आग्रह गर्न चाहन्छु । मलाई यस क्षेत्रमा अगाडि बढाउन सहयोग गर्ने डिसिआरडिसी-बागलुङ, भिमापोखरा युवा क्लव-बागलुङ, धौलागिरी चुलो प्रवर्द्धक संघ र यसमा कार्यरत साथीहरू जसले मलाई जीवनमा ठूलो गुण लगाउनु भएको छ उहाँहरूलाई म कहिल्यै पनि भुल्ने छैन, सँधै-सँधै सम्झिरहनेछु ।

# काममा ईच्छा शक्ति र ईमान्दारी भएमा सफल हुन सकिन्छ

कथा २

*वास्तवमा राम्रो काम गर्ने हातहरूलाई कसैले रोक्न सक्दैन, त्यसैले त बुढापाकाहरूले उखान राखेको छन्, "खाने मुखलाई जुँगाले छेक्दैन ।" साच्चैनै काम गर्ने ईच्छा भए समाधानका उपायहरू पनि भेटिने रहेछ । विमला नेपाली, एउटा दलित परिवारमा जन्मिएर पनि सामाजिक भेदभावलाई चिर्दै गाउँमा सुधारिएको चुलो प्रवर्द्धनमा सक्रिय छिन् । उनको सक्रियतामा कसरी सुधारिएको चुलो विस्तार भएको छ त ? जिल्ला नवीकरणीय ऊर्जा सेवा केन्द्र मेस्डो नेपाल कपिलवस्तुका जिल्ला संयोजक मनोजकुमार थापा लेख्छन् ...*

वि.सं. २०३५ मा बावुल कुमाल र शोभा नेपालीको कोखबाट जन्मिएकी, विमला नेपाली भारतको मेघालयमा जागिरको सिलसिलामा बुबाको आकस्मिक निधन भएपछि २ बहिनी, १ भाइ र आमाको साथमा २०४७ सालमा नेपाल आएर बसोबास गर्न थालिन् । कमाउने बुबाको निधन पछि घरमा आर्थिक सङ्कट थपिएको थियो । आमाले पनि सानोतिनो काम गर्दै जेनतेन उनलाई एसएलसीसम्म त पढाइन् तर अगाडि पढ्न सम्भव भएन । २०५१ मा नै प्रेमबहादुर नेपालीसँग वैवाहिक जीवनमा बाँधिएकी उनलाई त्यसपछि पनि दुःखले छोडेन । "सासुको पनि मृत्यु भएपछि श्रीमान् रोजगारीका लागि भारत गए, ज्यालामजदुरी गदै बालबच्चा पाल्नुपर्‍यो," विमला आफ्नो पारिवारिक अवस्था बताउँछिन् ।




२०५६ सालमा जिटिजेडको सहयोगमा गाउँमा समूह गठन भयो । उनी पनि त्यही समूहमा सहभागी भइन् र पछि समूहबाट ऋण निकाली श्रीमान्लाई घर बोलाएर जुत्ता पसल शुरू गरिन् । अहिले पनि त्यो पसल राम्रोसित चलिरहेको छ । २०६१ सालमा समूहमा राम्रो काम गरेकोले उनलाई स्थानीय संस्था माउण्ट एभरेष्ट सामाजिक विकास संस्थाले साधारण सदस्यता दियो । २०६३ सालमा उनी दलित कोटामा सोही संस्थाको कार्यसमितिमा पुग्न सफल भइन् । यसैगरी २०६६ सालमा हेफरको सहयोगमा सञ्चालित कार्यक्रममा सामुदायिक सहजकर्ताको रूपमा काम गरिन् ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र/ग्रामीण आर्थिक विकास संघ, पाल्पा र जिल्ला नवीकरणीय ऊर्जा सेवा केन्द्र माउण्ट एभरेष्ट समाजिक विकास संस्थाको साझेदारीमा कपिवस्तु जिल्लाको १ नगरपालिकाको केही वडा सहित १९ गाविसमा जैविक ऊर्जा सहयोग कार्यक्रम सञ्चालन भयो । उनको विगतको अनुभवलाई सम्मान गदै कार्यक्रमले स्थानीय सामाजिक परिचालकको रूपमा नियुक्त गर्‍यो । तर उनको जातीय पहिचान कार्यक्रमका लागि पनि एउटा ठूलो चुनौति थियो । सुधारिएको चुलो निर्माण गर्दा प्रयोगकर्ताको भान्छामा गई प्राविधिक कुरामा निरिक्षण तथा स्टोभमास्टरलाई सहयोग गर्नुपर्ने थियो । कानुनमा छुवाछुत निषेध भएपनि सामाजिक अवस्था त्यति सहज थिएन । उनले हेर्नुपर्ने ५ गाविसहरू मध्ये २ गाविसमा पहाडिया समुदायको बाक्लो बस्ती थियो भने बाँकी ३ गाविसमा पहाडिया, चौधरी र

मधेसी समुदायको मिश्रित बस्ती थियो । चौधरी समुदायको बस्तीमा त उनलाई समस्या थिएन तर पहाडी समुदायमा गाह्रो थियो । आफ्नो चुनौतिका बारे विमला भन्छिन्, "पहिला त आफ्नो परिचय गराउन पनि अप्ठेरो लाग्थ्यो, के सोच्ने हुन् र मेरो जातको कारणले सुधारिएको चुलो बनाउन नमान्ने हुन् की ?, अनि कार्यक्रमलाई नै समस्या पर्ने हो की भनेर चिन्ता लागेको थियो । पछि बिस्तारै कतिपय घरमा प्रष्टरूपमा आफ्नो परिचय दिई कामको प्रकृतिको बारेमा जानकारी गराएँ, बुझ्ने घरमा समस्या भएन । नबुझ्नेको घरमा स्टोभमास्टरलाई चुलोको प्राविधिक विषयमा घर बाहिर नै सुख्खा जडान गरेर सिकाएर घरभित्र बनाउन पठाएँ र मैले ढोका बाहिरबाटै आवश्यक सल्लाह दिएँ । कतिपय घरमा जिल्ला संयोजकको सहयोग लिएर पनि काम गरेँ । शुरू शुरूमा स्टोभमास्टर दक्ष नहँदासम्म गाह्रो भएको थियो, अहिले त स्टोभमास्टरहरू म भन्दा पनि दक्ष भएकोले खासै गाह्रो पनि छैन । चुलो अनुगमन गर्न जाँदा भने कहिलेकाहिँ समस्या पर्छ र प्रायः घरमा अनुमति लिएर मात्र भान्छामा पस्ने गरेकी छु ।" पहिला हेफरमा काम गर्दाको समूहहरूसँग समन्वय गरी आफ्नो जिम्मेवारी पुरा गर्न सफल भएकी छिन् ।

बिहान छोराछोरीलाई खाना पकाई श्रीमानलाई पसलमा खाना पुऱ्याएर आफू फिल्डमा जाने विमलालाई पुनः पढ्ने ईच्छा जागेपछि ११ कक्षामा भर्ना भइन् । पढ्ने ईच्छालाई उमेरले छेक्दैन भनेझै धेरै वर्षपछि आफ्नो अधुरो पढ्ने ईच्छालाई निरन्तरता दिन पाएकोमा खुसी व्यक्त गरिन् । उनको काम प्रतिको लगाव, मेहेनत र लगनशिलताले गर्दा जिल्लाको ४ व्यवसायिक समूहहरू मध्ये उनी अग्रस्थानमा छिन् । उनको क्षेत्रमा ४१५ भन्दा बढी चुलो जडान भइसकेका छन् । स्टोभमास्टरहरू पनि खुसी छन्, त्यसैले त तालिम लिएका १६ जना मध्ये १० जनाले नियमितरूपमा र ३ जनाले आंशिक रूपमा सुधारिएको चुलोको काम गरिरहेका छन् । सम्भवत, तराईको १० जिल्लाका स्थानीय सामाजिक परिचालकहरू मध्ये चुलो जडान गराउनेमा विमला नै अगाडि होलिन् ।

मनमा ईच्छा शक्ति भयो भने समाजका कुरीति र विभेदको सामना गर्दै काम गर्न सकिँदोरहेछ भन्ने दह्रो उदाहरण बनेकी छिन् विमला नेपाली । विमलाको लगनशिलता र सहजीकरणले कार्यक्रमको लक्ष्य पुरा हुनेमा आशावादी हुन सकिन्छ ।

# महिला स्वास्थ्यकर्मी पनि सुधारिएको चुलो प्रचारक

कथा ३

*ताप्लेजुङ जिल्ला चाँगे गाविस वडा नं. ४ की बस्ने लक्ष्मी आङबुहाङलाई शहरी महिलाहरूको जीवन र आयु गाउँले महिलाहरूको जीवनभन्दा आरामदायी र लामो आयु हुने थाहा थियो । उनी सँधै सोच्ने गर्थिन्, "यो परम्परागत चुलोलाई कसरी व्यवस्थित गरी धुवाँरहित भान्साघर बनाउने र आफू लगायत गाउँका दिदीबहिनीहरूको स्वास्थ्यमा सुधार गर्ने ।" पेशाले एक महिला स्वास्थ्यकर्मी (अनमी) लक्ष्मीको पाँच जनाको सानो र सुखी परिवार छ । उनी विगत ५ वर्षदेखि आफ्नै गाविसको उप-स्वास्थ्य चौकीमा काम गर्दै आइरहेकी छिन् । अहिले उनी स्वास्थ्य चौकी पुग्नेलाई स्वास्थ्य उपचारका साथै सुधारिएको चुलो बनाउन र प्रयोग गर्न सल्लाह दिन्छिन्, उनको सुधारिएको चुलो प्रतिको मोह बारे बुद्धि थापाको लेख.......*

वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको सहयोगमा क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र/नामसालिङ सामुदायिक विकास केन्द्र, इलामले पूर्वाञ्चलका ७ जिल्लामा सुधारिएको चुलो कार्यक्रम सञ्चालन गरी गाउँमा प्रवर्द्धक उत्पादन र सुधारिएको चुलो प्रवर्द्धनमा स्थानीय गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्दै आएको छ । यस्तैमा स्थानीय साझेदार वातावरण संरक्षण तथा विकास मञ्च, ताप्लेजुङ्ले २०६१ मंसिरमा गाउँका तीन जनालाई सुधारिएको चुलो प्रवर्द्धक तालिम दिए पछि चाँगे गाविसमा पनि सुधारिएको चुलो निर्माण हुन थालेको हो ।



लक्ष्मीले तालिममा भाग नलिएपनि सुधारिएको चुलोसम्बन्धी प्रचारप्रसार कार्यक्रमबाट यसका फाइदाहरू थाहा पाए पछि, तालिम प्राप्त प्रवर्द्धक मानबहादुर साम्रालाई चुलो निर्माण गर्न निम्ता दिईन । आफ्नो सीप देखाउन आतुर मानबहादुरले पनि भोलिपल्ट नै चुलो निर्माणको लागि आवश्यक इँटा तयार गरी ५ दिन पछि चुलो बनाइ दिए । लक्ष्मी कहाँ चुलो बनाउँदा वल्ला-पल्ला घरका छिमेकीहरू हेर्न आएका थिए, उनीहरूले पनि चुलो कसरी बन्छ, कति लाग्छ मात्र होइन यसका फाइदाहरू पनि मानबहादुर र लक्ष्मीबाट थाहा पाए । लक्ष्मीले मानबहादुरलाई चुलो निर्माण गरेको पारिश्रमीक पाँच सय रूपैयाँ थिइन् । अरू सामाग्रीमा उनको चार सय रूपैयाँ गरी जम्मा चुलाको लागत नौ सय लाग्यो । शुरूमा चुलोको मुल्य बढी भएको महसुस गरेकी लक्ष्मीले चुलो प्रयोग पछि यसका फाइदाहरूको तुलनामा लागत धेरै नभएको महशुस गर्न थालेकी छिन् । उनकै भनाईमा "वर्षमा ४० भारी दाउरा बचेको छ भने एकै पटकमा दालभात पाक्ने र थर्मसको काम पनि चुलाले नै गरेको छ । बिहान खाना पकाईसके पछि आगो निभाएर पानी बसालेर अफिस गयो आउँदा पानी तातो भइरहेको हुन्छ । यो चुलो निर्माण पछि खाना पकाउन सजिलो भएको

छ भने घर भित्रको धुवाँ पनि बाहिर गएर आँखा पोल्ने, टाउको दुख्ने पनि कम भएको छ ।" उनी थप्छिन्, "बर्षेनी आँखा जँचाउनु पर्ने, औषधीमा खर्च गरिराख्नु पर्ने, तर यो चुलो बनाएपछि औषधीमा खर्च पनि कमी र स्वास्थ्यमा सुधार भएको छ ।"

लक्ष्मी अहिले उपस्वास्थ्य चौकीमा आउने सम्पूर्ण विरामीलाई पहिले नै घरमा सुधारिएको चुलो छ की छैन सोध्न थालेकी छिन् । उनले सुधारिएको चुलोको विभिन्न फाइदा बुझाउँदै स्वास्थ्य चौकीमा आउने बिरामी महिला र बालबालिकाको साथै नियमित खोप लगाउन आउने सबैजनालाई घरमा सुधारिएको चुलो बनाउन अनुरोध गर्ने स्थानीय महिलाहरू बताउँछन् । यसले गर्दा चाँगे गाविसमा चुलाको माग दिन प्रतिदिन बढ्दै गएको छ । लक्ष्मीका श्रीमान सूर्य आङबुहाङ पनि पहिले भन्दा धेरै सजिलो भएको र भान्छामा धुवाँ नहुँदा आफूलाई पनि भान्छामा काम गर्न मन लागेको बताउँछन् । अहिले गाविस परिषदबाट महिलाहरूको लागि छुट्याइने केही रकम सुधारिएको चुलो निर्माणको लागि खर्च गरिन्छ । त्यसैले त मानबहादुर जस्ता प्रवर्द्धकहरूले गाउँमा नै रोजगारी पाएका छन् । उनीहरूले तालिममा सिकेको सीप प्रयोग गरेर प्रयोगकर्ताको मन जित्न सफल भएका छन् । उनीहरूलाई अहिले कामको खाँचो नै हुँदैन् ।

# सुधारिएको चुलोले ल्यायो रमाको जीवनमा परिवर्तन

कथा ४

*बिहान मिर्मिरे उज्यालो शुरू हुन नपाउँदै घरायसी काम धन्दा सकेर झोलमा इँटा पार्ने साँचो, चुपी, फित्ता र छिनो लिएर घरबाट निस्किने रमालाई कुनै दिन पनि खाली हात बस्नु परेको छैन । न त २-४ रूपैयाँको लागि कसैसँग हात पसार्नु परेको छ । चुलोसम्बन्धी तालिमले आफ्नो जीवनमा ल्याएको परिवर्तन यसरी बताउँछिन्, रमा ....*

नुवाकोट जिल्लाको महाकाली गाविस वडा नं. ५ शिलामे गाउँमा छविलाल र इन्द्रकुमारी अधिकारीको कोखबाट जन्मिएकी कान्छी छोरी हुन्, रमा । १६ बर्षको उमेरमा सात कक्षामा पढ्दापढ्दै चतुराले गाविसका उद्धव तिवारीसँग वैवाहिक बन्धनमा बाँधिन पुगिन् । जिन्दगीको अनेक आरोह अवरोह पार गर्दै ३ छोरी र १ छोराकी आमा बन्न पुगिन् । घरपरिवार र घरायसी काममा नै दिन बित्थे ।



यस्तैमा २०६५ मंसिर ५ देखि १२ गतेसम्म ग्रामीण प्रविधि केन्द्रद्वारा सञ्चालित सुधारिएको चुलो तालिममा भाग लिने अवसर पाइन् । तालिममा सिकेका सीप र ज्ञानलाई व्यवहारमा उतार्नु त्यति सजिलो पनि थिएन, विस्तारै गाउँमा चुलोको फाइदाहरू बताउँदै चुलोहरू बनाउन हौस्याउँदै गइन् । यसको साथै नुवाकोट जिल्लामा गठन भएको ग्रामीण ऊर्जा प्रवर्द्धन तथा वातावरण संरक्षण केन्द्रमा सदस्य भएर रमाले चतुराले गाविसका अतिरिक्त छिमेकी गाविसहरू ककनी, मदानपुर, थानापती, थानसिङ, बागेश्वरी र विदुर नगरपालिका साथै अन्य जिल्लामा पुगेर पनि चुलो बनाएकी छिन् । चुलो जडान गरे बापत ३०० देखि ५५० रूपैयाँसम्म पारिश्रमिक लिने रमाले चुलोको हेरचाह र मर्मतसम्भारमा पनि सहयोग गर्दै आएकी छिन् । त्यसैले त उनले कुन मितिमा कहाँ र कसको घरमा चुलो जडान गरियो, कहिले मर्मत गर्नपर्छ र आजसम्म कति घरमा चुलो जडान गरे भन्ने रेकर्ड समेत राखेकी छिन् । घरको काम भ्याएर पनि ५६७ भन्दा बढी चुलो जडान गरिसकेकी रमाले गाउँघरमा भेटेका मानिसहरूलाई सुधारिएको चुलोको महत्त्व र फाइदा राम्ररी बुझाउन सकेकैले उनको कुरामा चित्त बुझेर चुलो बनाइ माग्छन् । रमाको विचारमा सुधारिएको चुलोले घरभित्रको धुवाँ-धूलो हटाउन सघाएको छ र भान्छामा बस्न सजिलो भएको छ । उनले चुलो बनाएरै करिव ३ लाख रूपैयाँ आम्दानी गर्न सफल भएको पनि बताइन् ।

चुलोको तालिम लिएपछि घरको खर्च चलाउन, छोराछोरीलाई स्कुल पढाउन समस्या नभएको र घर बनाउँदा लागेको ऋण तिरेर पनि दुई छोरीको विवाह सम्पन्न गर्न सकेको बताउँछिन् उनी । गाउँमा हुने हरेक कार्यक्रममा सुधारिएको चुलोको महत्त्व बारेमा जानकारी गराउन पछि नपर्ने रमा लगातार दुई वर्ष दोस्रो पुरस्कार जित्न सफल भएकी छिन् । चुलो जडानका बखतमा घर छाडेर धेरै टाढासम्म जानुपर्ने हुनाले घरपरिवारमा समस्या नआएका होइनन्, तर यी सबै चुनौतिलाई सामना गर्दै उनीले सुधारिएको चुलो जडान कार्यलाई अगाडि बढाएकी छिन् । यसरी सुधारिएको चुलोले रमाको जीवनमा सुखद परिवर्तन ल्याएकोमा उनी निकै हर्षित छिन् ।

# सुधारिएको चुलो विस्तार गर्दै भंगियादेवी

कथा ५

*सिलाइकटाइले भन्दा सुधारिएको चुलोले राम्रो आम्दानी र सन्तुष्टि मिल्छ भन्दा हामीमध्ये कतिलाई विश्वास नलाग्ला, तर भंगियादेवी चौधरीलाई भने सुधारिएको चुलोमा नै बढी सन्तुष्टि मिल्छ रे । उनले चुलो बनाएरै एक वर्षमा ३० हजार रूपैयाँ भन्दा बढी कमाएकी छिन् र ७५ घरलाई धुवाँमुक्त भान्छा बनाउन सघाएकी छिन् । त्यसैले उनलाई सन्तुष्टि मिलेको हो की .......*

२०३५ सालमा बारा जिल्लाको बच्छनापूर्वा गाविस वडा नं. १ को एक मध्यम वर्गीय परिवारमा जन्मेकी भंगियादेवी चौधरीले ८ कक्षा पास गरेकी छिन् । उनको ६ जनाको सुखी परिवार छ र गरी खान १० कट्ठा जग्गा छ । उनले कृषिको अतिरिक्त आयआर्जनको लागि २०५२ मा नै सिलाइकटाइको तालिम लिई सोसम्बन्धी व्यवसाय सुरू गरेकी थिइन् । गर्दैजाँदा यसबाट मात्र परिवार चलाउन गाह्रो भयो । सिलाइकटाइमा राम्रो आम्दानी पनि भएन । यस्तैमा २०६७ को मंसिरमा स्थानीय सामाजिक परिचालक गिताराम चौधरीबाट स्वास्थ्य तथा वातावरण संरक्षण केन्द्र, नेपालद्वारा सञ्चालन हुन गईरहेको सुधारिएको चुलो जडान तालिमबारेमा जानकारी पाएपछि उनले पनि सो तालिममा सहभागी हुने निर्णय गरिन् । २०६७ मंसिर १५ देखि २२ गतेसम्म सञ्चालित ८ दिने ऊर्जा समूहका लागि सुधारिएको चुलोसम्बन्धी तालिम लिई श्री विश्वकर्मा ऊर्जा समूहका संयोजकको रूपमा २०६७ मंसिर १० गतेदेखि नै नयाँ व्यवसायको रूपमा चुलो निर्माण, मर्मतसम्भार, बजारीकरण तथा भान्छा व्यवस्थापनसम्बन्धी काम शुरू गरिन् । सुरू-सुरूमा दिनको १५० रूपैयाँ कमाउने उनी अहिले दिनकै ५०० देखि ७०० रूपैयाँ कमाउन सफल भएकी छिन् ।



चुलो व्यवसायको शुरूवाति दिन सम्झिँदै भंगियाले भनिन्, "तालिम लगतै मैले आफ्नो घरमा चुलो बनाएर आफैं एउटा उदाहरण बनेँ । मेरो घरको सफा भान्छा र धुवाँ नआउने चुलो देखेपछि छिमेकीहरूले चुलो बनाइ मागे । चुलोसम्बन्धी आफ्नो अनुभवलाई विभिन्न समूह (आमा समूह, बचत समूह, महिला समूह) का बैठकहरूमा बताएँ । त्यसैले ७५ भन्दा बढी घरपरिवारलाई धुवाँमुक्त बनाई श्वासप्रश्वास रोगको सम्भावना कम गर्न मद्दत पुर्‍याएकी छु र यसबाट मलाई खुसी लागिरहेको छ । गाउँमा जनचेतना फैलाई गाविसका प्रत्येक घरधुरिमा सुधारिएको चुलो जडान गरी बच्छनपूर्वालाई एक नमुना गाविसका रूपमा चिनाउने छु । यसै पेशालाई नै एक सफल व्यवसायको रूपमा अंगाल्ने छु ।"

# सीप र जाँगर भए कसैसँग हात फिँजाउन पर्दैन

कथा ६

*बिहान सबेरै उठेर हातमा इँटा बनाउने साँचो, चुपी, टेप र अन्य चुलो बनाउन आवश्यक औजार हातमा बोकेर कहिले आफ्नै गाउँटोल त कहिले छिमेकी गाउँ हिँड्छिन् उनी । कतै समूह बैठक र मानिसको जमघट हुने स्थान पाउने बित्तिकै सुधारिएको चुलोको फाईदा र महत्त्वबारे जानकारी दिँदै हिँड्ने यी बेफुर्सदिला व्यक्ति हुन् रत्नकुमारी धमला (खनाल) । उनले चुलोबाट कमाएर नै परिवार पाल्दै छोराछोरीलाई पढाउँदै आएकी छिन्, उनको जीवनको यो सफलता चुलोले सम्भव बनाएको बताउँने रत्नकुमारी .......*

धादिङ जिल्लाको ज्यामरूङ् गाविसमा बुबा लिलाबहादुर र आमा दिलकुमारीकी ५ सन्तान मध्ये माहिली छोरीकी रूपमा २०२९ सालमा यस धर्तीमा पाइला टेकेकी रत्नकुमारी बिभिन्न घरायसी समस्याले पढ्न नपाएको बताउँछिन् ।



वि.सं २०४४ सालमा साङकोष गाविसको नवराज खनालसँग बिबाह बन्धनमा बाँधिएकी रत्नकुमारीका ४ छोरी र १ छोरा गरी ५ सन्तान छन् । खेति र ज्याला मजदुरीको आम्दानीबाट पाँचजना बालबच्चा सहित ९ जनाको परिवारको घर खर्च टार्दै आइरहेकी थिइन् । खेति र ज्याला मजदुरीले खानालाउन नै धौधौ पर्ने अवस्थामा हुर्कँदै गरेका लालाबालाको शिक्षादिक्षाको समस्या पनि थपिन थालेको थियो । त्यति नै बेला ग्रामीण प्रबिधि केन्द्रले धादिङबेसीमा सुधारिएको चुलो प्रवर्द्धक तालिम दिन लागेको थाहा पाइन् । तर तालिममा समूहबाट छानेका व्यक्तिले मात्र सहभागी हुन पाउने भएपछि आफूले पनि समूहलाई अनुरोध गरी तालिमका लागि छनोट भएको बताइन् ।

यसरी उनी २०६० साल मंसिरमा ग्रामीण प्रबिधि केन्द्रले प्रदान गरेको ८ दिने सुधारिएको चुलो जडान तथा मर्मतसम्भार तालिममा सहभागी भईन् । परिश्रम नै सबैभन्दा ठूलो हो र यसले नै मानिसलाई स्वावलम्बी बनाउँछ भन्ने पूर्ण विश्वासको साथ चुलो बनाउने पेशालाई मुख्य पेशाको रूपमा अँगाल्न सुरू गरिन् । उनले साङकोष गाविसको साथै छिमेकी गाविसहरू ज्यामरूङ, निलकण्ठ, मुरलीभञ्ज्याङ, चैनपुर, धुवाँकोट, कटुन्जे, कल्लेरी, सुनौलाबजार र खाल्टे गाविसमा समेत गरी हालसम्म १ हजार २ सय ५० भन्दा बढी चुलो जडान गरिसकेकी छिन् । ठाउँ र अवस्था हेरी आफूले १५० देखि ७०० रूपैयाँसम्म ज्याला लिने गरेको र यसबाट हालसम्म करिव ४ लाख रूपैयाँ भन्दा बढी कमाइसकेको अनुमान गर्छिन् । यही आम्दानीबाट छोराछोरीको पढाइ, औषधी उपचार खर्चको गरेर बचेको पैसाले ३ रोपनी जग्गा किनेको बताउँछिन् । त्यतिमात्र होइन चुलोको आम्दानीबाट नै आफूलाई चाहिने गरगहना जोड्न र छोरीहरूलाई उच्च शिक्षा पढाउन सकेको गर्वका साथ बताउँछिन् ।

परिश्रमको फल मिठो हुन्छ भन्ने कुरालाई पुष्टी गर्न रत्नकुमारीले २०६३, २०६४ र २०६५ सालमा ग्रामीण प्रविधि केन्द्रले आयोजना गरेको अन्तर जिल्ला भ्रमणमा सहभागी हुने पाएको अवसर पर्याप्त छ । त्यसैगरी २०६२ र २०६३ सालमा केन्द्रबाट उत्कृष्ठ प्रवर्द्धक भएर प्रथम पुरस्कार र २०६४ सालमा द्वितिय पुरस्कार पाएका थिए । २०६६ सालमा लगनशिलता, जडित चुलो संख्या र प्रविधिक गुणस्तरको कारण सम्मानपत्र समेत प्राप्त गर्न सफल भइन् । पहिले नौलो मानिससँग बोल्न समेत गाह्रो लाग्ने गरेकोमा बिभिन्न तालिम, गोष्ठीमा सहभागी भएपछि संघसस्थामा आवद्व भएर काम गर्न र निर्धक्क आफ्नो कुरा राख्न सक्षम भएको बताउने रत्नकुमारी वैकल्पिक ऊर्जा प्रवर्द्वन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमले तयार पारेको चुलोसम्बन्धी वृत्तचित्रमा अन्तर्वार्ता दिन पाएकोमा अत्यन्तै खुसी लागेको बताउँछिन् ।

त्यस्तै केन्द्रद्वारा सञ्चालित बिहाईभ ब्रिकेट तालिम पाएपछि चुलो बनाएर फुर्सदको समयमा ब्रिकेट उत्पादन गरी थप आम्दानी बढाउन पाएकी छिन् । उनले सुधारिएको चुलो प्रवर्द्धक संघ धादिङको २ कार्यकाल कोषाध्यक्ष पदमा रही काम गरिसकेकी छिन् । हाल नवगठीत संस्था 'नवीकरणीय ऊर्जा तथा वातावरण संरक्षण केन्द्र'को सल्लाहकारको रूपमा समाजसेवा समेत गर्दै आएकी छिन् । सीप र काम गर्ने जाँगर भए महिलाले पनि पुरूष सरह घर व्यवहार सम्हालन सक्ने र आफ्नो आवश्यकता टार्न कसैसँग हात फिंजाएर माग्न नपर्ने बताउँछिन् । घर भित्रको धुवाँको कारण लाग्ने रोगबाट गाउँघरका दिदीबहीनी र बालबच्चाहरूलाई मुक्ति दिनसकेको तथा वन र वातावरण जोगाउने सहयोग गर्न पाएकोमा गर्व गर्दै चुलो नै आफ्नो जीवनको सफलताको आधार भएको बताउँछिन् ।

# समूहबाटै निर्णय गरी घरघरमा सुधारिएको चुलो बनाए

कथा ७

*समाज परिवर्तन र महिला सशक्तीकरणमा क्रियाशिल फ्याफुल्ला महिला समूहकी व्यवस्थापक दुधिमाया तामाङले घरमा सुधारिएको चुलो बनाइन् र समूहका सबै सदस्यहरूको घरमा चुलो बनाउने निर्णय गराइन् । कसरी उनी चुलो बनाउन उत्प्रेरित भईन् र चुलोको अनुभव कस्तो रह्यो त ? ......*

काभ्रपलाञ्चोक जिल्लाको बन्खु गाविस वडा नं. ७ निवासी दुधिमाया तामाङ साधारण लेखपढ मात्र गर्न सक्छिन् तर उनी सामाजिक सचेतना र महिला सशक्तीकरणा सक्रिय रहेको कारण फ्याफुल्ला महिला समूहमा व्यवस्थापकको रूपमा काम गर्दछिन् । समूह परिचालनदेखि छलफल र निर्णयमा उनको सक्रिय सहभागिता रहन्छ । बैठकमा गाउँघरका समस्याहरू, बचत र बचत परिचालनका साथै विकास र वातावर णको छलफल हुन्छ । कुनै पनि नयाँ कुरालाई अपनाउने र आफूले थाहा पाएको र जानेको कुरा समूहका अन्य सदस्यहरूलाई सिकाउने, उनको स्वाभवका कारण समूहले उनको कुरालाई विश्वास गर्दछ । समूहको एउटा बैठकमा रिमरेककी समुदाय परिचालिका राधिका हुमागाईंले गाउँमा वन-वातावरण, महिला स्वास्थ्यका लागि सुधारिएको चुलो उपयोगी हुने र यसबाट विभिन्न फाइदा हुने कुरा बताइन् । उनको कुराबाट प्रभावित भई दुधिमायाले स्थानीय प्रवर्द्धकलाई बोलाएर आफ्नो घरमा सुधारिएको चुलो बनाउन लगाईन् ।

सुधारिएको चुलोको प्रयोगबाट खुसी भएकी दुधिमायाले समूहको बैठकमा आफ्नो अनुभव राख्दै, सुधारिएको चुलोमा खाना पकाउँदा पहिले एकदिन खाना पकाउन १ भारी दाउरा लाग्ने गरेकोमा अहिले १ भारी दाउराले नै दुई दिनलाई पुगेको, भान्छा सफा भएको, आँखा पोल्ने र खोक्ने समस्या कम भएको बताइन् । उनले चुलो प्रयोगको छोटो समयमा नै चुलोको कारण परिवारको स्वास्थ्यमा सुधार आउने विश्वास लिएकी छिन् । साँच्चै भन्नुपर्दा १४ जनाको परिवारलाई खाना पकाउन सजिलो र सहज भएको छ । उनको अनुभवबाट उत्प्रेरित भएर समूहका अन्य सदस्यहरूले पनि सुधारिएको चुलो बनाएका छन् । समूहले गाउँका सबै ३०० घरधुरीमा सुधारिएको चुलो बनाउने अभियानमा लाग्ने निर्णय गरेका छन् । उनीहरूको प्रयासमा सघाउन जिल्ला विकास समितिले सुधारिएको चुलोको लागि चाहिने फलामे रड किन्न सघाएको छ । पक्कै पनि दुधिमाया जस्ता सजग महिलाका कारण बनखुका भान्छाहरू घरभित्रको धूवाँमुक्त हुनेछ भने गाउँको वातावरणमा पनि सुधार आउने छ ।

# बोल्न र सुन्न नसके पनि ...

कथा ८

*हातमा सीप र शरीरमा जाँगर हुने हो भने जीवनमा केही गर्न पक्कै सकिने रहेछ । बोल्न र सुन्न नसक्ने मान्छे समाज परिर्वतनका लागि हिँडेका छन् भन्ने सुन्दा झट्ट पत्याई हाल्न सकिन्न । तर समाजका लागि यस्तै अपत्यारिलो उदाहरण बनेका छन् छविलाल न्यौपाने । उनको संघर्ष र मेहेनतको कथा यस्तो छ ...*

पर्वत जिल्लाको टकलाक गाविस वडा नं. ५ मा स्थायी बसोबास गदै आएका ५० वर्षीय छविलाल न्यौपाने जन्मजात अपाङ्ग थिए । न त उनी कान सुन्न सक्छन न त बोल्न नै । भारतमा सामान्य नोकरी गरेका बुबाले भारतमा नै ७ कक्षासम्म त पढाए, तर कमजोर आर्थिक अवस्थाका कारण त्यसभन्दा बढी पढ्न पाएनन् । बुबाको मृत्यु पछि एक्लो सन्तान भएका कारण आमा, श्रीमती, दुई छोरा र एक छोरीको पालनपोषणको जिम्मा पनि उनको काँधमा आयो ।

अत्यन्तै परिश्रमी स्वाभावका छविलाल गाउँमा परिआए जस्तो सुकै काम पनि इमान्दारीपूर्वक गर्दथे, तर पनि उनको परिश्रम अनुसारको मूल्य थिएन । न त त्यसबाट परिवारको सामान्य गर्जो टार्ने अवस्था नै थियो । परिश्रमी एवं सांकेतिक भाषाको ज्ञान भएका कारण २०६४ मंसिरमा इन्प्रेड नेपालद्वारा धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रको सहयोगमा सञ्चालित सुधारिएको चुलो प्रवर्द्धक तालिम लिने अवसर मिल्यो । तालिमबाट सिकेको सीप सबैभन्दा पहिले आफ्नै घरमा प्रयोग गरी सुधारिएको चुलो बनाए । यसबाट भान्छामा धुवाँ कम हुनुको साथै दाउरापनि कम लागे पछि 'गाउँको भान्छालाई धुवाँमुक्त र गाउँलाई सुधारिएको चुलोयुक्त बनाउने' अभियानमा लागे । चुलो निर्माण अभियानसँगै उनको आम्दानीको बाटो पनि खुल्यो भने वातावरण संरक्षण एवं धुवाँबाट लाग्ने विभिन्न रोगहरूबाट ग्रामीण महिलाहरूलाई मुक्ति दिलाउन पनि सफल भए । प्रर्वद्धकका रूपमा काम थालेको डेढ वर्षमा नै ३०० भन्दा बढी चुलो जडान गरिसकेका छन् । चुलोबाट कमाएको सबै पैसा उनी आमालाई दिन्छन् । आमाले घर खर्चको चाजोपाजो मिलाउँछिन् । उनले चुलो प्रर्वद्धकका रूपमा काम गरेकोमा आमा पनि असाध्यै खुसी छिन् । आज गाविसमा छविलाल 'धुवाँरहित चुलो मिस्त्री' भनेर चिनिन्छन् । नचिनिनुन् पनि किन, कसैको विवाहमा जाँदा समेत उनी चुलोको किताव, कापी, कलम बोकेर जान्छन् र चुलोको चित्र बनाएर विवाहमा आएका मान्छेलाई समेत सुधारिएको चुलो बनाउन आग्रह गर्ने गरेको उनका छरछिमेकीहरू बताउँछन् । उनी चुलो बनाइसकेपछि सामान्य मर्मत र सफा गर्ने तरिका पनि सिकाउन बिर्सिंदैनन् । उनी पुरै गाविसलाई नै सुधारिएको चुलोयुक्त क्षेत्र बनाउने अभियानमा जुटेका छन् ।

उनको कामको कदर गर्दै जैविक ऊर्जा सहयोग कार्यक्रमले प्रमाणिकरण समेत गरेको छ । चिटिक्क शब्दहरू प्रयोग गरेर मिठो शैलीमा बोलेर मान्छेको सोचाइलाई परिर्वतन गरी परम्परागत चुलो भन्दा सुधारिएको चुलो ठिक हो भन्ने कुरा बुझाउन हामी सबै प्रर्वद्धकसँग बोल्ने मुख र सुन्ने कान हुँदाहुँदै पनि माग सिर्जना गर्न नसकेको अवस्थामा बोल्न र सुन्न नसक्ने छविलाल भने सुधारिएको चुलो जडान अभियानमा सफल भएका छन् । काम प्रतिको अठोट, धैर्यता एवं लगनशिलताले हरेक कुरालाई सहज र सम्भव बनाउँछ भन्ने कुरा हामी सबैले सिक्नुपर्छ उनीबाट ।

# सुधारिएको चुलो सहारा बन्यो पूर्णको

कथा ९

*धेरै युवाहरू रोजगारको खोजिमा भारत तथा अन्य खाडी मुलुकमा गईरहेको अवस्थामा ओखरकोटका पूर्ण जिसीले गाउँघरमै सुधारिएको चुलो बनाएर विदेश गए जतिनै कमाई 'पैसा कमाउन विदसिनु पर्छ' भन्ने मान्यतालाई गलत सावित गरिदिएका छन् । उनको कमाइ र व्यवसायसम्बन्धी फिल्ड प्राविधिक संयोजक मोहन के.सी.को प्रस्तुति ...*



बुबा मानबहादुर र आमा सुमित्रा जिसीका जेठो छोरा पूर्ण ओखरकोट गाविस वडा नं. ३ मा २०२४ कार्तिक १३ गते जन्मिएको हुन् । दुई वर्षको हुँदा आगोले पोलेर उनको दाहिने खुट्टाका सबै औंलाहरू खाई दिए पछि शारीरिक अपाङ्गता भएर बाँचिरहेका छन् । पूर्णको भनाइ अनुसार २०६१ सालमा स्थानीय विकास कोष प्यूठान र ग्रामीण प्रविधी केन्द्र दाङको साझेदारीमा सञ्चालित सुधारिएको चुलो तालिम लिने बेला पनि माटो-पानीको काम गरेर पनि जीविका चलाउन सकिन्छ भनेर विश्वास गरेका थिएनन् । तर उनले नसोचे पनि मेहेनत र लगनशिलताले हालसम्म पाँच सय भन्दा बढी चुलो जडान गरेर झण्डै ४ लाख कमाएका छन् । उनले चुलोको प्रकार हेरी प्रति चुलो ५ सयदेखि २५ सयसम्म ज्याला लिने गरेका छन् । चुलोको साथै काठ तथा सिमेन्टको काम पनि गर्ने भएकोले भान्छा व्यवस्थापन पनि गरिदिन्छन् । सो वापत काम अनुसार २५ सयसम्म ज्याला लिने गरेको बताउँछन् । उनले प्यूठानका मरन्ठाना, तोरवाङ, वाङगेमरोठ, ओखरकोट, वादिकोट, तुषारा, लुङ्, लिवाङ, पुँजा र खुङका साथै गुल्मीका मलागिरी, पुर्कोट, पुर्कोटदह लगायत अर्घाखाँचीका हंसपुर, गोखुङ्गा आदि विभिन्न ठाउँमा चुलो जडान गरेका छन् । जिसीले चुलोको गुणस्तरलाई विशेष प्राथमिकता दिनुका साथै पहिलो पटकलाई निशुल्क मर्मत पनि गरिदिने गरेका छन् । प्रयोगकर्ताको चाहना, प्रयोग र परिवार संख्या अनुसार चुलो जडान गर्छन् । उनी एक मुखे, दुई मुखे, बहुउद्देश्यीय, तीन मुखे, संस्थागत, उठेर खाना पकाउन मिल्ने, ग्रेट राखेको, फाएर गेट राखेको विभिन्न मोडेलमा गुणस्तरीय चुलो जडान गर्न सक्ने भएकोले उनको सेवाको माग पनि बढेको छ ।

यही चुलोकै आम्दानीबाट उनले पाँच जनाको परिवार पाल्नुका साथै जेठी छोरीलाई स्नातक, छोरालाई १२ कक्षा र कान्छी छोरीलाई १० कक्षामा पढाउने खर्च पनि पुगेको श्रीमती लेटराले बताइन् । काम सामान्य भएपनि आफूले ५०० वटा चुला जडान गरेर वर्षमा झण्डै ५०० भारी दाउराको बचत गरेको र ५०० परिवारको स्वास्थ्यमा सुधार र विद्यार्थीहरूको पढाइमा सहयोग गर्न पाएकोमा गौरव गर्ने पूर्णले सुधारिएको चुलो जडान गर्नु नै आफ्नो जीवनको साहारा भएको बताए । चुलो जडान गरेवापत धेरै पटक पुरस्कार, कदरपत्र र ९ जिल्लाको भ्रमण गर्ने मौका पाएका छन् ।

जैविक ऊर्जा व्यवसायलाई प्रभावकारी बनाउन जेठी छोरी आरतीको नामबाट 'आरती चुलो निर्माण सेवा' शुरू गरेका पूर्णले आफ्नै तर्फबाट पर्चा छाप्ने, प्रचारप्रसार गर्ने गरेका छन् । आफूले चुलो बनाई दिएको परिवारको मानिसलाई जहाँ भेटे पनि चुलोको अवस्था, मर्मतसम्भार बारे सोध्न बिर्सदैनन् ? पूर्णले जडान गरेको चुलो तीन पटक अनुगमन गर्ने गरेका छन् । त्यसैले पनि नारीकोटकी कल्पना गुरूङ्गले पूर्णलाई नै बोलाएर चुलो जडान गर्न लाएका छन् ।

# सुधारिएको चुलो राम्रोः सुखी परिवार हाम्रो

कथा १०

*सानोसानो कुराले कसरी परिवारमा खुसी आउँछ भन्ने उदाहरण बनेको छ पर्सा जिल्ला लखनपुर गाविस वडा नं. ८ एकडर्वा बस्ने श्रीमती आरतीदेवी शर्माको परिवार । उनको घरमा सुधारिएको चुलो जडान गरेपछि परिवारका पुरूष सदस्यले समेत भान्छामा सघाउन थालेका छन् र उनी आफैपनि बाल विकास कक्षामा समयमै पुग्न थालेकी छिन् । आरतीदेवीको अनुभवबाट तपाईंलाई पनि सुधारिएको चुलो बनाउन मन लाग्ने विश्वासका साथ यो लेख ...*



श्रीमती आरतीदेवीको १४ जनाको ठूलो परिवार छ । त्यसैले भान्छा पनि ठूलै हुनेभयो । परिवारलाई खाना पकाउन र भाँडा माझ्न पनि धेरै समय लाग्थ्यो । बाल विकास शिक्षिका भएकोले समयमै विद्यालय पुग्नुपर्ने उनको कर्तव्य हो, तर भात-भान्छाको कामले गर्दा जहिल्यै विद्यालय पुग्न ढिला हुने अनि त्यही कुरामा जेठानीसँग किचलो पर्दथ्यो ।

२०६७ को माघ महिनामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको सहयोगमा स्वास्थ्य तथा वातावरण संरक्षण केन्द्र नेपालले सरोकारवालाहरूका लागि आयोजना गरेको एकदिने गाविस स्तरिय गोष्ठी तथा प्रदर्शनीमा सहभागी भई फर्किएपछि जेठानीले उनलाई सुधारिएको चुलोको बारेमा जानकारी दिए । "त्यसपछि मैले २०६७ फागुन ४ गते गाउँकै स्टोभमास्टर रामबाबु सिंहबाट घरमा फरक सतहको दुईमुखे सुधारिएको चुलो बनाउन लगाएँ । चुलो निर्माण गर्न ५०० रूपैयाँ नगद लागेको थियो, जसमा ३०० हामीले बेहोर्‍यौं भने २०० गाविसबाट अनुदान पायौं र ५० रूपैयाँ बराबरको माटो मुछेर दिने, ईटा ल्याइदिने श्रम गर्‍यौं ।" चुलोको लागत बताईन् आरतीले ।

"अहिले हाम्रो घरमा खुसीका दिनहरू आएका छन् । अब हामी मिलेर खाना पकाउँछौं र घरका पुरूषहरू पनि भान्छामा सघाउँछन् । यसरी भन्छामा कहिले नआउने घरका पुरूषहरूले खाना पकाउन सघाउँदा हामीलाई धेरै नै खुसी लागेको छ । पहिले ५-६ घण्टा लाग्ने गरेकोमा अहिले ३-४ घण्टामा खाना पाक्छ, दाउराको पनि राम्रो (१ तिहाई) बचत भइरहेको छ र घरमा धुवाँधूलो पनि निकै कम भएको छ । पहिले भन्नु पर्दा घर जति लिपपोत गरे पनि ५-६ दिनमै फोहर, कालो भईहाल्थ्यो, तर अब हामी त्यसबाट छुटकारा पाइसकेका छौं । भान्छा कोठामा कम समय दिए पुग्ने भएकोले अहिले म समयमै बाल विकास केन्द्र पुग्छु, अरू काम पनि गर्न भ्याएकी छु ।" आरती आफ्नो सहजता बताउँछिन् ।

"मलाई जहिले जहाँ पनि मौका मिल्यो कि चुलोको महत्त्वबारे बताउन रमाइलो लाग्छ । मैले आफ्नो गाविस, बाल विकास केन्द्र र छिमेकी गाविसहरूमा समेत सुधारिएको चुलोको प्रचारप्रसार गरेको छु । शुरूमा ५५० रूपैयाँ गए जाओस् भनेर चुलो बनाएँ, अहिले वर्षको ८-१० हजारको त दाउरा नै बचेको छ । धुवाँबाट लाग्ने रोगबाट छुटकारा, घरका सम्पूर्ण सदस्यले भान्छामा सहयोगले हामी धैरै खुसी छौं ।" चुलोको बयान गर्दै आरतीले कुरो टुग्याइन्, "सुधारिएको चुलो राम्रोः सुखी परिवार हाम्रो ।"

# अर्कै भएको छ भान्छाको जीवन

कथा ११

*सुधारिएको चुलो बनाउन ९ सय रूपैयाँ लाग्ने बताउँदा उनलाई महँगो लागेको थियो, तैपनि बनाइ हेरूँ नत भनेर तालिम प्राप्त स्टोभमास्टरलाई चुलो बनाउन लगाइन् । नयाँ चुलोबाट सन्तुष्ट झापाकी रेवता शर्मा र उनको चुलो बनाइदिने स्टोभमास्टर सुर्जन कँवरसँग कुराकानीको आधारमा सहारा नेपालका कार्यक्रम संयोजक कमल पौडेलको यो लेख .....*

"एउटा चुलोको लागि नौ सय तिर्नुभएछ नि, बढी भएन र ?" भन्ने जिज्ञासामा मेचीनगर, झापाकी ४७ वर्षीया रेवता शर्मा भन्छिन् "बनाउँदाको समयमा त मलाई पनि त्यस्तै लागेको थियो । तर यसको उपकार सम्झिँदा त स्टोभमास्टरले साह्रै सस्तोमा पो बनाइदिएछन् । दाउरा पनि पहिला भन्दा कम लाग्ने र खाना पनि छिटो तयार हुने ?" भान्छामा करिब ९ महिना अघि जडान गरेको सुधारिएको दुईमुखे चुलोको महिमा बताउँदै उनी थप्छिन्, "धुवाँ पनि बाहिर जाने अनि एक ठाउँमा दाउरा बाल्दा दुईवटै भाँडामा आगो पुग्ने ।"



सृजनशील व्यवसायिक ऊर्जा समूहमा आवद्ध रेवताले स्टोभमास्टर सुर्जन कँवरले निर्माण गरेको आकर्षक सुधारिएको चुलोमा चिया पकाउँदै भनिन्, "पहिला त भान्छाकोठा भन्ना साथ धुवाँको कुइरी मण्डल सम्झेर विरक्त लाग्थ्यो, यो जडान गरिकन त भान्छा भित्रको जीवन नै अर्कै भएको छ ।" आफ्नै वरपरका सामान प्रयोग गरी सस्तो मूल्यमा यति महत्त्वपूर्ण वस्तु निर्माण गर्न सकिने उनले सोचेकी पनि थिइनन् रे । उनी भन्दै थिइन्, "नियमित सरसफाइ र मर्मत गर्ने हो भने कुनै समस्या पनि आउँदैन रहेछ ।" आफ्नो घरको चुलो देखेर लोभिने, स्टोभमास्टरको जानकारी माग्ने र बनाउनेको संख्या पनि उल्लेख्य भएको उनको भनाइ छ । बटुवाहरूले "यो घरमा सुधारिएको चुलो छ रे नि, कस्तो छ हेर्न मिल्दैन ?" भन्दा उनलाई रमाइलो लाग्छ रे । "चुलो मात्र होइन, सहारा नेपालले वितरण गरेको किताब देखाएर सुधारिएको चुलोको बारेमा जाने जति कुरा भन्दिने गरेकी छु । दाउरा बाल्ने सबैले यस्तै चुलो बनाए धुवाँबाट पनि बचिने, दाउरा कम लाग्नाले वन पनि जोगिने, हैन त सर ?" उनले भनिन् । उनले स्टोभमास्टरको तर्फबाट दुईमुखे चुलो बनाएबापत सार्न मिल्ने रकेट चुलो समेत उपहार पाएकी रहिछन् । बाहिर भित्र सारेर पकाउन मिल्ने उक्त चुलो पनि निकै सजिलो भएको उनले बताइन् ।

करिब डेढ वर्षको अवधिमा विभिन्न मोडलका गरी १४० भन्दा बढी घरमा सुधारिएको चुलो जडान गरेका स्टोभमास्टर सुर्जन कँवर, चुलो जडान बापत पाएको ज्यालाले दैनिक गुजारा चलाउन निकै सजिलो भएको बताउँछन् । मोडल अनुसार प्रति चुलो १५० (सानो रकेट) देखि १५०० रूपैयाँसम्म ज्याला लिने गरेको बताए । यसरी चुलो बनाएको पैसामध्ये प्रति चुलो २५ रूपैयाँ आफ्नो समूहको खातामा बचत गर्छन्, यसबाट उनको बचत गर्ने बानीको विकास हुनुको साथै आफ्नो समूह भित्रका सदस्यहरूबीच ऋण परिचालन गरी आर्थिक गर्जो टारेको बताउँछन् । उनी भन्छन्, "सुरू सुरूमा त बेकारै तालिम लिएछु, कसैले

सुधारिएको चुलो बनाउनै मान्दैनन् जस्तो लागेको थियो । तर जब गाउँ गाउँमा यसको प्रचार भयो, चुलो बनाउन चाहनेहरू पनि बढ्दै गएका छन् । स्थानीय सामाग्री जस्तै माटो, भुस, गोबर, नुन, चिनी, टीनको पातो र केही छडको प्रयोगले बनाइने हुनाले यस प्रति आकर्षण बढेको छ ।" उनले थपे, "चुलो बनाए बापत आयआर्जन त छँदैछ । धेरै परिवारलाई धुवाँरहित भान्छा निर्माण गराउने अभियानमा सहयोग गर्न पाएकोमा पनि खुसी लाग्छ ।" उनी स्टोभमास्टर तालिम पाएकोमा सहारा नेपाल प्रति आभार प्रकट गर्दै यस पेशामा लागिरहने कुरा बताउँछन् ।

# मेरो जिन्दगीको लागि ठूलो औषधी सुधारिएको चुलो

कथा १२

*वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमले सिन्धुपाल्चोक जिल्लामा सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च र स्थानीय स्रोत परिचालन समूह सिन्धुपाल्चोकमार्फत २०६० सालदेखि नै जैविक ऊर्जा सहयोग कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । कार्य क्षेत्र विस्तारको क्रममा २०६६ देखि धुस्कुन गाविसमा पनि सुधारिएको चुलो कार्यक्रम विस्तार भएको छ । धुस्कुनमा सुधारिएको चुलो अभियानसँगै धर्मबहादुर भण्डारीको घरमा पनि नयाँ चुलो बन्यो, आफ्नो चुलोबाट निकै खुसी हुँदै उनी भन्छन्, "सुधारिएको चुलो महिला र बालबालिकाको लागि मात्र होइन शारीरिक असक्तहरूका लागि पनि सजिलो विकल्प हुन सक्छ, यसले मेरो भान्छाको जिन्दगीमा ठूलो औषधिको काम गरिरहेको छ ।" प्रस्तुत छ उनको आत्मकथा उनकै शब्दमा .........*

मेरो ६ जनाको परिवार छ । आजभन्दा करिव आठ वर्ष पहिले शायद सन् २००४ तिर मलाई प्यारालाइसिसले सतायो । उपचार गर्दागर्दा निकै पैसा खर्च भयो, तर निको हुन सकेन । त्यसैले म घरभित्रको काम हेर्दै अरूलाई कमाउन घर बाहिरको काममा पठाउनु पर्‍यो । शारीरिक असक्तताले गर्दा पुरानो चुलोमा भान्छाको काम गर्न पनि निकै गाह्रो, धूवाँ र धूलोले आँखा पोल्ने र आँसु आउँथ्यो । खानामा पनि धूवाँको गन्ध आउँथ्यो । त्यही परम्परागत चुलोमा खाना पकाउँदा मेरो शरीरको देब्रे पिडौलाको छालामा पुरै दाग लागेर कालो भएको थियो ।

गाउँले दुर्गादेवी नेपालले सुधारिएको चुलोसम्बन्धी जानकारी दिएपछि मैले पनि घरमा सुधारिएको चुलो बनाउन लगाएँ । यो चुलो त निकै सजिलो रहेछ । यसमा खाना पकाउँदा भान्छामा धूवाँ धूलो नहुने मात्र होइन खाना पनि छिटो पाक्ने, आगोको ज्वालाले नपोल्ने, दाउरा कम लाग्ने र खाना पनि स्वादिष्ट हुने रहेछ । म जस्तो अपाङ्गको लागि त यो चुलो भान्छाको समस्या समाधान गर्ने ठूलो औषधी सरह भएको छ । चुलो बनाइ दिने प्रवर्द्धक दुर्गादेवी नेपालका साथै चुलो प्रवर्द्धनमा सघाउने सबै संघसंस्थाहरूलाई मेरो हृदयदेखि नै धन्यवाद छ । पक्कै पनि दुर्गादेवीको सुधारिएको चुलो बनाउने सीपले हामीजस्ताको जीवनमा सहजता ल्याएको छ । त्यसैले म यहाँहरूलाई अनुरोध गर्दछु, पछुताउनु भन्दा हरेक हिसावले सुरक्षित राख्न सुधारिएको चुलो बनाउन लाग्ने केही रूपैयाँ खर्च गर्न नहिच्किचाई आफ्नो र परिवारको जीवन सुरक्षित बनाउनुस् ।

# सुधारिएको चुलोले ग्यासको खर्चमा बचत

कथा १३

*परम्परागत चुलोको धुवाँ र धूलोबाट मुक्ति पाउन सुनिताले ग्यास चुलो प्रयोग गर्न थालिन्, यसको साथै छिमेकी देखासिकीबाट उनले पनि घरमा सुधारिएको चुलो बनाउन लगाइन् । यसबाट भान्छा सफा र ग्यासको प्रयोग समेत गर्न नपरेकोले बचत पनि भएको छ । उनको चुलोको खर्च र बचतसम्बन्धमा कैलाली कञ्चनपुर ग्रामीण विद्युतीकरण छाता सङ्गठनका जिल्ला संयोजक बलबहादुर कठायतले कुराकानीको आधारमा तयार पार्नु भएको लेख ।*



कैलाली जिल्ला, अतरिया चोकबाट करिब ५०० मिटर जति पूर्व लागे पछि पूर्व-पश्चिम राजमार्गबाट १ कि.मी. उत्तर लाग्दा पुगिने मालाखेती गाविस बासकोटा गाउँ निवासी सुनितादेवी कुँवरले २०६८ बैसाख ११ गते घरमा दुईमुखे माटोको सुधारिएको चुलो जडान गरी प्रयोग गर्न थालिन् । "सुधारिएको चुलो प्रयोग गर्न थाले पछि चैत्रमा भरेको ग्यास सिलिन्डर श्रावणसम्म सकिएको छैन भने मैले ग्यास चलाउनु परेको छैन ।", सुनिताले नयाँ चुलोको फाइदा सुनाइन् ।

छिमेकी दिव्याराज जोशीको प्रेरणा पछि मालाखती ३, चौकीडाँडाका तालिम प्राप्त प्रवर्द्धक सुरेस मलासीलाई चुलो बनाउन लगाइन् । चुलो बनाउन रू. ५०० ज्याला, रू. १०० माटो बोकाउन ज्याला र १ के.जी. चिनी, १ प्याकेट नुन र सरिया समेतको रू. २०० समेत उनको करिब रू. ८०० खर्च भयो ।

सुनिता हाँस्दै भन्छिन्, "पहिले परम्परागत चुलो प्रयोग गर्थे र त्यो चुलोमा धुवाँ बढी भएर भान्छा कोठा पूरै कालो हुने, आँखा पोल्ने, खाना पकाउन झन्झट लाग्दो अनि बढी समय लाग्ने भएकोले जे पर्ला भनि सिलिन्डर ग्यास र चुलो किनेकी थिएँ । तर माटोको सुधारिएको चुलो बनाएपछि यि सबै झन्झटबाट मुक्त भइयो । सबैभन्दा ठूलो कुरा त ८०० रूपैयाँ खर्च के गरेको थिएँ महिना, डेढ महिनामा ग्यास सिलिन्डर फेर्ने पैसा समेत बचत भयो । पहिले नै माटोको सुधारिएको चुलोसम्बन्धी जानकारी पाएको भए सायदै म ग्यास किन्थेँ ।" सुधारिएको चुलोले ल्याएको खुसी सुनाउँदै, "सुधारिएको चुलो प्रयोग गरे पछि त धुवाँ पनि भान्छाबाट बाहिर जाने रै'छ, दाउरा पनि आधा भए पुग्ने । अहिले त मेरो काठको घर छ, पक्कि घर बनाउँदै छु, त्यहाँ पनि सुघारिएको चुलो नै बनाउँछु । आखाँ पनि नपोल्ने, पैसा पनि बचत हुने । ग्यास त कहिलेकाहीं चिया बनाउन मात्र प्रयोग गर्छु, आनन्द छ, हा हा... ।"

सुनिताले सुधारिएको चुलोबाट सन्तुष्ट भएर पसलमा आउने सबै ग्राहकहरूलाई समेत सुधारिएको चुलो बनाउने सल्लाह दिने गरेको बताउँदै, श्रीमान् मनोहरले चुलो जडान गरेबापत कमिसन पाइन्छ की क्या हो भनेर, जिस्काउने गरेको बताइन् । उनका श्रीमान्ले पनि आफ्नी श्रीमतीको कुरामा समर्थन जनाउँदै ग्राहकलाई चुलोको फाइदा प्रस्ट्याउने गरेका छन् । उनको विचारमा पनि सुधारिएको चुलोले सबैभन्दा बढी महिला र बच्चालाई फाइदा गर्छ । त्यसैले त उनीहरू वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम र कैलाली कञ्चनपुर ग्रामीण विद्युतीकरण छाता संगठनलाई धन्यवाद दिन्छन् ।

# सुधारिएको चुलोले गरेको भलो

कथा १४

*झापामा सहारा नेपालद्वारा सुधारिएको चुलो कार्यक्रम सञ्चालन भएपछि स्थानीय व्यक्तिहरूले तालिम लिएर चुलो बनाउने नयाँ व्यवसाय त गरेका छन् नै घरपरिवारमा पनि खुसी छाएको छ । झापा जिल्ला डाँगिबारीको त्यो खुसीलाई झापा जिल्ला संयोजक कमल पौडेलले आफ्नो लेखमा समेटनु भएको छ .......*



पूर्व पश्चिम राजमार्गबाट झण्डै ८ किमी दक्षिण, झापा जिल्ला डाँगिबारी ८ निवासी ५८ वर्षीया हिमादेवी अधिकारीको हर्षको वयान गरी साध्य छैन । करिब ४ महिना अघि भान्छामा जडान गरेको माटोको दुईमुखे सुधारिएको चुलोको प्रशंसा गर्दै उनले भनिन्, "यसले त मेरी कान्छी छोरीको विहे नै उकासो नि ।" भएको के रहेछ भने, विवाहको दिन पानी परेर घर बाहिर बनाएको चुलोमा काम गर्न नसकिने भएपछि सुधारिएको चुलोमा नै पाँच पाथी चामलको रोटी पकाएर विहे उकासेको उनको भनाइ छ । पहिले कसरी त्यतिको रोटी पकाउने भन्ने चिन्ता सुधारिएको चुलोमा पकाउन थाले पुरै हटेको बताउने, हिमादेवीले पकाउनेलाई आगोको राप नआउने तथा धुवाँ पनि चिम्नीको बाटो भएर घर बाहिर जाने चुलो देखेर पाहुनाहरू पनि लोभिएको बताइन् ।

भान्छामा धुवाँको मुस्लोमा आँखा मिच्दै र खोक्दै खाना पकाएका दिनहरू सम्झिँदै उनी भन्छिन्, "भान्छाको ढोकाबाट भित्र पस्दै नपसौं जस्तो लाग्थ्यो । अब त भान्छा कोठा पनि प्यारो लाग्छ ।" धुवाँ बाहिर जाने मात्रै हैन, एक ठाउँमा दाउरा बाल्दा दुईवटै भाँडामा राप पुग्ने, दाउरा पनि पहिलाभन्दा कम लाग्ने र खाना पनि छिटो तयार हुने सुधारिएको चुलोका गुणहरूको बारेमा बताउँदै उनले थपिन्, "एउटा चुलो बनाउन ८०० रूपैयाँ खर्च गरियो, पैसाको नासै मात्रै हुने हो की भन्ने लागेको थियो तर यो चुलोको उपकार सम्झिँदा त सस्तोमा मूल्यवान चिज पाए भैं लाग्या छ । यसले त २००० रूपैयाँको भन्दा बढी काम गरिरहेको जस्तो लाग्छ ।"

उनको घरमा कन्काई व्यवसायिक ऊर्जा समूहमा आवद्ध डाँगिबारी ८ निवासी तालिम प्राप्त स्टोभमास्टर मेघराज धितालले बनाएको सुधारिएको चुलो हेर्नमा पनि आकर्षक र प्रयोगमा पनि निकै प्रभावकारी रहेको हिमादेवीका श्रीमान् ध्रुवलाल बताउँछन् । सस्तो मूल्यमा प्रभावकारी सुधारिएको चुलो जडान गरिदिएकोमा स्टोभमास्टर धिताल प्रति अधिकारी परिवार आभार व्यक्त गरिरहेका थिए । ध्रुवलाल भन्छन्, "सुधारिएको चुलो जडान गरेमा धुवाँको कारण लाग्ने रोगहरूबाट बच्नुका साथै, दाउरा खपत कम भई वन फडानी घट्ने र घर पनि सफा देखिने हुनाले आगो बाल्न दाउरा प्रयोग गर्ने सबैलाई यस्तै चुलो जडान गर्न सल्लाह दिन्छु ।"

सुधारिएको चुलो प्रयोग गर्ने अधिकारी परिवारका साथै प्रवर्द्धक मेघराज पनि अहिले निकै उत्साहित छन् । विभिन्न मोडलका गरी ६० भन्दा बढी घरमा सुधारिएको चुलोहरूको जडान गरेका मेघराज गाउँलेहरूको उत्साह र सन्तुष्टि देखेर झन् हौसिएका छन् । उनलाई चुलो जडान बापत पाएको ज्यालाले दैनिक गुजारा चलाउन निकै सजिलो भएको छ भने प्रति चुलो २५ रूपैयाँ आफ्नो समूहको खातामा बचत गर्ने गरेका छन् । यसरी बचत गर्ने बानीको पनि विकास भएको छ । बचतले भविष्य सजिलो बनाउने र आफ्नो समूह भित्रका सदस्यहरूबीच ऋण परिचालनमा समेत सहयोग पुगेको उनको अनुभव छ ।

डाँगीबारी उपस्वास्थ्य चौकीका राम नारायण शर्माको विचारमा, "सुधारिएको चुलोको प्रयोगले भान्छे तथा घरमा रहने अन्य व्यक्तिहरू आँखा तथा श्वासप्रश्वाससम्बन्धी रोग, दम, रूघाखोकी तथा निमोनीयाबाट धेरै हदसम्म बच्न सक्छन् । यस्तै दाउराको खपत घट्न गई वातावरण संरक्षणमा पनि टेवा पुग्छ ।"

# सुधारिएको चुलोले ग्यास चुलोलाई विस्थापित गर्‍यो !

कथा १५

*पसल चलाउन परम्परागत चुलोले कठिन भएपछि केही बढी खर्च हुने भएपनि धुपुका इन्द्र पन्तले ग्यास चुलो किने । सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला अध्यक्षको सुधारिएको चुलो बनाउने प्रस्तावलाई आफ्ना श्रीमान इन्द्रले अस्वीकर गरे पछि श्रीमती पन्तले स्थानीय प्रवर्द्धक भोलाराज पन्तलाई अनुरोध गरी तीनमुखे चुलो बनाउन लगाइन् । के भयो त चुलो बनाए पछि ? संखुवासभाका फिल्ड प्राविधिक संयोजक कृष्ण तामाङ्गले कुराकानीको आधारमा पठाउनु भएको सामग्री ...*

"ग्यास चुलोमा खाना पकाउँदा पनि यति सजिलो र छिटो कहिल्यै भएको थिएन तर यो सुधारिएको चुलोमा खाना पकाउँदा त साह्रै सजिलो र छिटो पो भयो, यो सुधारिएको चुलो त ग्यास चुलोको पनि बाउ पो रहेछ ।" कुराकानीको सुरुवात गर्दै संखुवासभा जिल्लाको सदरमुकाम खाँदवारीबाट ४ कोष टाढा पर्ने धुपु ३ निवासी इन्द्र पन्तले बताए । होटल व्यवसायी पन्तको घरमा स्थानीय प्रवर्द्धक भोलाराज पन्तले यसैवर्ष माघमा ३ मुखे चुलो जडान गरिदिएका हुन् ।



धुपुमा वैकल्पिक ऊर्जाको क्षेत्रमा काम गर्ने संस्थाहरूसँग हातेमालो गर्दै सामुदायिक वन उपभोक्ता महासंघ, धुपुले 'एक घर एक सुधारिएको चुलो' अभियान नै सुरू गरेका छन् । सोही अभियानको क्रममा सुधारिएको चुलो बनाएमा वन र वातावरण जोगिने अनि घरपसल पनि सफा हुने भएको चुलो बनाउन अध्यक्ष हेमराज थापामगरको अनुरोधमा "नयाँ चुलो पनि परम्परागत चुलो जस्तै देखिने र यसको लागि दाउरा जोहो गर्न र आगो फुक्न गाह्रो हुने बताएर" इन्द्रले चुलो बनाउन अस्वीकार गरेका थिए । हुन पनि उनले परम्परागत चुलोको समस्याबाट मुक्ति पाउन नै ग्यास चुलो ल्याएका थिए । सायद चुलोमा आफू बढी बस्नुपर्ने भएर होकी, श्रीमान्को त्यो अस्वीकारलाई चिर्दै श्रीमती पन्तले तीनमुखे सुधारिएको चुलो बनाउन लगाइन् ।

चुलो बनाउँदाको केही दिन सामान्य समस्या देखिए पनि अहिले निकै सजिलो भएको सुनाउँदै श्रीमती पन्तले थपिन्, "मेरो श्रीमान्ले नमान्दा नमान्दै चुलो बनाए पछि केही दिन त गाह्रो नै भयो । तर अहिले मैले भन्दा पनि उहाँले नै प्राय : पकाउने काम गर्नुहुन्छ । पहिले मैले मात्र आँखा मिचेर पकाउनु पर्थ्यो, रिङ्गटा लागेको जस्तो हुन्थ्यो, आँखाबाट आँसु झरेर हैरान हुन्थैं, तर अब यी पीडाबाट मुक्ति पाएकी छु । सुधारिएको चुलो त म र मेरो परिवारका लागि देवतासरी नै भएको छ ।"

आफ्नो पहिलेको निर्णय प्रति पछुतो मान्दै, इन्द्रले पनि सुधारिएको चुलोको बयान गर्दै भने, "यो चुलो बनाए पछि त भान्साको मुहार नै फेरिएको छ, आगो पनि फुकिरहन नपर्ने, भाँडा कालो नहुने, धुवाँ नहुने, तीन ओटै मुखमा एकैचोटी खाना छिटो पाक्ने ।" उनले थपे, "म एक होटल व्यवसायी पनि हुँ, खाना-नास्ता बनाउन ग्यास चुलो अनि परम्परागत चुलो नै प्रयोग गदै आएको थिएँ । तर सुधारिएको चुलो बनाए पछि ग्यासको प्रयोग नै गर्न छाडेको छु, मलाई त चुलोमा पकाउन नै आनन्द लागेको छ, ग्राहकलाई समयमा नै सेवा दिन सकेको छु । ग्यासमा खाना पकाउँदा भाँडा तात्न बढी समय लाग्थ्यो, अहिले चुलोमा दाउरा पनि मज्जाले बलिरहन्छ र तीन थरी खाना एकै पटक र छिटो पाक्छ । फेरी ग्राहक आउँदा पटकपटक ग्यास बाल्नु पर्दा बजारमा ग्यास अभाव हुँदा त झन् गाह्रो । अहिले आगोको भुङ्ग्रोमा खाना तातो रहिरहन्छ । तातो खाना पाएर ग्राहक पनि मक्ख छन् ।"

त्यसैले सुधारिएको चुलोमा खाना पकाउन थाले पछि ग्यास चुलोमा खाना पकाउन छाडेका छन् पन्त परिवारले । यसबाट ग्यास किन्दा हुने खर्च कटौती हुनुका साथै दाउरा कम खपत भएपछि उनिहरूको दाउरा किन्ने रकम र समयको पनि बचत भएको छ ।

अहिले पन्तको पसलमा आउनेले पनि सुधारिएको चुलो देखेर घरमा सुहाउँदो चुलो बनाउन लगाएका छन् । धुपुमा ५० परिवारमा सुधारिएको चुलो निर्माण भैसकेको छ । चुलोको प्रकार हेरी स्थानीय प्रवर्द्धकहरूले ६०० देखि १००० रूपैयाँसम्म पारिश्रमिक लिन्छन् । पन्तले पनि चुलो बनाए वापत प्रवर्द्धकलाई ८०० रूपैयाँ ज्याला तिरेका थिए ।

# ल्यायो चुलोले परिवर्तन

कथा १६

*"स्वस्थ्य जीवन नै मानिसको सबैभन्दा ठूलो धन हो" मानिस स्वस्थ रहनको लागि स्वच्छ र सफा वातावरणको आवश्यकता पर्दछ । अझ घरभित्रको वातावरणले मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ । भान्छामा बस्ने विशेषगरी महिलाहरूको स्वास्थ्यमा भान्छाको धुवाँले निकै हानी पुऱ्याउँछ । यसबाट बच्न सुधारिएको चुलो राम्रो विकल्प हुने कुरा सान्ने गाविसका चन्द्रबहादुरको अनुभवले पनि देखाएको छ । चन्द्रबहादुरसँग कुराकानी गरी पार्डेप नेपाल, धनकुटाका गुरूप्रसाद न्यौपाने अगाडि लेख्छन् ....*

परम्परागत चुलोबाट प्रसस्त धुवाँ निस्कने भएका कारण मानिसमा श्वासप्रश्वाससम्बन्धी विभिन्न प्राणघातक रोगहरू लाग्छन् । यसबाट बच्न सबैभन्दा पहिला त भान्छालाई सकेसम्म धुवाँमुक्त बनाउनु पर्छ । यो प्रयासमा सहयोग पुऱ्याउन नाम्सालिङ सामुदायिक विकास केन्द्रको अर्थिक तथा प्राविधिक सहयोगमा पार्डेप नेपालद्वारा जैविक ऊर्जा सहयोग कार्यक्रम अन्तर्गत सुधारिएको चुलो प्रवर्द्धन गरिरहेको छ । यसले स्थानीय व्यक्तिहरूलाई सुधारिएको चुलो जडान तथा मर्मत तालिम दिनुको साथै मानिसमा धुवाँ र धूलोका कारण लाग्ने रोग, भान्छा व्यवस्थापन, वातावरण संरक्षण जस्ता कुराहरूको जानकारी पनि दिन्छ । प्रवर्द्धकहरू मार्फत घरघरमा सुधारिएको चुलो बनेको छ, व्यक्तिको पारिवारीक जीवनमा मात्र नभएर विभिन्न क्षेत्रमा सहयोग पुगेको छ । यसैका एक उदाहरण हुन्, सान्ने गाविस वडा नं. ३ बस्ने चन्द्रबहादुरको परिवार ।

निम्न मध्यम वर्गीय चन्द्रबहादुरको ४ जनाको परिवार छ । उनीहरू परम्परागत चुलोमा खाना पकाउँथे । सचेतना अभियानको क्रममा सुधारिएको चुलोको फाईदाको बारेमा जानकारी भएपछि चुलो निर्माण गर्ने कुरामा सहमत भए । उनले २०६६ मा तालिम प्राप्त प्रवर्द्धक मार्फत सुधारिएको चुलो बनाए । नयाँ चुलो पाएपछि, चन्द्रबहादुरले आफ्नो खुसी साट्दै भने, "चुलो निर्माण पछि मेरो पारिवारिक जीवनमा नै परिवर्तन आएको छ । भान्छामा मीठो र छीटो खाना पाक्छ । वचेको समय थप आयआर्जनको काम गर्न पाएको छु । कम दाउरा खपत भएकोले बारीको रूख कम काटिएका छन् ।" परिवारको स्वास्थ्यमा सुधार भएको बताउँदै, उनी भन्छन् "यस प्रकारको चुलोबाट धुवाँ नहुने भएकाले परिवारका सदस्यमा रूघाखोकी, दम, तथा आँखा पोल्ने समस्या कम हुँदै गएको छ ।"

उनको कुरामा सही थप्दै, श्रीमतीले बताइन्, "पहिला घरमा कालोले घरभित्रको रूप रङ नै हराएको अनुभव हुन्थ्यो । लुगाहरू पनि मैला हुन्थे । सुधारिएको चुलो बनाए पछि घरमा धुवाँ कम भएको छ, अनि कोठाहरू सफा हुन थालेका छन् र लुगाहरू पनि मैलो हुन छाडेको छ ।" उनीहरूको यो उज्यालो भान्छा र सफा लुगा देखेर छिमेकीहरूले पनि सुधारिएको चुलोसम्बन्धी सोधखोज गरेका छन् । गाउँमा सबैले सुधारिएको चुलो निर्माण गर्ने हो भने सबैको जीवनमा परिवर्तन नआउने कुरै छैन ।

# धुवाँरहित गाविस बनाउनमा योगदान

कथा १७

*मानिसले पाएको मौकाको सदुपयोग गरेर कसरी स्वरोजगार बन्न सकिन्छ र एक जनाको प्रयासले पनि सिंगो गाउँलाई धुवाँरहित बनाउन सकिन्छ भन्ने उदाहरण बनेको छ, दैलेखको रूम गाविस र प्रवर्द्धक रामबहादुर शाही । यसै सन्दर्भमा रामबहादुरसँग गरेको कुराकानीका आधारमा स्थानीय विकास कोष दैलेखका सामाजिक परिचालक पूर्णनाथ योगीको यो लेख ...*

"संगठन, बचत र सीप" भन्ने मूल नाराका साथ २०६० देखि रूम गाविसमा गाउँ विकास कार्यक्रम सञ्चालन भएपछि गठित प्रगतिशील सामुदायिक संस्थाले गाउँमा गरिबी निवारण, वातावरण सुधार, सामाजिक विकासका विभिन्न काम गर्दै आएको छ । सो संस्थाका एकजना सक्रिय सदस्य हुन् रामबहादुर शाही । नाजुक आर्थिक अवस्थाका पूर्णमाथि ८ जनाको परिवार पालनपोषण गर्ने जिम्मेवारी थियो । उनले ज्यालामजदुरी गरेरै भएपनि जेनतेन गुजारा चलाईरहेका थिए । यसै क्रममा स्थानीय विकास कोषले जैविक ऊर्जा सहयोग कार्यक्रमको सहयोगमा २०६१ मा "सुधारिएको चुलो प्रवर्द्धक तालिम" सञ्चालन गरेको थियो । रामबहादुरले पनि सो ८ दिने तालिममा सिकाइएका प्राविधिक र व्यवहारिक सीप सिके । तालिम सकिए पछि तालिम आयोजकले एक सेट इँटा बनाउने साँचो दिए भने उनले पनि गाउँका सबै घरमा सुधारिएको चुलो बनाउने प्रतिवद्धता जनाए ।

उनले तालिम पछि गाउँले भेलामा सुधारिएको चुलोको फाइदा र यसले भान्छा र परिवार स्वास्थ्यमा कस्तो सहयोग पुग्छ भनेर बताए । गाउँमा नै प्रवर्द्धक पनि उपलब्ध भएपछि समुदाय भेलाले एक घरधुरी एक भान्सा एक सुधारिएको चुलो अनिवार्य रूपमा हुनुपर्ने निर्णय पारित गऱ्यो । सोही भेलाले एक सुधारिएको चुलो निर्माण गरे वापत ३०० रूपैयाँ ज्याला निर्धारण गऱ्यो । यसले गर्दा रामबहादुरलाई चुलोको माग बढाउन खासै मेहेनत गर्नु परेन । भेलाले गाविसलाई धुवाँरहित बनाउने घोषणासँगै रामबहादुरले गाउँमा चुलो बनाउँदै गए । यसैबाट उनको घरपरिवार पनि चल्दै गयो । जम्मा ३३१ घरधुरी भएको रूम गाविसमा हालसम्म २०० भन्दा बढी घरधुरीमा सुधारिएको चुलो निर्माण भैसकेको छ । रामबहादुरले चुलोको आम्दानीबाटै स्थानीय बेस्तडा बजारमा घर बनाउनुका साथै घरपरिवारहरूलाई समेत अन्य आयआर्जनको काममा संलग्न गराएका छन् । लगानीको नाममा आफूले श्रममात्र गरेको र सम्पूर्ण गाविसलाई नै सुधारिएको चुलो बनाउने लक्ष्य लिएको बताउँछन् ।

गाउँलेको धुवाँरहित गाविस बनाउने प्रयासमा सघाउन स्थानीय विकास कोष र ग्रामीण ऊर्जा विकास कार्यक्रमको संयुक्त लगानीमा ग्रामीण लघु जलविद्युत आयोजनाको निर्माण कार्य शुरू भएको छ । यसको प्रमुख श्रेय पनि रामबहादुरलाई जाने बताउँछन्, स्थानीय बासिन्दा नरेन्द्रबहादुर शाही । गाउँलेको भनाइ अनुसार पनि "आफ्नो गाउँको विकास अरूले मात्रै गरिदिंदा साध्य नहुँदो रहेछ । आफ्नो कामप्रति तनमनले लागि परेमा सफल भइने रहेछ । आफ्नो पसिना भिजेको कामको सदैव माया ममता हुनेहुँदा दिगो रहन्छ भन्ने विश्वास दिलाएका छन् रामबहादुर शाहीले ।" हाल गाउँलेहरू 'चुलेदाई' भनेर सम्मान गर्छन् । त्यसैले त स्वरोजगारको अवसर सिर्जना गरेर आफ्नो आर्थिक अवस्थामा सुधार्न सहयोग पुऱ्याउने गाउँ विकास कार्यक्रम, स्थानीय विकास कोष, जैविक ऊर्जा सहयोग कार्यक्रम र सुन्दर नेपाल प्रति आभार प्रकट गर्दछन् रामबहादुर तथा रूमका स्थानीय समुदाय ।

# धुवाँरहित भान्छायुक्त नमुना गाउँ, बोहोरागाउँ

कथा १८

*राम्ररी बुझाउन सके मानिसको सोच परिवर्तन गर्न सकिन्छ र त्यसले समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ भनेर देखाएका छ, बोहरागाउँले । पहिले सुधारिएको चुलो बनाउन नमानेका गाउँलेलाई सचेतीकरण तालिम दिएपछि पुरै गाउँमा सुधारिएको चुलो बनाएर बोहरा गाउँलाई धुवाँरहित भान्छायुक्त नमुना गाउँ बनाएका छन् । गाउँलेहरूलाई सचेत गर्न के-कति गाह्रो भयो र कसरी सचेत गराइयो भन्ने गाउँमा जनचेतना अभिवृद्धि र विकास अध्ययन समितिका संयोजक बिजय गुरूङ्गको प्रस्तुति ...*



लमजुङको सदरमुकाम बेसीसहरबाट २ घण्टा मोटरबाटो र डेढ घण्टा पैदल यात्रबाट पुगिने ठाउँ हो, चक्रतिर्थ गाविस वडा नं ४ बोहोरागाउँ । यो गाउँ समुन्द्र सतहदेखि करिव ९०० मिटर उचाईमा रहेको छ । गाउँमा २७ गुरूङ समुदायको २७ घरधुरी र क्षेत्रि समुदायको २५ घर गरी जम्मा ५२ घरधुरी रहेको छ । गाउँका मानिसहरू अति सोझा, ईमान्दार छन् सायद त्यसकारणले होला उनीहरू विकास निर्माणका सेवासुविधाहरूबाट पनि बञ्चित छन् । २०५४ सालमा नै विद्युतीकरण भए पनि हालसम्म गाउँमा विजुली बलेको छैन । त्यसैले केवल बेलुकी छिमेकी गाउँमा बलेको विजुलीबत्ति हेरेर चित्त बुझाई राखेका छन् ।

गाउँमा जनचेतना अभिवृद्धि र विकास अध्ययन समिति (COPPADES) भन्ने एक सामाजिक गैरसरकारी संस्थाले केही कार्यक्रमहरू मार्फत उनिहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याएको छ । यस संस्थाले नै क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र अर्न्तगत ग्रामीण सशक्तिकरण समाजसँग मिलेर जैविक ऊर्जा सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

शुरूमा गाउँलेहरूले 'एक दुई घण्टामा १ भारी दाउरा ल्याउन सक्छौं र वनै वनले घेरिएको गाउँमा नयाँ चुलोको आवश्यक छैन' भन्ने तर्क गरेका थिए । हुन पनि चारैतिर वनै वनले घेरिएको यो गाउँमा घाँसदाउराको लागि केही समस्या छैन, एकै छिनमा वनमा पुगेर दाउरा ल्याउन सकिन्छ । उनीहरूको अर्कोतर्क थियो, "यो चुलो बनाए पछि जाडोमा आगो ताप्न पाईदैन, घर चाँडै थोत्रिन्छ, खाना ढिलो पाक्दछ ।"

यसपछि जनचेतना अभिवृद्धि र विकास अध्ययन समितिले माटोको सुधारिएको चुलो प्रवर्द्धन गर्न गाउँमा एक दिने सुधारिएको चुलोको सचेतीकरण तालिम सञ्चालन गऱ्यो । उक्त तालिममा गाउँको प्रत्येक घरधुरीबाट मानिसहरू सहभागी भए । गाउँलेहरूले चुलोको महत्त्वको बारेमा बुझे र प्रत्येक घरमा सुधारिएको चुलो बनाउने र गाउँलाई नै "धुवाँरहित भान्छायुक्त नमुना गाउँ" घोषणा गर्ने निर्णय गरे ।



गाउँका प्रत्येक घरमा सुधारिएको चुलो निर्माण गरे पश्चात् गाउँलेहरूको पहलमा गाउँलाई 'धुवाँरहित भान्छायुक्त नमुना गाउँ' घोषणा गर्न अगाडि सरे । लमजुङ जिल्लाका जिल्ला न्यायाधिस, प्रमुख जिल्ला अधिकारी, जिल्ला विकास समितिका योजना अधिकृत, जिल्लास्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू, पत्रकारहरू लगायत अन्य सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिहरूको सहभागितामा २०६६ माघ ९ गते चक्रतिर्थ गाविसको बोहोरागाउँलाई 'धुवाँरहित भान्छायुक्त नमुना गाउँ' घोषणा गरियो । यसरी चुलो किन चाहियो र भन्ने गाउँमा जिल्लाका प्रमुख व्यक्तिहरूको उपस्थितिमा कार्यक्रम गर्न पाएको र सञ्चारमाध्यमबाट गाउँलाई राष्ट्रियस्ततर चिनाउन पाएकोमा गर्व लागेको कुरा मुल आयोजक समितिका संयोजक झमकबहादुर खड्काले बताए । अहिले गाउँलेहरू स्वास्थ्य तथा सरसफाई, वन तथा वातावरणमा सुधार ल्याउन कसिएका छन् ।

गाउँमा सुधारिएको चुलो निर्माण पछि भान्छामा बस्ने महिलाहरू धुवाँबाट प्रत्यक्ष रूपमा बचेका छन् भने उल्लेख्य परिमाणमा दाउराको बचत भएबाट वन संरक्षणमा पनि टेवा पुगेको छ । गाउँका नरमाया गुरूङको भनाई अनुसार सुधारिएको चुलो बने पछि खाना चाँडै पकाएर महिलाहरू बैठकमा जान भ्याएका छन् । गाउँकी अर्की गृहिणी शान्ता खड्काले आफ्नो केटाकेटीहरूलाई भान्छामा खाना पकाउँदै पढ्न सजिलो भएको बताए । भान्छामा सुधारिएको चुलोसँगै भान्छा व्यवस्थापन गरिएबाट सरसफाई तथा वातावरणमा सुधार आएको छ । प्रत्येक घरमा भाँडा माझे पछि सुकाउने टाँड बनाएका छन् । जसले गर्दा भाँडाहरू सफा सुग्घर देखिएका छन् । गाउँकी महिला स्वास्थ्य स्वयंसेविकाको विचारमा पनि सुधारिएको चुलोमा खाना चाँडै पाक्ने, केटाकेटीहरूलाई पढ्दा धुवाँ नहुने र स्वास्थ्यमा सुधार, बच्चाहरूमा निमोनिया रोगमा कमी जस्ता धेरै फाईदा रहेका छन् । उनीहरूले गाउँमा आउने पाहुनाहरूलाई सुधारिएको चुलोको प्रयोगबाट भएको फाईदाहरूको बताएर चुलो प्रवर्द्धनमा सहयोग पुऱ्याईरहेका छन् ।

## परम्परागत चुलो र सुधारिएको चुलोको प्रयोगबाट आएको परिर्वतनहरू

| परम्परागत चुलो | सुधारिएको चुलो |
|---|---|
| पहिला वर्षको १०० देखि १४० भारी चाहिन्थ्यो । | अहिले ५० देखि ६० भारी दाउराले पुगेको छ । |
| पहिला वार्षिक प्रति घरधुरी १२० भारीका दरले ६,२४० भारी दाउरा काटनु पर्ने थियो भने र प्रति व्यक्ति ५ भारीका दरले दाउरा काटदा १,२४८ जना खेताला लाग्ने र २०० रूपैयाँको दरले तिर्न पर्दा त्यसको ज्याला रू २,४९,६०० रूपैयाँ लाग्ने गरेको थियो । | अहिले त्यसको आधा दाउरा खपत हुँदा ३,१२० भारीबाट अनुमानित ६२४ जनाको ज्याला बचेको छ । यसबाट गाउँले करिव १,४०,८०० रूपैयाँ बचाएको छ । |

| परम्परागत चुलो | सुधारिएको चुलो |
|---|---|
| भान्छामा धेरै धुवाँ लाग्ने र महिलाहरूलाई स्वास्थ्यमा असर पुऱ्याएको थियो । | भान्छामा धुवाँ कति पनि नआउने र आरामसँग खाना पकाउन सकिने । |
| खाना पकाउन धेरै समय लाग्ने र विहान भरी भान्छामा नै बस्नुपर्ने थियो । | अहिले छिटै खाना पाक्ने र बचेको समय अन्य कामहरूमा प्रयोग गर्दै आएको छ । |
| पहिले वर्षमा २/३ जना बालबालिका अगेनामा आगोबाट पोल्ने घटनाहरू घट्थे । | सुधारिएको चुलो निर्माण गरे पश्चात् घटना घटेका छैनन् । |
| खाना पकाउने भाँडामा बढी कालो लाग्ने, भान्छा कोठा धेरै फोहोर हुने, भाँडा माझ्न गाह्रो हुन्थ्यो । | भाँडामा कालो नहुँदा माझ्न सजिलो र भान्छा कोठा पनि सफा भएको छ । |
| पछि खाने मानिसहरूलाई पुनः खाना तताउनु पदथ्यो । | अहिले खाना तताईराख्नु पर्दैन । चुलोमा बसाली राखे तातो भईरहने र थर्मसको काम गरेको छ । |
| पहिला धुवाँले गर्दा बच्चाहरूलाई पढन गाह्रो हुन्थ्यो । | अहिले भान्छा कोठाका साथै घर भित्र धुवाँ नआउने हुँदा केटाकेटीहरूको पढाइमा सहयोग पुगेको छ । |
| पहिला पुरूषहरू भान्छामा बस्न गाह्रो मान्थे र भान्छामा महिलाहरूले मात्र काम गर्नुपर्ने भएकोले बैठकहरूमा जान पाउँदैन थिए । | अहिले पुरूषहरू पनि भान्छामा बसेर खाना पकाउन रूचाएका, केटाकेटीहरूले भान्छामा पढदै आमालाई सहयोग गर्ने गरेका कारण महिलाहरू बैठकमा जान पाएका छन् । |
| पहिला भान्छामा बस्दा धेरै धुवाँ धुलोहरू खानुपर्ने र दमको रोगहरूबाट ग्रसित हुन्थे । | श्वासप्रश्वाससम्बन्धी बिरामी निकै घटेको छ । |

# धुवाँरहित भान्छायुक्त जिल्ला हुँदैछ, भोजपुर

कथा १९

*सामुहिक अभियान र स्थानीय प्रवर्द्धकहरूको अथक प्रयास, स्थानीय निकाय तथा अन्य सरोकारवालाहरूको सहयोगमा भोजपुरका गाविसहरूलाई "धुवाँरहित भान्छायुक्त" गर्ने अभियान सञ्चालन अगाडि बढिरहेको छ । यस अभियानका एकजना अभियन्ता फिल्ड प्राविधिक संयोजक मिलन भण्डारीको लेख .....*



वन तथा वातावरणमा सकरात्मक प्रभाव, घर भित्रको वायू प्रदषण नियन्त्रण, महिला एवं बालबालिकाको स्वास्थ्य र शिक्षामा प्रत्यक्ष सरोकार राख्ने सुधारिएको चुलो, भोजपुरमा घरभित्रको वायु प्रदूषण नियन्त्रण गर्नको साथै जलवायू परिर्वतनबाट देखापरेको नकारात्मक प्रभाव कम गर्न पनि निकै उपयुक्त प्रविधिका रूपमा देखिएको छ । वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम अन्तर्गत क्षेत्रीय नवीकरणिय ऊर्जा सेवा केन्द्र नामसालिङ सामुदायिक विकास केन्द्रको सहयोगमा स्थानीय साझेदार 'सामुहिक अभियान' मार्फत भोजपुर जिल्लामा २०६४ देखि जैविक ऊर्जा सहयोग कार्यक्रम सञ्चालन हुँदै आएको छ । जिल्लाका ६३ गाविस मध्ये पूर्वका ५ गाविसबाट शुरू गरिएको सुधारिएको चुलो कार्यक्रम हाल आएर ३० गाविसमा विस्तार भैसकेको छ । कार्यक्रमको प्रयासबाट जिल्लाका ५ हजार ५ सयभन्दा बढी सुधारिएको चुलो निर्माण भइसकेका छन् ।

सामुहिक अभियानले जिल्लामा स्थानीय विकासमा मुख्य अगुवाईकर्ताका रूपमा विकास-निर्माणका कार्यक्रमलाई लक्षित समुदायसम्म पुऱ्याउन र प्रभावकारी बनाउन स्थानीय सरोकारवाला निकाय जिविस, गाविस, जिल्लाका ऊर्जा तथा वातावरण शाखा, वन कार्यालय, जिविकोपार्जनका लागि वन कार्यक्रम, समुदायिक वन, महिला समूह र चोमोलुङ्मा एफ.एम.सँग समन्वय र सहकार्य गरेर अगाडि बढिरहेको छ । सुधारिएको चुलो कार्यक्रमलाई पनि थप प्रभावकारी बनाउन क्षेत्रीय नवीकरणीय ऊर्जा केन्द्रसँग सहकार्य गर्दै प्रर्वद्धक तालिम, ज्ञान, सीप, क्षमताको वृद्धि, महिला सचेतीकरण, विद्यालय अभिमुखीकरण गोष्ठी, प्रर्दशनी जस्ता विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएको छ ।

जिल्लामा १३० जनालाई सुधारिएको चुलो प्रवर्द्धक तालिम दिइएको छ । त्यसमध्ये आधाभन्दा बढीले जीविकोपार्जनको लागि चुलो निर्माण व्यवसायलाई अङ्गालेका छन् । स्थानीय बासिन्दाको मागको आधारमा सुधारिएको चुलो बन्नुपर्छ र सरोकारवाला एवं गाविसको सहभागितामा मात्र चुलो बनाउने अभियान सफल हुन्छ भन्ने सोचका साथ जैविक ऊर्जा सहयोग कार्यक्रम अन्तर्गत भोजपुर जिल्लाका २ गाविसहरू याकुका ५६८ घरधुरी र बोखिमका ६३७ घरधुरी सबै घरमा सुधारिएको चुलो निर्माण सम्पन्न गरी २०६८ असोज ८ गतेका निमित्त स्थानीय विकास अधिकारी खिलराज राईबाट **"धुवाँरहित भान्छायुक्त गाविस"** को घोषणा भएको छ । सुधारिएको चुलोको मर्मतसम्भार र गुणात्मक पक्ष कायम राख्दै दीगो रूपमा घरभित्रको धुवाँमुक्त बनाइ राख्न गाविसलाई नै जिम्मेवारी सहित केही रकम विनियोजन गरिएको छ । सरोकारवाला निकायको संयुक्त पहलमा अनुगमन, मूल्याङ्कन र प्रयोगकर्ताहरूको मनोभावन बुझी आगामी वर्ष भोजपुरका थप ६ गाविसलाई "धुवाँरहित भान्छायुक्त गाविस"को घोषणा गर्ने लक्ष्य लिईएको छ ।

# सुधारिएको चुलोको शक्ति : धूलो र धुवाँबाट मुक्ति

कथा २०

*सुधारिएको चुलो बनाएरै परिवार र खेतिपातिको व्यवहार चलाउँदै आएकी सुशिलाले पुरानो ऋण मात्र तिरेकी छैनन्, १ लाख रूपैयाँसमेत बचत गर्न सफल भएकी छिन् । उनीसँगको कुराकानीका आधारमा फिल्ड प्राविधिक संयोजक सानुबाबु पण्डितको लेख ...*

सुशिला भट्ट हाल धादिङ जिल्ला मैदी गाविस वडा नं २ उखुबारी निवासी हुन् । २०३५ मा ढोला गाविस वडा नं २ मा जन्मिएकी सुशिलाको सुर्दशन भट्टसँग २०५० मा विवाह भएको थियो । उनको परिवारमा श्रीमान् र छोराछोरी गरी जम्मा ४ जना छन् । उनले धादिङ जिल्लामा सुधारिएको चुलो कार्यक्रम लागु भए पछि २०६० सालमा सुधारिएको चुलो जडान तथा मर्मतसम्भार तालिम लिएकी हुन् । त्यसपछि उनी प्रायःजसो बिहान उठेपछि इँटा बनाउने साँचो, चुपी र इञ्चिटेप झोलामा बोकेर कहिले आफ्नो गाउँ त कहिले छिमेकी गाविसमा चुलो बनाउन जान्छिन् ।



सुशिला, मौका मिल्यो की गाउँलेलाई सुधारिएको चुलोको महत्त्वबारे कुरा गर्न थालिहाल्छिन् । उनले धादिङ जिल्लाको आफ्नो गाविस तथा छिमेकी गाविसहरू ढोला, नलाङ, मुरलिभञ्ज्याङ, चैनपुर, सेम्जोङ, नौबिसे, जीवनपुर, केवलपुरका साथै नुवाकोट र काठमाडौंका केही गाउँमा समेत चुलो बनाएकी छिन् । उनले हालसम्म १ हजार ५ सयभन्दा बढी सुधारिएको चुलो निर्माण गरिसकेकी छिन् । अवस्था र ठाउँ हेरी चुलो बनाए बापत २०० देखि ६०० रूपैयाँसम्म ज्याला लिने गरेकी छिन् । यसरी चुलो बनाएरै लगभग ४ लाख रूपैयाँभन्दा बढी कमाएको बताउँदै सोही आम्दानीबाट छोराछोरीको पढाइ, औषधी उपचार, घर मर्मत र खेतिपातिको लागि मलबीउ समेतमा खर्च धान्दै आएको सुनाउँछिन् । यसको साथै चुलोको कमाईबाट नै १ लाख भन्दा बढी पुरानो ऋण तिरेर थप १ लाख जति बचत गर्न सकेको बताइन् । सुधारिएको चुलो जडान गर्न थाले पछि आम्दानीको साथै विभिन्न ठाउँमा घुम्ने र मानिससँग सम्बन्ध विस्तार गर्ने अवसर पाएकोमा खुसी लागेको अनुभव सुनाइन् । उनले २०६५/६६ मा संख्यात्मक र गुणस्तरयुक्त चुलो जडान गरी सम्मानपत्र तथा २०६६/६७ मा जिल्लामा प्रथम पुरस्कार समेत पाएकी छिन् ।

सुशिलाले चुलोको साथै बिहाईभ ब्रिकेट बनाउने तालिम समेत लिएकी छिन् भने हाल प्रवर्द्धकहरूको संस्थामा 'नवीकरणीय ऊर्जा तथा वातावरण संरक्षण केन्द्र' उपाध्यक्ष समेत छिन् । आफ्नो गाउँघरमा सुधारिएको चुलोको पोष्टर तथा प्रयोगकर्ता निर्देशिका बाँडेर सुधारिएको चुलो जडानको लागि चेतना जगाई हिँड्ने भट्ट सुधारिएको चुलोबाट मुख्यतः वन संरक्षणमा मद्दत पुगेकोमा निकै सन्तुष्ट छिन् । यस्तै सुधारिएको चुलोको कारण गाउँका दिदीबहिनीहरूलाई दाउरा खोज्न घण्टौं हिँडनु नपर्ने, भान्छामा कम समय लाग्ने, भान्छामा बस्दा धुवाँको कारण लाग्ने स्वासप्रश्वाससम्बन्धी रोगबाट केही हदसम्म भए पनि मुक्ति मिलेको अनुभव सुनाउँदै, आफूले महिला र बालबालिकाको स्वास्थ्यमा सुधारका साथै वातावरण संरक्षणमा सहयोग गर्न पाएकोमा औधी खुसी लागेको बताइन् । भविष्यमा नवीकरणीय ऊर्जासम्बन्धी अन्य तालिमहरू लिई यस क्षेत्रमा निरन्तर लागिरहने वाचा गर्दै सुधारिएको चुलोको शक्ति नै धूलो र धुवाँबाट मुक्ति भएकोमा जोड दिइन् ।

# थिए शिक्षक, तालिम लिएर भए प्रवर्द्धक

कथा २१

*काभ्रेपलाञ्चोक जिल्लाको पुरानागाउँ गाविस वडा नं. २ सिम्लेमा ४३ वर्ष अघि जन्मेर १० कक्षासम्म पढेका रामशरण थापा पहिले प्राथमिक तहका शिक्षक थिए, तर २०६१ सालमा सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएपछि १,६०० भन्दा बढी चुलो बनाएर सफल प्रवर्द्धक र चुलो अभिभावक भएका छन् । हाल 'गणेश नवीकरणीय ऊर्जा प्रवर्द्धक संघ, काभ्रे'मा आवद्ध भएर जैविक ऊर्जा प्रवर्द्धनमा ब्यस्त छन् । संस्थाले क्षेत्रीय सेवा केन्द्र रिमरेकको स्थानीय साझेदारको रूपमा काम गर्दछ । उनको शिक्षकदेखि चुलो प्रवर्द्धकसम्मको अनुभव ...*



परिवारको जेठो सन्तान रामशरणको ५ जनाको परिवार छ । २०३८ देखि २०४३ सालसम्म गैरीविसौना देउपुर गाविसको तपेश्वर प्राथमिक विद्यालयमा शिक्षकको रूपमा काम गरेका रामशरण, सो काम प्रति असन्तुष्टि भएपछि ४ वर्ष जति भारततिर काम गर्न गएको बताउँछन् । त्यहाँ काम गर्दा पनि केही आर्थिक उन्नति नहुने देखेरे गाउँ फर्केर केही समय राजनीतिमा लागेका थापा २०५४ सालको स्थानीय निर्वाचनमा वडाअध्यक्ष समेत बनेका थिए भने २०५७ सालमा ग्रामीण कृषि कार्यक्रम अर्न्तगत तालिम लिई केही समय कृषिसम्बन्धी व्यवसाय गरेका थिए । यसरी देश-बिदेशको दुःख तथा हण्डर भोगेका थापाले २०६१ सालको मंसिरलाई सुनौलो महिनाको रूपमा लिन्छन् किनभने सोही महिना उनले सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएका थिए । तालिम पछि अहिलेसम्म १ हजार ६ सय सुधारिएको चुलो निर्माण गरेका छन् । उनले संस्थागत सुधारिएको चुलो र ब्रिकेट उत्पादन तालिम लिईसकेका थापाले गाउँको लगभग ८५ प्रतिशत घरमा र अन्य गाविसमा पनि माग अनुसार सुधारिएको चुलो निर्माण गरेका छन् । चुलो बनाएरै वर्षको लगभग ८० हजार कमाउँछन् र त्यसैबाट छोराछोरीको पढाइ र घरायसी खर्च चलेको बताउँछन् ।

सुधारिएको चुलो निर्माणमा निकै मेहनती र अनुभवी रामशरणले प्रशिक्षकको रूपमा समेत काम गरिरहेका छन् । अनुगमनमा जाँदा कुनै चुलो बिग्रिएको भेट्टाएमा सम्बन्धित प्रवर्द्धकहरूलाई उपभोक्ता कै घरमा बोलाएर मर्मत गरिदिने र सिकाई दिने काम गर्न पनि पछि पर्दैनन् । उनको अनुभवको सम्मान गर्दै काभ्रे जिल्ला प्रवर्द्धक सञ्जालले सुधारिएको चुलोसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न कर्मचारीको रूपमा विगत २ वर्षदेखि नियुक्ति दिएका छ । तर उनी फुर्सद हुँदा अझै सुधारिएको चुलो निर्माणमा अग्रसर हुन्छन् । उनले २०६६ चैत्रमा धुलिखेलमा सम्पन्न धुलिखेल महोत्सवमा रिमरेकले राखेको भान्छा व्यवस्थापनको स्टलमा सुधारिएको चुलोको निर्माण गरेका थिए, सो स्टल सर्वोत्कृष्ट घोषित भएको थियो ।

पुरानागाउँमा मात्र नभएर दाप्चा क्षेत्रमा नै सुधारिएको चुलाको लागि परिचित उनलाई बाटोमा भेटेका सबैले "टाढै लाग्नु भयो दाई ! चुलोको कार्यक्रममा हिँड्नु भएको ? त्यो गाउँमा पनि चुलोको कार्यक्रम छ ?" भनेर सोध्ने गरेको बताउँछन् । अन्य प्रवर्द्धक र प्रयोगकर्ताको चुलोसम्बन्धी कुनै पनि समस्या तुरुन्त समाधान गरी दिने उनलाई सबैले सामाजिक कार्यकर्ता भनेर पनि चिन्ने गरेका छन् । चुलोको कारण नै सबैसँग चिनजान भएको र सबैले सम्मान गरेकोमा निकै खुसी छन् ।

# तालिम हेर्न गएका अर्जुन आफैं प्रवर्द्धक बने, ज्यालाबाट बचाएको रकमले भैंसी किने

कथा २२

*भोजपुर जिल्ला बोखिम गाविस वडा नं. ९ का अर्जुन श्रेष्ठ भोजपुरमा सुधारिएको चुलोको तालिमसम्बन्धी बुझ्न गएका थिए, तर आफै तालिम लिएर प्रवर्द्धक बने । अनि सुधारिएको चुलो बनाएर बचेको पैसाले भैंसी किने र त्यसको गोवरमलको सदुपयोग हुने देखेर व्यवसायिक तरकारी खेतिलाई अगाडि बढाए । भोजपुरका फिल्ड प्राविधिक संयोजक मिलन भण्डारीले अर्जुनसँगको कुराकानीका आधारमा लेख्छन् .......*

भोजपुर सदरमुकामबाट २ कोष पश्चिममा रहेको बोखिम गाविस वडा नं. ९ को सामान्य परिवारमा जन्मेहुर्केका अर्जुन श्रेष्ठको ३ जनाको परिवार छ । बिगतमा के लाउँ, के खाउँ भन्नुपर्ने अर्जुनले सामुहिक अभियानले २०६७ मा भोजपुरमा दिएको सुधारिएको चुलोसम्बन्धी तालिमका बारेमा बुझ्न गएका उनी आफै पनि तालिम लिएर प्रवर्द्धक बनेका छन् । वास्तवमा उनी गाउँमा सुधारिएको चुलो प्रवर्द्धक तालिम सञ्चालन हुँदैछ भन्ने जानकारी पाएपछि सोसम्बन्धमा बुझ्न सामुहिक अभियानको कार्यालयमा पुगे । कार्यालयबाट चुलोको तालिम र जडान प्रक्रियाका साथै यसका फाइदाको जानकारीबाट प्रभावित भएर उनले प्रवर्द्धक तालिमका लागि आफ्नो नाम लेखाए । संस्थाले उनको उत्साह र जाँगरको सम्मान गर्दै तालिममा सहभागी गरायो । उनले १२१ चुलोहरू बनाएर जोहो गरेको रकमबाट नै एउटा दुधालु भैंसी किनेका छन् । यसको साथै गाउँलेलाई सुधारिएको चुलो र भान्छा व्यवस्थापनका फाइदा बुझाउन पनि घरको भान्छा सफासुग्घर र व्यवस्थित गर्ने, आँगन सफा राख्ने, खाना बनाउने, भान्छामा सामान मिलाएर राख्ने गरेका छन् । उनी घरायसी काम र बच्चा स्कूल पठाउने काम सघाउँछन् नै आफूले नभ्याए पछि मात्र श्रीमतीलाई घाँस काट्न पठाउँछन् । बिहान घरको काम गरेर दिउँसो चुलो बनाउन हिंड्ने अर्जुन बेलुका भैंसीलाई घाँस हाल्न र दुध दुहुन टुप्लुक्क आईपुग्छन् ।

केही गर्नुपर्छ भन्ने भावना बोकेका अर्जुनले बारीमा अदुवा, फुलकोबी र अम्लिसो पनि लगाएका छन् । उनी चुलोको तालिम पछि आफ्नो विगतलाई फर्केर हेर्दै भन्छन्– "माटोको सुधारिएको चुलो बनाएर यति अगाडि बढ्छु भन्ने लागेको पनि थिएन, आज त्यसैको कमाइले दुधालु भैंसी किनेको छु, घरमा मात्र नभई होटलमा समेत दुध बेच्ने गरेको छु । दिनभर सुधारिएको चुलो बनाउँछु अनि बिहान बेलुकी भैंसीको दुधका साथै गोबरमलबाट प्रयोग गरी तरकारी ब्यवसायलाई अगाडि बढाएको छु । सुधारिएको चुलोले मलाई धेरै फाइदा दिएको छ ।"

उनले सुधारिएको चुलोले स्वास्थ्यमा सुधार र समयको वचत हुनाले मानिसको काम गर्ने क्षमता बढ्ने र थप आयआर्जन गर्न सकिने कुरामा जोड दिए । त्यसैले गाउँलेलाई उनले आम्दानी बढाउने कामको लागि समय निकाल्न पनि सबैले सुधारिएको चुलो बनाउन अनुरोध गरेका छन् ।

# डकर्मीबाट सुधारिएको चुलो प्रवर्द्धक

कथा २३

*डकर्मी काम गरेर जीवनयापन गरिरहेका मानबहादुर तामाङले सुधारिएको चुलो तालिम लिएपछि महिनाको २५ देखि ३२ चुलो बनाउन थालेका छन् । नयाँ पेशाबाट खुसी उनले डकर्मी पेशा नै छाडेका छन् । मानबहादुरसँगको कुराकानीको आधारमा सोलुखुम्बुका फिल्ड प्राविधिक संयोजक गोपिन्द्र राईले पठाउनु भएको लेख ।*

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र/स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द्र (रिमरेक) काभ्रे र स्थानीय साझेदारी संस्था योङ्गस्टार क्लव सोलुखुम्बुको साझेदारीमा सञ्चालन भईरहेको जैविक ऊर्जा सहयोग कार्यक्रम अर्न्तगत सुधारिएको चुलो कार्यक्रम सोलुखुम्बु जिल्लाको १२ गाविसहरूमा सञ्चालन भईरहेको छ । यी गाविसहरूमा सुधारिएको चुलो प्रवर्द्धन गर्न प्रवर्द्धकहरूलाई तालिम दिईएको छ । तिनीहरू मध्ये एक प्रवर्द्धक हुन्, देउसा गाविस वडा नं. ३ का मानबहादुर तामाङ । उनले रिमरेक र योङ्गस्टार क्लवद्धारा २०६७ मा सञ्चालित सुधारिएको चुलो प्रवर्द्धक तालिममा सहभागी भएका थिए ।

सामान्य लेखपढ गर्न सक्ने मानबहादुरले आफ्नो ४ जनाको परिवार डकर्मी काम गुजारा चलाउँदै आएका थिए । सुधारिएको चुलो प्रवर्द्धक तालिम पश्चात् उनले सुधारिएको चुलो बनाउन थाले । गारो लाउने अनुभवले चुलो बनाउन झन् सजिलो भयो भने उनले बनाएको चुलो पनि राम्रा बने । महिनाको २५ देखी ३२ चुलो बनाउने मानबहादुरले हालसम्म ३०० जति चुलो बनाईसकेका छन् । चुलोबाट डकर्मी कामबाट भन्दा बढी नै आम्दानी हुन थालेपछि चुलोलाई प्राथमिकताकतामा राख्न थालेका छन् । चुलोबाट बचाएको रकमले उनले घर बनाउन शुरू गरेका छन् । उनको कामको प्रशंसा गर्दै रिमरेक र योङ्गस्टार क्लवले प्रवर्द्धकहरूको भेलामा प्रथम पुरस्कार समेत प्रदान गरेका छन् ।

सुधारिएको चुलो बनाउने काम गर्न पाएकोमा सन्तुष्ट मानबहादुरले आफ्नो खुसी व्यक्त गर्दै चुलोले आफूलाई दामको साथै नाम पनि दिलाएको बताए । त्यसैले त उनलाई गाउँमा चुलो बनाउने तामाङका नामले चिन्छन् ।

# कृषिबाट भन्दा सुधारिएको चुलोमा बढी फाइदा

कथा २४

*कृषिलाई मुख्य पेशा बनाएका रसुवा जिल्ला लहरेपैवा २ सिम्ले निवासी गोविन्द अगस्तीले विगत तीन वर्षदेखि नयाँ पेशा थालेका छन् । गोबिन्द अहिले एउटा अत्यन्त व्यस्त सुधारि एको चुलो व्यवसायिको रूपमा रसुवा जिल्लाभरी परिचित छन् । आफ्नो नयाँ पेशाको बारेमा गोबिन्दको धारणा यस्तो छ ....*

बुवा भवनाथ र आमा भवकुमारीका ४ छोराहरू मध्ये जेठो छोराको रूपमा २०२४ पुस ७ गते गोविन्द जन्मेका थिए । आर्थिक अवस्था र पढाइ पनि सामान्य लेखपढ मात्र, त्यसैले उनको पेशा भन्नु नै खेतिबारी थियो । त्यसको आम्दानीले परिवार पाल्नै मुस्किल पर्दथ्यो ।

ग्रामीण प्रविधि केन्द्रको प्राविधिक सहयोग र स्थानीय साझेदार संस्था लालीगुराँस सामुदायिक विकास केन्द्रको आयोजनामा २०६५ मा सञ्चालित ८ दिने सुधारिएको चुलो प्रवर्द्धक तालिममा सहभागी भई चुलो जडान र मर्मत गर्ने सीप प्राप्त गरी सुधारिएको चुलो बनाउने कार्यको थालनी गरे । उनले हालसम्म रसुवा जिल्लाको लहरेपैवा, यार्सा, धैबुङ, सरमथली, रामचे, भार्ले, डाँडागाउँ, ठुलोगाउँ र हाकु गाविसमा समेत गरी ३०० भन्दा बढी सुधारिएको चुलो निमार्ण गरिसकेका छन् । ठाउँ र अवस्था हेरी ३०० देखि ५०० रूपैयाँसम्म ज्याला लिने गोबिन्दले नगद समस्या भएका गाउँलेसँग जिन्सी लिएरै पनि चुलो बनाइदिएका छन् । चुलो बनाउन थाले पछि घर खर्च, बालबच्च्याको पठन पाठन र औषधी उपचार खर्चमा सहयोग पुगेको बताए ।

उनले ग्रामीण प्रविधि केन्द्रद्वारा आयोजित ४ दिने प्रवर्द्धक अनुभव आदान-प्रदान कार्यक्रममा सहभागी भई विभिन्न जिल्लाको गतिविधि र वस्तुस्थिति बुझ्ने मौका पनि पाए । यसको साथै ग्रामीण प्रविधि केन्द्रको आयोजनामा रसुवामा आयोजित कार्यक्रममा लगनशिलता, चुलो संख्या र प्राविधिक गुणस्तरको आधारमा २०६६ मा प्रथम र र २०६७ मा दोस्रो पुरस्कार पाएका छन् । त्यसैगरी AEPC/ESAP बाट प्रमाणित प्रवर्द्धक (Certified Promoter) हुन सफल उनले स्थानीय साझेदार संस्थामा कर्मचारीको रूपमा काम गर्ने अवसर पाएका छन् ।

ग्रामीण प्रविधि केन्द्रले सञ्चालन गरेका चुलो प्रवर्द्धकहरूको तालिममा नयाँ सहभागी साथीहरूलाई धेरै पटक प्रशिक्षकका रूपमा तालिम दिने मौका पाएका उनले बिहाईभ ब्रिकेट र मौरीपालनसम्बन्धी तालिम पनि लिएका छन् । फलस्वरूप, उनले बिभिन्न संस्थाहरूले सञ्चालन गर्ने तालिमहरूमा प्रशिक्षकको रूपमा सहभागी भई थप आम्दानी बढाउने अवसर दिएकोमा CRT/N र AEPC/ESAP लाई हृदयदेखि नै धन्यबाद दिएका छन् । यसै क्षेत्रमा आफ्नो भविष्यमा सुरक्षित रहेको बताउने गोविन्दले ऊर्जासम्बन्धी अन्य प्रविधिको पनि तालिम लिएर वातावरण मैत्री ऊर्जाको प्रवर्द्धनमा निरन्तर लागिरहने अठोट गरेका छन् ।

# सामाजिक परिचालकबाट प्रवर्द्धक र संस्थाको अध्यक्ष

कथा २५

*विभिन्न संघसंस्थामा सामाजिक परिचालक भएर पनि सोचेजति आम्दानी गर्न नसककोमा सुधारिएको चुलो बनाएर उल्लेख्य आम्दानी र ५ रोपनी खेत जोडेका कृष्णकुमार 'ग्रामीण ऊर्जा तथा सामुदायिक विकास संघ'का अध्यक्ष पनि हुन् । उनले आफ्नो समाज परिचालनको सीपलाई सुधारिएको चुलो प्रवर्द्धनमा सदुपयोग गरी चुलो व्यवसायलाई अगाडि बढाएका छन् । उनको प्रगति हाम्रो लागि पनि उत्प्रेरणाको स्रोत बन्न सक्छ ।*

दोलखा जिल्ला घ्याँसुका ठोकर-५ ओखेनीका कृष्णकुमार थोकरले सुधारिएको चुलोबाट जीवनको गोरेटोमा नयाँ बाटो खुलेको बताउँछन् । एसएलसी पास गरेर द्वन्द्व व्यवस्थापन कार्यक्रममा १ वर्ष सामाजिक परिचालकको रूपमा काम गरेका उनले त्यसपछि स्थानीय विकास कोष दोलखामा १८ महिना सामाजिक परिचालकको रूपमा काम गरे ।

वि.सं. २०६० मा जब सुधारिएको चुलोको तालिम लिए, त्यसपछि आफूले व्यवसायिक रूपमा काम गर्न पाएको र राम्रो आम्दानी समेत भएको बताउँछन् । उनको विचारमा चुलो केवल खाना पकाउने साधन मात्र होइन, यो त जीवन साथी हो । एक हजार भन्दा बढी चुलो बनाएका कृष्णले चुलो बनाएरै करिव ५ लाख रूपैयाँ आम्दानी गरेको बताउँछन् । आफ्नो ७ वर्षको अनुभवबाट प्रवर्द्धकहरूको सञ्जाल बनेमा दिगो रूपमा सुधारिएको चुलो विस्तार गर्न सकिन्छ भन्ने सोचर २०६४ बैशाख ३ गते जिल्ला प्रशासन कार्यालय दर्ता भएको प्रवर्द्धकहरूको छाता सङ्गठन 'ग्रामीण ऊर्जा तथा सामुदायिक विकास संघ' स्थापना गर्न सफल भएका छन् । उनको सक्रियता र मिहेनतको कदर गर्दै उनलाई संस्थाको अध्यक्ष चुनेका छन् । कृष्णले आफ्नो कार्यकालमा संघबाट केही उल्लेखनीय काम गरेको बताउँछन् । हाल संस्थाले क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्रसँग सम्झौता गरी ११ गाविसमा जैविक ऊर्जा सहयोग कार्यक्रम सञ्चालन गरिरहेको छ । संस्थाले सुधारिएको चुलोको अतिरिक्त मान्यता प्राप्त फलामे चुलो उत्पादकहरूसँग सम्झौता गरी २५० फलामे चुलो जडान गरिसकेको छ । यसबाट प्राप्त मुनाफाबाट सुधारिएको चुलोको माग सिर्जना गर्न स्थानीय एफ.एम.बाट प्रचारप्रसार गरिएको छ ।

माग सिर्जना र आपूर्तिलाई राम्ररी बुझेका कृष्ण स्थानीय प्रवर्द्धकहरूलाई समयमै गुणस्तरीय चुलो बनाउन उत्प्रेरित गर्छन् र फूर्सदको समयमा उनी आफै पनि सुधारिएको चुलो बनाउन सक्रिय हुन्छन् । उनकी जहान शर्मिला थोकर भन्छिन्, "श्रीमान्ले चुलो बनाएर ल्याएको पैसाले घर खर्च र दुई छोराछोरीलाई पढाउने खर्च पुगेको छ । बचेको पैसाले पाँच रोपनी खेत र तीन तोला सुन किनेर दिदी, आमा र आफूले समेत लगाउन पाएकी छु ।" सुधारिएको चुलो व्यवसायले गाउँमै बसेर खेतिपाति राम्रो आम्दानी गर्न सकेको र अबको आम्दानीबाट मोटरसाईकल किन्ने लक्ष्य रहेको सुनाएका छन्, कृष्णले । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको जैविक ऊर्जा सहयोग कार्यक्रमबाट प्रमाणित प्रवर्द्धक कृष्ण सुधारिएको चुलो जडान गरी समुदायलाई स्वास्थ्य, स्वच्छ वातावरण, आर्थिक टेवा र समयको बचत भएको सुनाउँछन् ।

# वातावरण, व्यवसाय र जीविकोपार्जनमा सहयोगीः सुधारिएको चुलो

कथा २६

*कृषिलाई नै मुख्य पेशा बनाएका डाँडीघाट निवासी किरण अर्यालले बिगत सात वर्षदेखि नयाँ व्यवसाय अङ्गालेका छन् । किरण र उनले अंगालेको नयाँ व्यवसायको बारेमा फिल्ड प्राविधिक संयोजक सानुबाबु पण्डितको प्रस्तुति ...*

किरण अर्याल, धादिङ जिल्ला तसर्पु गाविस वडा नं. ५ डाँडीघाटमा अमरबहादुर अर्याल र चन्द्रप्रभा अर्यालका ६ छोरा र ३ छोरी मध्ये काइलो छोराको रूपमा २०२६ सालमा जन्मेका थिए । सामान्य लेखपढ मात्र जानेका र गरिबी भेल्दै अनेकौं दुःखकष्टसँग पौंठेजोरी खेलेका उनले परिश्रमले मानिसलाई स्वावलम्बी बनाउँछ भन्ने विश्वासका साथ कृषि पेशा अँगाल्दै आइरहेका अर्याल त्यसबाट सन्तोषजनक उपलब्धी हुन नसकेपछि २०६० सालमा नयाँ कामको खोजीमा थिए ।



यस्तैमा ग्रामीण प्रविधि केन्द्रद्वारा २०६० चैत १२ देखि २० गतेसम्म सञ्चालित ८ दिने सुधारिएको चुलो प्रवर्द्धक तालिममा सहभागी भई सीप सिक्ने अवसरले उनको नयाँ व्यवसायमा लाग्ने आकांक्षामा सघायो । तालिम सकिए पछि २०६१ साल देखिनै गाउँघरमा गएर चुलो बनाउन थाले । उनले हालसम्म धादिङ जिल्लाको तसर्पु, भुमेस्थान, थाक्रे, नौविसे, गोगनपानी, केवलपुर, मुरलीभञ्ज्याङ, मैदी, गजुरी र छत्रेदेउराली गाविसहरूका साथै मकवानपुरको टिष्टुङ, पालुङ, दामन, आग्रा गाविस र काठमाडौंको थानकोट गाविसमा समेत गरी १ हजार ६ सय भन्दा बढी सुधारिएको चुलो निमार्ण गरिसकेका छन् । चुलको प्रकार र श्रम हेरी ३०० देखि ६०० रूपैयाँसम्म ज्याला लिने उनले नगद दिन नसक्नेसँग जिन्सी वा पर्म लिएर पनि चुलो बनाउने गरेका छन् । त्यसैले त किरण गाउँघरमा निकै लोकप्रिय भएका छन् । चुलो बनाएरै घर खर्च, बालबच्च्चाको पठनपाठन र औषधी उपचार गरेका छन् भने ३ लाख रूपैयाँ बचाएका छन् । यसरी चुलो बनाएरै जोगाएको रकमा १ लाख ऋण थपेर चितवनमा ४ कट्ठा जग्गा समेत किनेका छन् ।

२०६३ र २०६५ सालमा ग्रामीण प्रविधि केन्द्रले आयोजना गरेको अन्तरजिल्ला अध्ययन भ्रमणमा सहभागी भएर विभिन्न जिल्लाको गतिविधि र वस्तुस्थिति बुझ्ने मौका पाउनुको साथै २०६२ र २०६३ मा सोही संस्थाद्वारा धादिङबेसीमा आयोजित कार्यक्रममा लगनशिलता, उल्लेख्य चुलो निर्माण र गुणस्तरको कारण उत्कृष्ट प्रवर्द्धकको रूपमा पुरस्कृत हुन सफल भए । यस्तै २०६५/६६ मा सम्मानपत्र र २०६६/६७ मा दोस्रो पुरस्कार पाउन सफल भए । आफूले सङ्गालेका सैद्धान्तिक र व्यवहारिक ज्ञान चुलो प्रवर्द्धकहरूको तालिमका सहभागी साथीहरूलाई सिकाउने अवसर समेत पाएका छन् ।

यसरी सुधारिएको चुलोले नयाँ व्यवसायको अवसर दिनुका साथै भान्छामा धुलोधुवाँबाट मुक्ति, खाना पकाउने समयको बचत र दाउराको खपतमा कमीबाट वातावरण र प्राकृतिक सौन्दर्यलाई जोगाउने कार्यमा निकै टेवा पुऱ्याइरहेको अनुभव सुनाउँदै उनी सुधारिएको चुलो प्रवर्द्धनमा सरोकारवाला संघसंस्थाले अझ प्रभावकारी भूमिका खेल्नुपर्ने बताउँछन् ।

# सुधारिएको चुलोबाट लघु उद्यमको विकास र विस्तार

कथा २७

*इलामको पशुपतिनगर गाविस वडा नं. ८ रूङसुङ्ग बस्ने शिवलाल प्रधान शिक्षक र उद्यमी पनि हुन् । स्थानीय स्तरमा उत्पादन हुने दुधले सहज बजार र उपयुक्त भाउ नपाएपछि २०५६ मा कोसेली ललिपप उद्योग खोले, तर दाउरा नपाएर र महंगीले समस्यामा परेका बेला संस्थागत सुधारिएको चुलो जडान गरे पछि अहिले उद्योग विस्तारमा हौसिएका छन् ...*

वि.सं. २०५६ मा भारतको कालिङपोङबाट कामदार झिकाई स्थापित उद्योगमा आफै कामदार भई दुधजन्य वस्तु उत्पादन सिक्न थाले । ४० लिटर दुधबाट शुरू भएको उनको उद्योगमा हाल दैनिक १०० लिटर दुध प्रशोधन गरी घ्यू, बम्बइसन, ललिपप, पुष्टकारी आदि उत्पादन हुन्छ । उद्योगमा ५ जना स्थानीयले प्रत्यक्ष रोजगारी र अन्य दुग्ध उत्पादक किसानहरूले लाभ लिइरहेका छन् भने उनी आफैं पनि ललिपप तथा दुधका परिकार बनाउने तालिममा स्रोत व्यक्तिको रूपमा काम गर्दै आएका छन् । उनको उत्पादनले काठमाडौं, झापा, भैरहवाका साथै भारतमा समेत राम्रो बजार पाईरहेको छ । व्यवसायबाट मासिक डेढ लाख भन्दा बढी आम्दानी हुनाको साथै उनले उद्योग सञ्चालनको लागि कृषि विकास बैंकबाट लिएको ३ लाख ऋणको ब्याज नाफाबाट तिर्न सहज भईरहेको उनको कथन छ ।



दाउरामा भरपर्नु पर्ने उनको उद्योगमा पर्याप्त मात्रामा दाउरा नपाउनु र पाइए पनि निकै महंगो हुनाले उनलाई उद्योग चलाउन नै समस्या पर्दै आएको छ । त्यसमाथि शिक्षक भएकोले वन र वातावरण संरक्षणको नैतिक जिम्मेवारी पनि छँदैछ । यस्तैमा नामसालिङ सामुदायिक विकास केन्द्र इलामको प्राविधिक तथा जैविक ऊर्जा सहयोग कार्यक्रमको आर्थिक अनुदान ४,००० रूपैयाँमा उद्यमी शिवलालको थप ४,००० समेत कुल ८,००० रूपैयाँको लगानीमा हालै दुईमुखे संस्थागत सुधारिएको चुलो जडान गरिएको छ । नयाँ चुलो जडान गरेपछि वर्षको करिव २ लाख रूपैयाँ बचत हुनुको साथै दाउराको समस्या पनि कम भएको छ भने उत्पादित परिकारहरू समेत धुवाँ नगनाउने र गुणस्तरीय हुनाले मागमा समेत बृद्धि भएको उनको ठहर छ । नयाँ चुलोले त्यसभन्दा बढी दमकी रोगी श्रीमतीको स्वास्थ्यमा सुधार आएको छ ।

शिवलालको भनाइ अनुसार इलाममा उनकै प्रकृतिका २२ उद्योगहरू छन्, जसमा दाउरा नै इन्धनको मुख्य स्रोत हो । यदि सुधारिएको चुलो जडान गर्न सकिएमा ति उद्यमीले पनि थप लाभ लिनका साथै स्थानीय पर्यावरण संरक्षण गर्न सकिने उनको जीकिर छ । उनले आफ्नो उद्योगमा थप दुईवटा संस्थागत सुधारिएको चुलोहरू जडान गरी उत्पादन बढाउने र फिक्कल, झापा र काठमाडौंमा डिलर खोल्ने योजना तय गरिसकेका छन् । यसरी एकजना शिक्षकलाई सफल व्यवसायी बन्नमा सुधारिएको चुलोले सहयोग पुऱ्याएको छ । ऊर्जाको वैज्ञानिक तथा व्यवहारिक प्रयोग गर्न अन्य उद्योगहरूले पनि अग्रसर भएको खण्डमा शिवलालको जस्तो सफलता मिल्ने कुरामा दुईमत छैन र हाम्रो समेत यही सुझाव छ सम्पूर्ण उद्योगीहरूलाई ।

# सिलिण्डर ग्यास होइन अब संस्थागत सुधारिएको चुलो

कथा २८

*आजको युग स्वच्छ ऊर्जा प्रयोगको युग हो, तर नेपालका ८३ प्रतिशत जनता अझै पनि खाना पकाउन परम्परागत ठोस जैविक ऊर्जा (दाउरा) प्रयोग गरिरहेका छन् । परम्परागत चुलाको समस्याबाट मुक्ति पाउन कैयौं घरमा दाउराको सट्टा ग्यासको प्रयोग गर्न थालेको पनि देखिएको छ । तर गोरखा जिल्लामा रहेको मनकामना बहिरा निम्न माध्यामिक विद्यालयमा ग्यासको विकल्पमा दाउरा प्रयोग हुने संस्थागत सुधारिएको चुलो बनाइएको छ । किन र कसरी चुलो बन्यो र त्यसको कस्तो अनुभव रह्यो त ? गोरखाबाट फिल्ड प्राविधिक संयोजक हरिशरण सोतीको प्रस्तुति ....*

बहिराहरूको लागि शिक्षाको ज्योति दिने उद्देश्यले गोरखा बहिरा संघ, गोरखा नगरपालिकाको वडा न. ८ र ९ टक्सार र विरेनचोकका स्थानीय बासिन्दाको पहलमा २०४५ सालमा मनकामना बहिरा निम्न माध्यामिक विद्यालय स्थापना गरिएको थियो । अहिले यो विद्यालय नेपालकै नमुना विद्यालय बन्न सफल भएको छ । पाँच रोपनी जग्गामा फैलिएको यस विद्यालयमा हाल ४ वटा पक्कि भवन छ । विद्यालयमा बिभिन्न जिल्लाका ८८ जना बहिरा बिद्यार्थिहरूले अध्ययन गरिरहेका छन् भने सबै बिद्यार्थीहरूलाई छात्रावासको व्यवस्था गरिएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खडानन्द रेग्मीको भनाई अनुसार हाल नेपाल सरकार र बिभिन्न गैरसरकारी संस्थाहरू समेतको आर्थिक सहयोगले स्कूल सञ्चालन भईरहेको छ । शुरूको अवस्थाभन्दा अहिले सहज भए पनि प्राप्त सहयोगबाट १२ जना शिक्षकशिक्षिका र ४ जना कर्मचारीहरूको तलबको साथै छात्रावासमा बस्दै आएका विद्यार्थीको रासनपानीको व्यवस्था गर्न गाह्रो छ । त्यसैले विद्यालयले नपुग रकम बिद्यार्थीहरूबाट समेत उठाउँछ ।



एकातिर आर्थिक समस्या त्यसमाथि बढ्दो ग्यासको भाउ र ग्यासको अभावबाट छुटकारा पाउन विकल्पको खोजीमा रहेका अध्यक्ष रेग्मी रेडियोबाट सुधारिएको चुलो सम्बन्धी जानकारी सुनेपछि सोसम्बन्धमा बुझ्न ग्रामीण सशक्तीकरण समाज दमौली तनहुँ पुगे । संस्थागत सुधारिएको चुलो, त्यसको लागत र सम्भावित सहयोग सम्बन्धमा जानकारी पाए पछि त्यसले होस्टेलको इन्धनको विकल्प दिनसक्छ भन्ने पुरै विश्वास नभए पनि नयाँ खालको चुलो भएकोले बनाइ हेरौं भनेर चुलो बनाउने निष्कर्षमा पुगेको बताए । चुलो बनाउन जैविक ऊर्जा सहयोग कार्यक्रमले रू. ७५०० बराबरको सामान र प्राविधिक सहयोग उपलब्ध गराउने भयो भने हिमाली क्षेत्र विकास केन्द्रले त्यसको समन्वय गर्ने र नपुग हुने रू. ३५०० विद्यालयले लगानी गर्ने निधो भए बमोजिम २०६७ साल साउनमा विद्यालयमा सुधारिएको चुलो जडान भयो ।

तालिम प्राप्त सुधारिएको चुलो प्रवर्द्धक ईन्द्रबहादुर थापा र जीवन कोईरालाले चुलोको सर्वेक्षण गर्नेदेखि लिएर जडानको समयमा प्राविधिक सहयोगका साथै जडान पश्चात् गरिने नियमित अनुगमन र चुलोको बिषयमा नियमित रूपमा जानकारी गराउँदै गए । चुलो त बन्यो तर १५ दिनसम्म लिपपोत गरेपछि मात्र प्रयोग गर्नुपर्ने प्राविधिकहरूको सल्लाह बमोजिम, १५ दिन पछि हिमाली क्षेत्र विकास केन्द्रका उपाध्यक्ष हरिबहादुर घले गैरसरकारी सस्था महासंघ गोरखाका अध्यक्ष काजिराम रोकाको उपस्थितिमा चुलोको प्रयोग शुरू भयो । "चुलो जडान गर्दा पनि माटोको चुलो त्यसमा केही रडको प्रयोगले ठूला भाँडामा खाना पकाउन सकिएला जस्तो लागेको थिएन । चुलोमा खाना समेत पकाएर खाएपछि बल्ल विश्वास लाग्यो ।" अध्यक्ष रेग्मीले खुसी व्यक्त गरे ।

सुधारिएको चुलोबाट निकै खुसी विद्यालय परिवारको इन्धन खर्चमा पनि वचत भएको छ । "पहिले महिनाको ८ वटा ग्यासमा रू. १२,००० खर्च हुनेमा अहिले करिव रू. २,१०० को दाउरा भए महिनाभरी पुग्ने र यसबाट मोटामोटी महिनाको करिव १०,००० वचत भएबाट विद्यालय सञ्चालनमा निकै सघाउ पुगेको छ ।", अध्यक्षले सुधारिएको चुलोको वचत हिसावको जानकारी दिए । उनले सुधारिएको चुलो विद्यालयका साथै होटेल, रेष्टुरेन्टका अनि घरघरमा पनि जडान गर्नुपर्ने बताए भने विद्यालयमा भविष्यमा आवश्यक पर्ने थप ऊर्जाका लागि वायोग्यास निकाल्ने सोच समेत बनाएको सुनाए ।

विद्यालयका भान्छे पनि नयाँ चुलोबाट निकै खुसी छन् । उनले नयाँ चुलोमा धुवाँ नहुने र एकै पटक धेरै खाना पकाउन सकिने हुँदा सजिलो भएको बताए । उनको अनुभवमा ग्यासमा खाना पकाउँदा भात राम्ररी नपाक्ने समस्या हुन्थ्यो र विद्यार्थीहरूले भात काँचो भएको गुनासो गरिरहन्थे । नयाँ चुलोमा भाँडामा राम्ररी आगो लाग्ने भएकोले खाना राम्ररी पाक्ने र विद्यार्थीहरूले पनि भात-दाल निकै मिठो मान्ने गरेका छन् । यस्तै भान्छेले नयाँ चुलोमा आगोका लप्काहरू बाहिर नजाने हुँदा आगोले पोल्ने र आगोलागीको जोखिम समेत कम भएको बताए ।

# सीप सिकौं, जीवन सुधारौं

कथा २९

*तेह्रथुम जिल्लाको जलजले गाविस वडा नं. ४ का ज्ञानबहादुर लिम्बू तालिम प्राप्त सुधारिएको चुलो प्रवर्द्धक हुन् । उनले NCDC धरानको आर्थिक तथा प्राविधिक सहयोगमा र देउराली सोसाइटी तेह्रथुमद्वारा २०६५ मा सञ्चालित सुधारिएको चुलो प्रवर्द्धक तालिम सहभागी भएका थिए । तालिमले उनको आयस्तर बढाउनुको साथै जीवनशैलीमा पनि परिवर्तन आएको छ । उनको जीवनमा आएको परिवर्तनसम्बन्धमा तेह्रथुमका फिल्ड प्राविधिक ज्योति लिम्बुको लेख ....*



ज्ञानबहादुर मध्यम वर्गीय किसानका छोरा भएकोले खेतिपाति गरेर दिनहरू बिताउँथे । यस्तैमा गाउँमा प्रवर्द्धक छनौटको लागि नागरिक सुनुवाई हुँदा उनले तालिममा सहभागिता हुने इच्छा जनाए पछि २०६६ सालमा सुधारिएको चुलो प्रवर्द्धक तालिम लिने अवसर पाए । उनले देउराली सोसाइटी र विभिन्न सहकारी संस्थाहरूसँग समन्वय गरी सुधारिएको चुलोसम्बन्धमा जानकारी दिन थाले । उनको भनाइमा, "शुरूमा सुधारिएको चुलोको महत्त्व र यसको लागत सुनेर होला, मानिसहरूले चुलो जडान गर्न अलि गाह्रो माने । तर हरेस नखाइ निरन्तर लागि रहँदा मानिसहरूले पनि बुझ्न थाले । सुधारिएको चुलोमा खाना पकाउन सजिलो हुने, आधा दाउरा लाग्ने, भान्छाको धुवाँ चिम्नीबाट बाहिर जाने र यसले विशेषगरी स्वास्थ्यमा सुधार हुने र वातावरण संरक्षण समेत मद्दत पुग्ने कुरा बुझे पछि भने सुधारिएको चुलो बनाइ माग्ने गाउँलेहरूको संख्या पनि बढ्दै गयो ।" उनले आफ्नो गाविसका साथै छिमेकी गाविस र अर्को जिल्लामा समेत गएर २०० सुधारिएको चुलाहरू बनाइसकेका छन् । सलक्क परेको खाना पकाउन सजिलो चुलो देखेपछि प्रयोगकर्ताहरूले पनि उनको सीप र मेहेनतको पारिश्रमिक दिन हिच्किचाउँदैनन् । चुलोको प्रयोग गरेर उनको सीपको प्रशंसा र धन्यवाद दिनेहरूको संख्या पनि बढिरहेको छ ।

आफ्नो कामबाट सन्तुष्ट ज्ञानबहादुरले कुराको बिट मार्दै, आफ्नो सीपको बारेमा भने, "मैले तालिममा सिकेको सीपलाई व्यवहारमा प्रयोग गरेर थप आम्दानी गर्न सकेको छु । मेरो नाम र दाम दुवै कमाउन सकेको छु । त्यसैले मैले जस्तै सुधारिएको चुलो बनाउने सीप सिकौं र जीवनलाई सुधारौं ।"

# नेपालमै माटो समाई, मलेसियाको भन्दा बढी कमाई

कथा ३०

*लगनशिलता र मेहेनतले भाग्यलाई बदल्न सकिन्छ, निरन्तर लागे जीवन बदल्न सकिन्छ । हो, बाल्यकालमा नै बुबाआमा गुमाएका नवराज ढकालले ८ दिने सुधारिएको चुलो प्रवर्द्धक तालिम पछि निरन्तर सोही कर्मक्षेत्रमा लागेर जीवन बदलेका छन् । दिनको २-३ वटा चुलो बनाएर नेपालमै दिनको १,२०० भन्दा बढी कमाएका छन्, उनको कमाइ मलेसिया जाने, पढेलेखेका र बैदेशिक रोजगारीमा जाने युवाहरूका लागि चुनौति पनि हो । के साँच्चै नेपालमा बैदेशिक रोजगारीमा भन्दा कमाउन सकिन्छ त? प्रस्तुत छ नवराजको अनुभव फिल्ड प्राविधिक संयोजक चिजा अधिकारीबाट ...*

विगत ५ वर्षदेखि निरन्तर रूपमा चुलो जडान गर्दै आएका नुवाकोट जिल्ला, गणेशस्थान गाविस वडा नं. ५ बस्नेत डाँडामा बस्ने नवराज ढकालको जीवन निकै दुःखदायी र कष्ठपूर्ण रह्यो । गर्भमा छँदै बुबाको र एक वर्षको हुँदा आमाको मृत्यु भएपछि कान्छा बुबाआमाको लालनपालनमा हुर्किएका नवराज साधारण लेखपढ मात्र गर्न सक्छन् । पढाइ कम भएकोले राम्रो रोजगारीको सम्भावना नदेखेका उनले २०६३ मा ग्रामीण प्रविधि केन्द्रको प्राविधिक सहयोगमा स्थानीय साझेदार संस्था सुर्योदय सामाजिक क्लबको आयोजनामा सञ्चालित सुधारिएको चुलो जडान तथा मर्मतसम्भारसम्बन्धी ८ दिने तालिम लिए पछि भने उहाँको जीवनमा नयाँ परिवर्तन आयो ।

तालिम पछि उनी चुलो जडान कार्यमा निरन्तर लागी रहे । नयाँ मानिस देख्ने बित्तिकै सुधारिएको चुलोको फाईदाहरूबारे जानकारी गराउने, एउटै बस्तीमा लामो समय बसेर चुलो बनाइ हिँड्ने अनि मानिसहरूमा सचेतना बढ्दै गएकोले पनि चुलोको माग बढिरहेको उनको विचार छ । त्यसैले उनी बिहानको मिरमिरेसँगै इँटा पार्ने साँचो झोलामा राखी हिँडे पछि महिनौंसम्म प्रयोगकर्ताहरूको घरबस्तीमा नै बसी, एक बस्तीबाट अर्को बस्तीमा गई चुलो जडान कार्यमा व्यस्त हुने उनको बानी रहेको छ । चुलो बनाउँदै उनी नुवाकोट जिल्लाका ३० गाविस र रसुवाका ६ गाविस पुगिसकेका छन् । कहिले इँटा पार्ने त कहिले चुलो जडान गर्नु उनको दिनचर्या बनिसकेको छ । त्यसैले पनि उनी दिनको तीनवटासम्म चुलो जडान गरिसक्छन् । एउटा चुलो बनाएको ६०० देखि ८०० रूपैयाँ लिने नवराजले हालसम्म १ हजार ५ सयभन्दा बढी सुधारिएको चुलोहरू बनाइसकेका छन् । यसबाट उनले औसत मासिक १५ हजार कमाएका छन् ।

आफ्नो कमाइबाट सन्तुष्ट नवराजले बताए, "चुलोको कमाइबाट नै चार जनाको सुखी परिवार चलेको छ । अलिकति भएपनि घरघडेरी जोडेको छु । बच्चाहरूलाई राम्रो शिक्षा दिन सकेको छु । विदेशमा गएको भए कति नै कमाउँथे मजस्तो अनपढले, बरू गाउँमै चुलो बनाएर महिनाको दसौं हजार कमाएको छु । " उनी मेहेनत गरे स्वदेशमा नै मनग्य आम्दानी गर्न सकिने सम्झाउँदै भन्छन्, "आफ्नै देशको माटो समाई, गरेको छु मलेसिया जाने युवाहरूको भन्दा बढी नै कमाई ।"

# रोजगारीको अवसर सिर्जना गरेको छ सुधारिएको चुलोले

कथा ३१

*जीवनमा सफलता पाउन ठूलै काम गर्नुपर्छ भन्ने गलत मान्यताको कारण मानिसहरू सानो काम र प्रयासबाट पनि जीवनमा परिवर्तन ल्याउन सकिन्छ भन्ने कुरा बिर्सिरहेका छन् । तर सानो कामको सुरूवातबाट पनि जीवनमा बाँच्ने आधार बनाउन सकिन्छ । मनमा अठोट र काममा लगनशिलता साथै इमान्दारिता भयो भने सफलता खोज्न टाढा जानु पर्दैन भन्ने उदाहरण बनेकी सुशिला गैरेको कथाव्यथा उनकै शब्द सापटी लिएर जैविक ऊर्जा सहयोग कार्यक्रमको जिल्ला साझेदार मेस्डो नेपाल, कपिलवस्तुका जिल्ला संयोजक मनोजकुमार थापा लेख्छन् ....*



बिष्णुप्रसाद र खिमाकी छोरीका रूपमा २०३९ भदौ १७ गते जन्मेकी सुशिला गैरेले अर्काको घरमा ज्याला-मजदुरी गर्दै एसएलसीसम्म पढिन । गरिबी र अरू भाइ-बहिनीहरूलाई पनि पढाउनु पर्ने पारिवारीक जिम्मेवारीले पढ्ने चाहना भएर पनि बिचैमा पढाइलाई अन्त्य गर्नुपऱ्यो । छोरीको जात माइतिघरमा धेरै राख्नुहुँदैन भन्ने मान्यताले गर्दा २०५५ सालमा विष्णुप्रसाद भुसाल सित विवाह भयो । श्रीमान्को आम्दानीको भरमा चलिरहेको दुई छोराहरू सहितको परिवारमा २०६३ सालमा श्रीमान्को असमायिक निधनपछि त उनको जीवनमा ठूलै बज्रपात भयो । जीवनभर साथ दिन्छु भन्नेले अचानक छोडेर गएपछि अब कसरी बाँच्ने हो अन्योलता थियो । त्यसै माथि ठूलो छोरा पनि सुस्त मनिस्थितिको भएपछि समस्या झन् बढेको थियो । एक्लो ज्यानले दुई छोराहरू सहितको परिवारलाई गाँस र बासको व्यवस्था गर्न निकै कठिन थियो । पछि माइतिको सहयोगमा सानो बस्ने बासको व्यवस्था त भयो, तर बिहान-बेलुकाको गाँस जुटाउन हम्मेहम्मे भयो । उनले बताइन्, "जीवनधान्न ज्यालामजदुरी, निर्वाचन ताका म्यादी प्रहरी र कपिलवस्तु जिल्लाकै सक्रिय समाज संस्थामा सामाजिक परिचालकको रूपमा १ वर्ष जति काम पनि गरेँ । त्यो काम पनि सकेपछि त्यसै बेरोजगार अवस्था थियो, काम गरौं भने कुनै सीप पनि थिएन ।"

कपिलवस्तुको २० गाविसमा सुधारिएको चुलो कार्यक्रम लागु हुने भएपछि ईच्छुक स्टोभमास्टरहरूको तालिमसम्बन्धी सूचना प्रकाशन भएको थियो । त्यही विज्ञापन हेरेर सुशिलाले पनि आवेदन दिएकी थिइन् । २०६७ मंसिर १५ देखि २२ गतेसम्म कोपवा गाविसमा सञ्चालित सुधारिएको चुलो जडान तथा मर्मत तालिममा बरकलपुर गाविसको तर्फबाट सुशिलाले सहभागिता जनाइन् । तालिम लिँदा उनलाई लागेको थियो, "चुलाको माग आउँछ, दिनमा कम्तीमा २ वटा चुलो जडान गरे भने पनि ७०० रूपैयाँ कमाई हुनेछ ।" जब उनी तालिम लिएर गाउँ गइन्, पहिला घरमै चुलो बनाइन् । २/४ जनालाई सुधारिएको

चुलोको बारेमा बताइन्, तर पनि कसैले चुलो बनाउन बोलाएनन् । सायद एकल महिला भएर के काम गर्न सक्छे भनेर पत्याएनन् की ? भनेर सोचिन् ।

आफूले सोचे जस्तो नभएपछि, एकदिन अफिसमा आएर मसित दुखेसो पोखिन्, "सर, म त काम छोडिदिन्छु, कसैले चुलो बनाउनै मान्दैनन् । यही चुलो बनाएर जीविका चलाउँला भनेको, होला जस्तो लागेन अरू नै काम खोज्नु पर्ला जस्तो छ ।" पछि उनको गाविसमा ऊर्जासम्बन्धी प्रर्दशनी तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरियो । त्यसपछि २/३ जनाले सुधारिएको चुलो बनाउन बोलाउनु भएछ । केही समय पछि फेरी बस्ती तहको अन्तरक्रियात्मक कार्यक्रम गरियो । कार्यक्रममा उनलाई पनि बोलायौं र सहभागीहरूलाई नजिकैको घरमा उनले बनाएको सुधारिएको चुलो देखाउन लग्यौं साथै प्रयोगकर्ताको पनि अनुभव बताउन लगायौं । उक्त कार्यक्रम पछि बिस्तारै चुलोको मागहरू आउन थाले छ । घरघरमा गएर सुधारिएको चुलोको बारेमा बताउँदै माग पनि सङ्कलन गर्न थालिन् । आजभोली उनलाई चुलो बनाएर भ्याइनभ्याइ छ । अहिले आफ्नो गाविसमात्र नभई अन्य गाविसबाट पनि माग आएको छ । भारतीय सीमाको गाउँबाट पनि दिनको १००० भारतीय रूपैयाँ दिन्छौं, चुलो बनाइ देउ भनेर बोलाएको छ, तर पहिला गाउँमा नै बनाएर सकेपछि मात्र बाहिर जाने सोच बनाएको बताइन् । त्यसैले त तालिम पछिको ३ महिनामा नै ९० वटा भन्दा बढी चुलो बनाएर ४० हजार रूपैयाँ भन्दा बढी कमाउन सफल भएकी छिन्, सुशिला । उनले कतिपय घरमा त प्रचारको लागि भनेर निःशुल्क चुलो बनाइ दिएकी छिन् भने नगद दिन असमर्थ केही घरबाट अन्न नै ज्यालाको रूपमा लिएकी छन् । शुरूवातको निराशा अहिले उत्साह र सन्तुष्टिमा बदलिएको छ । उनको अनुसार छोराको पढाइ खर्च, घर खर्च, विमाको किस्ता सबै चुलो बनाएको पैसाबाट चलेको छ । "२१ इञ्चको रंगिन टेलीभिजन लगायत अन्य घरायसी सामाग्री किनेकी छु र बचेको १० हजार रूपैयाँ जति त ब्याजमा लगानी गरेकी छु ।" उनले आफ्नो आर्थिक अवस्थालाई पुष्ट्याउँदै भनिन् । परिवर्तित समय र सीपमा निखारतासँगै चुलो बनाएको ज्याला पनि बढेको बताउँदै, उनले भनिन्, "पहिला त एउटा चुलो जडान गरेको २५० रूपैयाँ लिन्थेँ, तर अहिले ४०० देखि ५०० रूपैयाँसम्म लिन्छु । फायर गेट र चिम्नी आउटलेटमा १०/१० रूपैयाँ सेवाशुल्क जोडेर उपभोक्ताको घरमा लगेर चुलो जडान गरी दिन्छु ।"

आज सुशिला गैरे कपिलवस्तु जिल्लामा स्टोभमास्टरहरूमा पहिलो नम्वरमा पर्न सफल छन् । आजभोली वर्षाको बेलामा पनि हिउँदमा बनाएको ईट्टाबाट चुलो जडान गर्न व्यस्त भेट्न सकिन्छ । "यो वर्ष १०० वटा चुलो बनाउने लक्ष्य चाँडै बर्षा शुरू भएकोले पुरा गर्न सकिन, तर आउँदो साल १५० देखि २०० वटा चुलो बनाउने लक्ष्य लिएकी छु," उनले उत्साहित हुँदै बताइन् ।

# गाउँका सान्दाइ तर चुलोका ठूल्दाइ

कथा ३२

*शायद शारीरिक बनावटले गर्दा होला उनलाई गाउँघरमा सान्दाइ भनेर बोलाउने गर्छन् । तर गुणस्तरीय र राम्रो चुलो बनाउने भएकोले प्रयोगकर्ताहरू उनलाई चुलोका ठूल्दाइ मान्छन् । वि.सं. २०६१ मा सुधारिएको चुलो जडानको तालिम लिएका उनले आफ्नो गाविसमा मात्र नभई छिमेकी गाविस लगायत अन्य जिल्लामा समेत गरी २ हजार २ सयभन्दा बढी चुलो बनाइसकेका छन् । यस्ता चुलोको ठूल्दाइको जीवनको कथा भने यस्तो छ ...*

सिन्धुपाल्चोक जिल्ला, शिखरपुर गाविस वडा नं. ७ को बगुवा भन्ने ठाउँमा बुबा रामबहादुर रावल तथा आमा सीता रावलको छोरा चन्द्रबहादुरको जन्म २०२९ सालमा भएको थियो । उनी ४ वर्षको हुँदा नै उनको बुबाको मृत्यु भएको थियो । बुबाको मृत्युपछि आमाले चन्द्रबहादुरलाई मामाघरमा राखेर जसोतसो गरी कक्षा ७ सम्म पढाउनु भयो, तर घरको आर्थिक अवस्थाका ८ कक्षामा शुल्क तिर्न नसकेपछि पढाइलाई त्यही बिट मान बाध्य भए । आमाको आग्रहमा २०४७ सालमा विवाह गरेका उनलाई तीनजनाको परिवार चलाउने खर्च जुटाउन भारत गए । पढाइका कारण त्यहाँ पनि राम्रो काम पाउन नसके पछि नेपाल फर्किए । तर यहाँ पनि बेरोजगार बस्न बाध्य भए । त्यस बेलासम्म चन्द्रबहादुरका २ छोरी र २ छोरा भैसकेका थिए ।

२०६१ चैत्रमा सुधारिएको चुलोसम्बन्धी तालिम लिन आउनु भनेर सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चका नवराज सापकोटाले भनेपछि आफ्नो जीवनको मोड बदलिएको अनुभव सुनाउँछन् । चन्द्रबहादुरले सुधारिएको चुलोको तालिम लिए र चुलोको बारेमा घरघरमा प्रचारप्रसार गरी सुधारिएको चुलो बनाउन थाले । हालसम्म उनले २ हजार २ सयभन्दा बढी सुधारिएको चुलो जडान गरिसकेका छन् । यसबाट उनको वार्षिक ९० हजारदेखि १ लाख रूपैयाँसम्म आम्दानी भईरहेको छ । अहिले सुधारिएको चुलो जडान गरेर नै ७ जनाको परिवार पालिरहेका छन् । आफूले पढ्न नसकेता पनि अहिले आफ्ना छोराछोरीलाई चुलोको आम्दानीले पढाउन सफल भएका छन् । सुधारिएको चुलो जडान गरेर जम्मा गरेको पैसाबाट उनले घर पनि बनाए । अनि उनको पैतृक सम्पत्ति भनेको जम्मा ४ रोपनी पाखोबारी थियो, यसमा सुधारिएको चुलो जडान गरेर जम्मा गरेको पैसाले थप ३ रोपनी खेत पनि जोडेका छन् ।

यसरी सुधारिएको चुलोबाट नै आफ्नो जिविका चलाइरहेका रावल साँच्चै नै समाजमा उदाहरणीय बनेका छन् । उनले अन्य युवाहरूलाई पनि चुलोको तालिम लिएर आफूले जस्तै कमाउन प्रोत्साहित गर्छन् ।

# धर्मको धर्मनै सुधारिएको चुलो

कथा ३३

*खाडीमा पसिना बगाएर बचाउन नसकेको रकम आफूले गाउँमै कमाउन सकेकोमा गर्व गर्ने धर्मबहादुर खत्रीले चुलो बनाएर महिनाको ८-१० हजार रूपैयाँको अतिरिक्त कुटानीपिसानी र मोवाइलको रिचार्ड कार्डको व्यवसायबाट थप आयआर्जन गर्न सकेका छन् । यस्तै भान्छामा दुःखका साथ खाना पकाउन बाध्य महिलाहरूको दुःखबाट मुक्तिका लागि चुलो बनाएकोले आफूले पूण्यको काम गरेको मान्यता राख्ने धर्मको चुलोको यात्रा यस्तो छ ......*



रामेछाप जिल्ला पकरवास गाविस वडा नं ९ मा २०३२ सालमा जन्मिएका धर्मबहादुर खत्रीको जीवनलाई हेर्दा अचम्म लाग्दो छ । पाँचजनाको परिवार पाल्न उनी गाउँमा काम नपाए पछि काठमाडौं लागे । तर काठमाडौंमा ज्यान पाल्न समेत धौ-धौ भएपछि गाउँमा नै फर्केर अब कसो गर्ने होला भन्ने चिन्ताले भौंतारिरहेका थिए । गाउँमा सामुदायिक विकास समाज, मन्थली, रामेछापले २०६० सालदेखि नै सुधारिएको चुलो कार्यक्रम सञ्चालन गर्दै आएको थाहापाएर त्यसमा आफूपनि संलग्न हुनपाए केही आम्दानी गर्न सकिने आशामा कार्यालयमा सम्पर्क गरे ।

संस्थाले २०६२ सालमा सञ्चालित नयाँ प्रवर्द्धक तालिममा उनलाई पनि सहभागी हुने अवसर दियो । यसबाट उनले सुधारिएको चुलो बनाउने सीप हासिल गरे भने जीवनमा ठूलो परिवर्तनमा पनि मद्दत पुऱ्यायो । हाल मासिक २०-२५ वटा सुधारिएको चुलो जडान गरी ८ देखि १० हजार रूपैयाँसम्म कमाउन सफल भएका छन् । त्यसैले त उनी आफूले खाडीमुलुक गएर रोगजारी नगरेकोमा पनि पछुताउँदैनन् । उनको विचारमा खाडी मुलकमा सामान्य कामदारको १४ देखि १६ हजार रूपैयाँसम्म कमाइ हुन्छ, त्यसैबाट घरका परिवारको उपचार खर्च, बिदेशजाँदाको ऋणको ब्याज आदि तिर्दा धेरैजनाले रित्तो हात घर पर्कनु पर्ने अवस्था रहन्छ । उनले गाउँमै रहेर सुधारिएको चुलो जडानबाट कमाएको पैसाले घरमा एउटा मकैपिस्ने मेसिन राखेका छन् भने मोवाइलको रिचार्ज कार्डको व्यापारले अर्को आम्दानिको स्रोत समेत थपिएको छ । यसरी सुधारिएको चुलो केवल एउटा आम्दानीको स्रोत नभएर अन्य व्यवसायको आधार पनि भएको छ, उनको आम्दानी पनि बढेको छ । विभिन्न स्रोतबाट आम्दानी हुँदा घर चलाउन सजिलो भएको बताउँछन्, धर्मबहादुर ।

आजकल गाउँमा जाँदा सुधारिएको चुलो बनाउन आफूलाई चाहिने इँटा पार्ने साँचो र औजार बोकेर जान्छन् । सुधारिएको चुलोसम्बन्धी सीपले नै आफ्नो राम्रो आम्दानी भएकोमा खुसी हुँदै आगामी दिनमा पनि यस कार्यलाई निरन्तरता दिने उनी बताउँछन् । बिहानबेलुका परम्परागत चुलो, अँगेनामा बसेर आँखाबाट आँसु झार्दै धुवाँको मुस्लामा बसेर सुकेका र नसुकेका दाउरा चुलोभरी खाँदी आगो बालिरहेका महिलाहरूको लागि सुधारिएको माटोको चुलो बनाएर सात सप्ताह लगाएको जस्तो धर्म भएको ठान्छन् उनी । अहिले गाउँमा उनलाई सबैले भाइ, छोरा, भतिज भनी सद्भाव र आदर गरेकोमा खुसीले गद्गद् भईरहेछन् । त्यसैले पनि उनी नाम र काम दुवै धर्म नै रहेकोमा मक्ख छन् !

# सफल प्रवर्द्धक कृष्णबहादुर भूजेल

कथा ३४

*आठ वर्ष अगाडिसम्म कृषि, ज्याला-मजदुरीलाई नै मुख्य व्यवसाय बनाएका कृष्णबहादुर भूजेलले विगत आठ वर्षदेखि आफ्नो व्यवसायमा परिवर्तन गरी नयाँ व्यवसायको थालनी गरेका छन् । भूजेल अहिले तनहूँ र लमजुङ्ग जिल्लामा सफल प्रवर्द्धकको रूपमा परिचित छन् । उनको जीवन शैलीमा परिवर्तन ल्याई दिएको नयाँ व्यवसायको रहस्य खोतल्दै फिल्ड प्राविधिक संयोजक पदमराज खनाल तनहूँबाट लेख्छन् ....*



तनहूँ जिल्लाको ऐतिहासिक स्थल घाँसीकूवा गाविस वडा नं. ५ निवासी मानबहादुर र फूलमाया भूजेलको काईलो छोरा कृष्णबहादुर भूजेलको जन्म २०३४ सालमा भारतमा भएता पनि उनको प्राथमिक शिक्षा गाउँकै विद्यालयबाट शुरू भएको हो । सामान्य शिक्षा हासिल गरेका भूजेलको पहिलेको व्यावसायबाट सन्तोषजनक सफलता नभएपछि २०६० सालमा सुधारिएको चुलोसम्बन्धी व्यावसायमा लाग्ने सोच बनाएका हुन् । जग्गा जमीनको नाउँमा करिव १० रोपनी दर्ता नभएको पाखोवारी र सानो एक कोठे कच्ची घर भएका भूजेलले यस व्यवसायमा लागेपछि ३ छोराछोरीको शिक्षादिक्षा, चारकोठे पक्कीघर बनाई आफ्नो दैनिक जीवनलाई आनन्द र सुखसँग बिताइरहेको बताउँछन् ।

२०६० सालमा सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएर आफ्नै घरमा चुलो जडान गरेपछि त्यसको फाइदा बुझ्न र गाउँलेलाई चुलोको फाइदाको बारेमा बुझाउन सजिलो भएको बताउँछन् । भूजेल भन्छन्- "मैले अहिलेसम्म व्यावसायिक चुलो सहित १ हजार ३ सय भन्दा बढी चुलो जडान गरिसकेको छु ।" उनले सुधारिएको चुलो निर्माणमा आफ्नो ज्ञान र दक्षताको समेत प्रयोग गरेर बलियो, राम्रो एवं परिष्कृत चुलोहरू बनाएका छन् । उनका अनुसार चुलोको निर्माण गर्दा गुणस्तरमा विशेष ध्यान दिएर बनाउने हुँदा केही महंगो हुन गएको छ । तर पनि अति गरिब एवं विपन्न परिवारमा कार्यक्रमको लक्ष्य अनुसार न्यून ज्यालामा चुलो जडान गरेका छन् । तालिम पश्चात दुई सय रूपैयाँ प्रति चुलो ज्याला लिई काम गर्दै आएका उनले चुलो बनाउन लागेको समय, सामाजिक आर्थिक अवस्था हेरी बढीमा सामान सहित प्रति चुलो ७ सय रूपैयाँसम्म ज्याला लिने गरेको बताउँछन् । उनको चुलोको गुणस्तरका कारण व्यक्तिगत प्रयोगकर्ता मात्र होइन, संघसंस्थाले पनि चुलो बनाउन लगाउँछन् । उनी र चुलोको काममा निकै लोकप्रिय पनि भएका छन् ।

आफूले चुलो जडान गरी हजारौं घरपरिवारलाई धुवाँबाट हुने रोगहरूबाट मुक्ति दिलाउन र वातावरण संरक्षणको क्षेत्रमा सहयोग गर्न पाएकोमा अत्यन्तै खुसी र सन्तुष्ट भएको बताउने कृष्णबहादुरको AEPC/ESAP बाट हालसम्म कुनै अनुदानको व्यवस्था नगरेकोमा दुखेसो रहेको छ । २०६० सालबाट व्यावसायिक प्रवर्द्धकको रूपमा लागेका कृष्णले पहिलो, दोस्रो र तेस्रो पुरस्कार पाइसकेका छन् । अनुभवी प्रवर्द्धक भूजेल प्रवर्द्धक संघको सल्लाहकार सदस्य रहेका छन् ।

# पेशाहरूको उपयुक्त विकल्प सुधारिएको चुलो

कथा ३५

*कृषिलाई आफ्नो पेशा बनाउँदै छोड्दै गरेका मदनराज उचै ठकुरीले सुधारिएको चुलो प्रवर्द्धक तालिमपछि चुलोसम्बन्धी काम नै आफ्नो उपयुक्त पेशा भएको अनुभव गरेका छन् । २०० चुलो बनाइसकेका उनले जीवनमा अनेक हण्डर खाँदै चुलोलाई आयको स्रोत र समाजसेवाको रूपमा अगाडि बढाएका छन् । प्रस्तुत छ, उनको संघर्षका दिनहरू ...*

नवलपरासी जिल्लाको सदरमुकामबाट २ दिनको पैदल यात्रा पछि पुगिने निकै पिछडिएको र भौगोलिक रूपले विकट भारतीपुर गाविसको वडा नं. २ भारतीपुरको सामान्य परिवारमा हस्तबहादुर र मिनाकुमारी उचै ठकुरीको जेठो छोराको रूपमा २०२६ सालमा जन्मनु भएका मदनराज उचै ठकुरीको आर्थिक अवस्था निकै दयनीय थियो । जेनतेन २०४१ सालमा एसएलसी पास गरेपनि आर्थिक अवस्थाकै कारणले आफूले उच्च शिक्षा हासिल गर्न नसकेको बताउने, उनले वि.सं २०४३ सालदेखि कालिका प्राथमिक विद्यालयमा ५ वर्ष स्वंयसेवकको रूपमा पढाए पछि आर्थिक समस्या समाधानको खोजिमा पढाउने पेशा छाडेर कृषि तर्फ लागे । परम्परागत खेतीमा निर्भर उनको कृषि कर्मले आर्थिक अवस्था झन् कमजोर हुँदै गैरहेको अवस्थामा २०५२ सालमा साबित्रासँग विवाह हुन पुग्यो । विवाहको ऋण समेत थपिए पछि कामको खोजीमा भौतारिदै दिल्लीतिर हानिएका उनी ५ वर्षसम्म त्यहाँ काम गरेर पुनः गाउँ फर्के । पाँच वर्ष विदेश बसे पनि आर्थिक समस्या जहाँको त्यहीं थियो, त्यसैले खाडी मुलुक गएर पैसा कमाउने सपनाले ऋण गरेरै भए पनि पासपोर्ट बनाई दलालको हातमा पासपोर्ट र पैसा बुझाए, तर १ वर्षसम्म धाउँदा पनि खाडी जान नपाएपछि उनी कृषि पेशलाई नै निरन्तरता दिन बाध्य भए ।

अन्तिम विकल्प रहेको कृषि पेशाबाट जीवनलाई माथि उकास्न गाह्रो परिरहेकोमा चिन्तित उनले २०६५ सालमा सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएर प्रवर्द्धक भएर काम गर्ने अवसर पाए । क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र/ग्रामीण सशक्तिकरण समाज, दमौली, तनहूँ र सहमति अध्ययन केन्द्र, गैंडाकोट नवलपरासीको साझेदारीमा सञ्चालित सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएर उनले गाउँमा चुलोका फाइदा बताउन र माग अनुरूप चुलो बनाउन थाले । सेवा केन्द्रको अनुगमन र साझेदार संस्थाको सहजीकरण उनलाई चुलो बनाउनमा उत्प्रेरणाको स्रोत र सहयोगी बन्यो । अहिले चुलोको कमाइबाट घरको गर्जो टार्नका साथै बालबच्चाको पढाइमा थप मद्दत हुन थालेको बताउँछिन्, उनकी श्रीमती साबित्रा । हालसम्म २०० भन्दा बढी चुलो बनाएका ठकुरीले एउटा चुलो बनाएको पाँच सय रूपैयाँ ज्याला लिन्छन् । तर गरिब तथा विपन्न घरहरूमा केही सहुलियतमा चुलो बनाउने ठकुरी छरछिमेकमा भने भारो पर्ममा समेत चुलो बनाइदिने गरेको बताउँछन् ।

आफूले नयाँ प्रवर्द्धकहरूलाई तालिम समेत दिएको र प्रवर्द्धक अवलोकन भ्रमणमा सहभागी भएर तनहूँ, कास्की, स्याङ्गजा, पाल्पा, लुम्बिनी, धादिङ्ग जिल्लामा सञ्चालित चुलोसम्बन्धी गतिविधिबाट सिक्ने पाएको बताउँछन् । भ्रमणबाट विभिन्न ठाउँको उदाहरण दिएर सुधारिएको चुलोको प्रवर्द्धनमा सहयोग पुगेको बताउने ठकुरी चुलोसम्बन्धी व्यवसायले आफूलाई आर्थिक रूपमा टेवा पुगेको र आफूले एक पवित्र समाजसेवी काम गरेको अनुभव भईरहेको बताउँछन् । अझ घरेलु सौर्य प्रणाली जडान, अन्य जैविक ऊर्जा तालिम पनि पाए वातावरण संरक्षण हुने र रोजगारीको अवसर बढ्ने बताउँछन् ।

# भनिन्छ संर्घष नै जीवन हो

कथा ३६

*इलामको पश्चिमी भेग सिद्धिथुम्कामा जन्मेका प्रवर्द्धक जंग राईले सामाजिक कामको लागि शिक्षकको जागिर छोडे, सुधारिएको चुलोले वन र वातावरण संरक्षणका साथै घरभित्र धुवाँ-धूलो घटाउने थाहापाएर तालिम लिई यसको विस्तारमा लागे । स्नातकसम्म अध्ययन गरेका यिनै युवा प्रवर्द्धक राईसँग नामसालिङ समुदायिक विकास केन्द्रका प्रकाश खतिवडाले कुराकानीको आधारमा तयार गर्नुभएको लेख .......*



सूर्योदयको जिल्ला र पूर्वको रानी भनेर चिनिने इलाम जिल्लाको पश्चिमी सिद्धिथुम्का गाविस वडा नं. ७ मा बाबु तुलबहादुर र माता मनमाया राईको कोखबाट वि.स. २०४६ साल बैसाख १ गतेका दिन जेष्ठ सुपुत्रको रूपमा यस धर्तिमा पाइला टेके, प्रर्वद्धक जंग राईले ।

'हुने विरूवाको चिल्लो पात' भने झैं सानै उमेरदेखि गम्भीर स्वभावका राई सामाजिक, राजनैतिक र साहित्य सङ्गीतमा अभिरूचि राख्दथे । जनज्योति प्राविबाट शिक्षा प्रारम्भ गरेका राई अहिले स्नातक तहमा अध्ययनरत रहँदै केही समय निमावि तहमा पढाए, तर शिक्षण पेशामा सन्तुष्ट हुन नसकी राजिनामा दिएर सामाजिक कार्यमा व्यस्त भए । नामसालिङ समुदायिक विकास केन्द्र, इलामबाट २०६६ भाद्रमा सुधारिएको चुलो प्रर्वद्धक तालिम पाएपछि उनी आफ्नो गाउँ र सिंगो गाविसलाई नै धुवाँरहित बनाउने सपना बोकेर अघि बढेका छन् । उनले शिक्षण पेशाबाट भन्दा चुलो बनाएर बढी सन्तुष्टी मिलेको बताए ।

उनको विचारमा बढ्दो वातावरणीय समस्या र वनजंगल विनासको अवस्था, साथै घरभित्र हुने वायू प्रदूषणलाई घटाउन सुधारिएको चुलोले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रर्वद्धक राईले इलामको पश्चिमी गाविसहरूमा झन्डै २०० सुधारिएको चुलो निमार्ण गरी स्थानीयलाई सेवा प्रदान गरेका छन् । २०६७ सालमा वैवाहिक जीवनमा बाँधिएका राई अहिले एक सन्तानका पिता भएका छन् । बढ्दो परिवारलाई चुलोको आम्दानीले खर्च टार्न सहज भएको बताउँछन् प्रवर्द्धक राई ।



मिलेर काम गर्दा अझ सजिलो हुन्छ र सफलता हात पार्न सकिन्छ भन्ने सोचका साथ जैविक ऊर्जाको क्षेत्रमा काम गर्ने प्रर्वद्धकलाई समेटेर 'जैविक ऊर्जा तथा वातावरण संरक्षण मञ्च' दर्ता गरी सुधारिएको चुलो विस्तारको कार्यक्रम सञ्चालन गरिरहेका छन् । उक्त संस्थाले इलाम जिल्लाका १२ वटा गाविसहरूमा जैविक ऊर्जा सहयोग कार्यक्रम अन्तर्गतको नामसालिङ समुदायिक विकास केन्द्रसँगको साझेदारीमा सुधारिएको चुलो कार्यक्रम सञ्चालन गरिरहेको छ । वैकल्पिक ऊर्जा क्षेत्रको विकास र विस्तारमा राईजस्ता युवाहरूको सहभागिताले पक्कै पनि सफलता हात पार्न सजिलो हुनेछ ।

# उद्यमी बनायो सुधारिएको चुलोले



*गाउँमा सधै डुलेर समय बिताउने भरौल–३ बस्ने डुण्डीराज सापकोटा AEPC/ESAP को क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र नामसालिङ्ग सामुदायिक विकास केन्द्रको सहयोगमा जिल्ला नवीकरणीय ऊर्जा सेवा केन्द्र सुनसरीको आयोजनामा २०६७ मा व्यवसायिक प्रवर्द्धकहरूको तालिममा सहभागी भएपछि सुधारिएको चलोका उद्यमी बनेका छन् । अहिने उनी गाउँमा सुधारिएको चुलोको प्रचारप्रसार गर्न र चुलो बनाउनमा व्यस्थ छन् । उनको उद्यमसम्बन्धी यो टिपोट ...*

शुरूवाति दिन सम्झँदै सापकोटाले बताए, "मैले यो सुधारिएको चुलो बनाउन सिक्दा, आफ्नै घर र छरछिमकमा चुलो बनाउँछु भन्ने सोचेको थिएँ, तर विस्तारै यसको माग बढ्न थालेपछि अहिले व्यवसायिक रूपमा लागेको छु । यस व्यवसायलाई अझ व्यवस्थित गर्ने सोचेको छु । यस काम प्रति म एकदमै खुसी छु ।" सापकोटाको लघु उद्योगमा उनी र परिवारका केही सदस्यका साथै २ जनालाई सुधारिएको चुलोको इँटा र चिम्नी इँटा बनाइरहेका भेटिन्छन् । कामदारलाई इँटा र चिम्नी इँटा बनाए बापत प्रति गोटा एक रूपैयाँ ज्याला दिन्छन् । यसरी उनले सुधारिएको चुलोसम्बन्धी व्यवसाय चलाएर गाउँमा नै रोगगारी सिर्जना गरेका छन् । कृषिमा आश्रित उनको ५ जनाको परिवारले अहिले १०० वटा कुखुरा पनि पालेको छ ।

बिहानदेखि बेलुकासम्म सुधारिएका चुलोको गुन गाउन थालेका छन् स्टोभमास्टर डुण्डीराज । उनी सुधारिएको चुलो प्रवर्द्धन गर्न गाउँ–गाउँ गएर यसका फाइदाको बारेमा बुझाउने र नयाँ चुलो बनाउने घर खोज्नमा व्यस्थ रहने गरेका छन् । उनले ७०० देखि १,२०० रूपैयाँमा सुधारिएको चुलो बनाउने गरेका छन् । एक दिनमा उनी दुईवटासम्म सुधारिएको चुलो बनाउँछन् । आफ्नो सन्तुष्टि व्यक्त गर्दै उनी भन्छन्, "मैले यो कामबाट राम्रो आम्दानीका साथै छुट्टै परिचय बनाएको छु । मलाई बाँगेबजार तिर जाँदा 'चुलो आयो, चुलो आयो' भन्ने सुन्दा आनन्द लाग्छ ।"



# सुधारिएको चुलोबाट इज्जत र दाम दुबै

कथा ३८

*अति गरिब ९ जनाको परिवारमा जन्मिएका बिरबहादुर सुधारिएको तालिम लिएर १ हजार २ सय चुलो जडान गरी करिव ३ लाख कमाएका छन् । त्यो कमाइबाट नै पुरानो ऋण तिर्न र १८ रोपनी खेत जोड्न सफल भएका छन् । उनको संघर्षका कथा उनकै शब्दमा ...*

मेरो नाम बिरबहादुर चेपाङ हो । मेरो जन्म धादिङ जिल्ला माहादेवस्थान गाविस वडा नं. ५ मा मोहनलाल र लालीमायाको ६ भाई छोरा र ३ छोरी मध्ये माईलो छोराको रूपमा २०२० सालमा भएको हो । कृषि नै मूल आयस्रोतको रूपमा अगाल्दै आइरहेको मैले ग्रामीण प्रविधि केन्द्रद्वारा २०६१ बैशाख १३ देखि २० गतेसम्म सञ्चालित ८ दिने सुधारिएको चुलो प्रवर्द्धक तालिममा भाग लिने अवसर पाएँ । त्यसपछि मैले प्रायःजसो बिहान उठेर ईंटा पार्ने साँचो, चुपी र इञ्ची टेप आफ्नो झोलामा बोकेर कहिले आफ्नै गाउँ त कहिले छिमेकी गाविसमा चुलो बनाउन हिँडिरहेको छु ।



मौका मिल्यो की चुलोको महत्त्वबारे बताउन मलाई रमाइलो लाग्छ । मैले आफ्नै गाविसका साथै गजुरी र बेनिघाट गाविसमा समेत सुधारिएको चुलो बनाएको छु । मैले हालसम्म १ हजार २ सय भन्दा बढी चुलो जडान गरिसकेको छु । कतिमुखे र कस्तो चुलो हेरेर २५० देखि ७०० रूपैयाँसम्म ज्याला लिने गरेको छु । यसबाट हालसम्म लगभग ३ लाख रूपैयाँ भन्दा बढी नै कमाएँ जस्तो लाग्छ । मैले चुलो बनाएको आम्दानीबाट नै छोराछोरीको पढाइ, औषधी उपचार, घर मर्मत, घरमा सोलार जडान गरेर बचेको रकम १ लाख २० हजारमा १८ रोपनी जग्गा किनेको छु । चुलोको आम्दानीबाटै पुरानो ऋण चुक्ता गरें । गाउँमै चेपाङ समुदयमा छोरा/छोरीलाई माध्यमिक तहसम्म पढाउने पहिलो चेपाङ भएकोमा म गर्व लागेको छ । अहिले त छोरीको पनि चेपाङ संघमा जागिर भएको छ र खानको लागि बेसाउन पर्दैन ।

सुधारिएको चुलो जडान गर्न थालेपछि २०६३ र २०६५ सालमा स्थलगत भ्रमणमा सहभागी भई विभिन्न जिल्लाको गतिविधि र वस्तुस्थिति बुझ्ने मौका पाएँ । त्यस्तै २०६२ र ०६३ मा मेरो लगनशिलता, चुलो संख्या र गुणस्तरको कारण द्वितीय पुरस्कार साथै ०६५/०६६ मा सम्मानपत्र पाएँ । म अहिले सुधारिएको चुलो प्रवर्द्धक संघ धादिङको सदस्य छु । मेरो कामबाट प्रभावित भएर गाउँलेले बिभिन्न समूहमा बसिदिन अनुरोध गर्ने गरेका छन् ।

मलाई मुख्यतः गृहिणीहरूको स्वास्थ्यमा सुधार भएको र वन विनास हुनबाट बचेकोमा खुसी लागेको छ । दाउरा खोज्न गाउँका दिदीबहिनीहरू घण्टौ हिँड्नुपर्ने, भान्छामा पनि धेरै समय बस्नुपर्ने र भान्छामा बस्दा धुवाँको कारणबाट श्वासप्रश्वाससम्बन्धी रोगबाट ग्रसित महिला तथा बालबालिकालाई सुधारिएको चुलो जडान पछि केही हदसम्म भएपनि धुवाँको असरबाट मुक्ति दिएकोले राम्रो कार्य गरे जस्तो अनुभव हुन्छ । आफ्नो गाउँ घरमा सुधारिएको चुलोको प्रचारप्रसार र फाईदा बारे पोष्टर, क्यालेन्डर तथा प्रयोगकर्ता निर्देशिका बाँडेर चेतना जगाई हिँड्दा आफूले इज्जत र दाम दुबै कमाएको अनुभव हुन्छ ।

# सुधारिएको चुलोबाट सामाजिक प्रतिष्ठा

कथा ३९

*बाराका सिकेन्द्र पण्डितले सुधारिएको चुलो जडान तथा मर्मतको तालिम लिएर ९६ वटा चुलो बनाएर करिव ३० हजार आम्दानी गरेका छन् । स्टोभमास्टर सिकेन्द्रले सुधारिएको चुलो बनाउँदाको अनुभव उनकै शब्दमा ...*

मेरो नाम सिकेन्द्र पंडित हो । किसान परिवारको सदस्य भएकोले कृषि नै मेरो मुख्य पेशा हो । त्यसैले म परिश्रममा विश्वास गर्दछु र आफ्नो काममा लगनशिल भएर खट्छु । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रमको क्षेत्रीय नवीकरणीय ऊर्जा सेवा केन्द्र, स्वास्थ्य तथा वातावरण संरक्षण केन्द्र, नेपालको सहयोगमा २०६७ मंसिर १५ देखि २२ गतेसम्म सञ्चालित ८ दिने ऊर्जा समूहका लागि सुधारिएको चुलोसम्बन्धी तालिममा मैले पनि भाग लिने मौका पाएँ । तालिम पछि श्री गढिमाई ऊर्जा समूहमा संयोजकको रूपमा काम गर्दै आएको छु । यस्तै २०६८ असार २ देखि ६ गतेसम्म सम्भावित साझेदारहरूको लागि आयोति संस्थागत सुधारिएको चुलोसम्बन्धी आधारभूत तालिम पनि भाग लिएँ । यसबाट मैले घरायसी र संस्थागत चुलो बनाउने सीप सिक्ने मौका पाएँ । अहिले म चुलो बनाउने, मर्मतसम्भार, बजारीकरण र भान्छा व्यवस्थापनसम्बन्धी काम गर्दैछु । चुलोसम्बन्धी कामले गर्दा मेरो जीवनमा राम्रो परिवर्तन भईरहेको छ ।

म मानिसहरूलाई सुधारिएको चुलोको महत्त्वबारेमा बताउँदै चुलो बनाउन उत्प्रेरित गर्छु । मैले आफ्नो पिप्राढी गाविस र छिमेकी बरियारपुर, दक्षिण झिटकैया, पिपरपाती र तेलकुवाँ गाविसहरूमा समेत सुधारिएको चुलो बनाएको छु । विभिन्न ठाउँमा गरेर हालसम्म करिव १०० वटा सुधारिएको चुलो जडान गरिसकेको छु र भविष्यमा मेरो गाविसमा जनचेतना फैलाइ सबै घरमा सुधारिएको चुलो जडानगरी धूवाँरहित गाविस बनाउने लक्ष्य राखेको छु । राम्रो र गुणस्तरीय चुलो बनाउन सकेमा गाउँले खुसी हुनेछन् र मलाई राम्रो स्टोभ मास्टरको रूपमा चिन्नेछन् । मेरो सामाजिक प्रतिष्ठा पनि बढ्ने छ ।



चुलो बनाउँदै जाँदा मेरो आत्मविश्वास पनि बढेको छ । यही सीपले गर्दा मैले स्वदेशमा नै काम पाएको छु । कामको लागि विदेशतिर भौंतारिनु परेको छैन । मैले सुधारिएको चुलो बनाएरै करिव ३० हजार आम्दानी गरेको छु तर गाउँलेमा यसप्रतिको सचेतनासँगै मेरो आम्दानी पनि बढ्ने विश्वसा लिएको छु । मैले चुलो बनाएर केही पैसा लिए पनि कैयौं दिदीबहिनीहरूलाई दाउरा खोज्ने र खाना पकाउने समय बचाउन, आँखा र श्वासप्रश्वाससम्बन्धी रोगहरूबाट बच्न मद्दत गरे जस्तो लाग्छ । पैसा लिए पनि यो समाज सेवा पनि हो नि होइन् र ? मलाई मेरो काममा सुधारिएको चुलोसम्बन्धी प्रचार सामग्रीहरू पोष्टर, क्यालेण्डर र प्रयोगकर्ता निर्देशिकाले सहयोग पुर्‍याएको छ । यस्ता सामग्रीले सचेतना फैलाउने र सुधारिएको चुलोको माग बढाउन मद्दत गर्छन्, यसले मेरो आम्दानी पनि बढ्छ । प्रयोगकर्ता निर्देशिकाले गर्दा प्रयोगकर्ताहरूले राम्ररी चुलो प्रयोग गर्न र सामान्य मर्मत गर्न सिकेका छन् ।

# चुलोको नियमित सम्भार, जीवनस्तरमा सुधार

कथा ४०

*"स्वस्थ्य जीवन नै मानिसको सबै सबैभन्दा ठूलो धन हो" मानिस स्वस्थ रहन उचित प्राकृतिक वातावरणको आवश्यकता पर्दछ । त्यस्तो वातावरण तयार गर्नका लागि सुधारिएको चुलो एक उपयुक्त वैकल्पिक उपाय हो । सुधारिएको चुलो अब वन र वातावरणको साथै ग्रामीण रोजगारी सिर्जना र महिला एवं बालबालिकाको स्वास्थ्य सुधारको आधार बनिरहेको छ । यस्तै एकजना प्रवर्द्धक रोहिणी ढकालसँग कुराकानीका आधारमा तेह्रथुमका फिल्ड प्राविधिक संयोजक ज्योति लिम्बू लेख्छन् ...*



हो, सुधारिएको चुलोले नै सामान्य परिवारका मोराहाङ गाविस वडा नं. २ मा बस्ने प्रवर्द्धक रोहिणी ढकालको जीवनस्तरमा अहिले सुधार आएको छ । जग्गाजमिनको नाममा थोरै पाखोबारी मात्र भएका उनको टिनले छाएको सामान्य घर छ । आर्थिक अवस्थाको कारणले ६ जनाको परिवार धान्न मुस्किल पर्ने उनले नाम्सालिङ सामुदायिक विकास केन्द्रको आर्थिक तथा प्राविधिक सहयोग तथा स्थानीय साझेदार संस्था देउराली सोसाइटी, तेह्रथुमबाट २०६६ असोजमा सुधारिएको चुलो प्रवर्द्धक तालिम लिएर स्वरोजगार बनेका छन् । रोहिणी महिनामा १५ देखि २० वटा सुधारिएको चुलो बनाउँछन्, यस बापत प्रति चुलो ५०० रूपैयाँ लिन्छन् । यही आम्दानीबाट घर खर्च चलाउँछन् र केही रूपैयाँ बचत पनि ।

चुलो जडान गरेर नै आफ्नो परिवारको जीवनस्तरको सुधार भएको बताउँदै, उनी भन्छन्, 'यो सीप सिकेर मैले छोराछोरीलाई पढाउन सकेको छु, अब उनीहरूले शिक्षाकै कारण बेरोजगार हुनु नपर्ला । उनीहरूलाई पढाउन सकेकोमा म निकै खुसी छु ।' यति मात्र नभएर यसै व्यवसायका माध्यमबाट धेरै व्यक्तिसँग चिनजान, सम्पर्क र समन्वय बढेको सुनाउँछन् । मेहेनती रोहिणीले हालसम्म ३५६ वटा चुलो बनाएर करिब १ लाख ७५ हजार कमाएका छन् भने तेह्रथुमका सम्पूर्ण प्रवर्द्धक मध्ये पटक पटक पुरस्कृत हुँदै सर्वोत्कृष्ठ पुरस्कार पनि पाएका छन् ।



गाउँमा नमुना भान्साघर बनाउन सिपालु उनको सीपलाई अझ विस्तार गर्न कार्यक्रमबाट संस्थागत चुलोको तालिम पनि पाएका छन् । सुधारिएको चुलोका कारण परिवारको स्वास्थ्यमा सुधार आएको, भान्छा सफा रहेको र आफूले गाउँमै रोजगार पाएको उदाहरण दिँदै उनी समुदायका अन्य घरधुरिहरूलाई पनि सुधारिएको चुलो निर्माण गरी स्वच्छ वातावरण बनाएर आफ्नो जीवनमा परिवर्तन ल्याउन सल्लाह दिन्छन् ।

# सुधारिएको चुलो बनाउने आफ्नै तरिका

कथा ४१

*दैलेख लाकुरी ऊम गाउँका खम्बबहादुर थापा हाल सुर्खेत जिल्ला हाल लाटिकोइली-९ बस्छन् । उनले आफ्नो पुरानो कृषि पेशाका अतिरिक्त सुधारिएको चुलोलाई नयाँ व्यवसाय बनाएका छन् । पहिलेका किसान अहिले अत्यन्त व्यस्त व्यवसायिको रूपमा दैलेख र सुर्खेतमा परिचित छन्, उनको व्यवसायिक जीवनका केही अंश ....*



परम्परागत कृषि पेशाबाट सन्तोषजनक उपलब्धि हुन नसकेपछि अतिरिक्त आयको आशामा थापाले २०५८ मा गाउँमा सञ्चालित सुधारिएको चुलोसम्बन्धी तालिम लिएपछि चुलो बनाउने काम थाले । नयाँ काम भएपनि नयाँ चुलोलाई साइतको रूपमा हेर्ने स्थानीय संस्कारले गर्दा आफूले सजिलै काम पाइरहेको बताउँदै उनले बताए, "मैले अहिलेसम्म करिव १ हजार ८ सय सुधारिएको चुलाहरू बनाइसकेको छु । यहाँको नयाँ चुलोको पुजा गर्ने तथा नयाँ चुलोलाई साइतको रूपमा हेर्ने चलन नै मेरो लागि सुधारिएको चुलो निर्माण गर्ने प्रेरणा र अवसर पनि भयो ।" उनले सुधारिएको चुलोको निर्माणमा तालिममा सिकेका प्राविधिक ज्ञानका अतिरिक्त आफ्नो ज्ञान र दक्षताको समेत प्रयोग गरेर अझ नयाँ र परिष्कृत चुलोको निर्माण गरेको बताए । "नुन, चिनी, खसी/बाख्राको रौंलाई माटोसँग मुछेर चुलोलाई बलियो बनाएको बताउँदै, भित्री भागमा परिवर्तन नगरी ठाउँ सुहाउँदो फरक प्रकारका चुलाहरू पनि बनाउँदै आएको छु ।" खुम्बबहादुरले आफ्नो स्थानीय प्रविधि सुनाए । यसरी आफूले चुलोको गुणस्तरमा विशेष ध्यान दिने गरेकोले केही महङ्गो हुने गरेको उनको भनाइ छ । उनले चुलोको हिसाव केलाउँदै भने १५० रूपैयाँको चिम्नी आउटलेट, १०० रूपैयाँको रिङ, १०० रूपैयाँको नुन, चिनी र रौंमा खर्च हुन्छ, त्यसमा ३५० रूपैयाँ आफ्नो ज्यालाको जोड्दा एउटा चुलोको करिव सात सय पर्न आउँछ । तर न्यून आय भएका व्यक्तिलाई आफूले २५० रूपैयाँ मात्र ज्याला लिने गरेको र अन्न, तरकारी, फलफुल लिएर पनि चुलो बनाइ दिएको अनुभव सुनाए । उनको यस्तो मिलनसार व्यवहार र गुणस्तरका कारण चुलोको क्षेत्रमा अझ बढी लोकप्रिय भएको छन् ।


स्थानीय क्षेत्रमा कसरी चुलो प्रवर्द्धन भइरहेको छ र गाउँलेले मूल्य तिर्न मान्छन् त भन्ने प्रश्नमा खुम्बबहादुरले भने सुन्दर नेपाल, सुर्खेत मार्फत तालिम, प्रचारप्रसारका सामग्री र आवश्यक प्राविधिक ज्ञान दिएकै छ, अब आफ्नै घरपरिवार र समाजलाई फाइदा दिने चुलोको लागि किन अनुदान चाहियो र उनी प्रतिप्रश्न गर्छन् । उनको विचारमा आफ्नै खर्चमा चुलो बनाउँदा आफ्नोपनका कारण हेरचाह र मर्मत हुँदा चुलोको प्रभावकारिता झन् बढ्छ । जे होस् १० वर्षमा व्यवसायिक रूपमा आफूले सोचेको भन्दा धैरे सफलता हासिल गर्न सकेकोमा दङ्ग छन् खुम्बबहादुर ।


# जैविक ऊर्जा सहयोग कार्यक्रम
# कार्यक्षेत्र






१ नामसालिङ्ग सामुदायिक विकास केन्द्र, इलाम । फोन : ०२७-५२०४११
२ नामसालिङ्ग सामुदायिक विकास केन्द्र, सुनसरी । फोन : ०२५-५३३६७५
३ स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र, कटारी । फोन : ०३५-४५०४७६
४ जानकी महिला जागरण समाज, धनुषा । फोन : ०४१-५२३५७६
५ नवीकरणीय ऊर्जा, खानेपानी तथा सरसरफाइ प्रवर्द्धन केन्द्र प्रा.लि., चन्द्रनिगाहपुर । फोन : ०५५-४६९४०५
६ स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तीकरण केन्द्र, काभ्रे । फोन : ०११-४९००२१
७ ग्रामीण प्रविधि केन्द्र, ललितपुर । फोन : ०१-५००८५३६
८ ग्रामीण सशक्तीकरण समाज, तनहुँ । फोन : ०६५-५६०५३९
९ ग्रामीण आर्थिक विकास संघ, पाल्पा । फोन : ०७५-५२०३६५
१० धौलागिरी सामुदायिक स्रोत विकास केन्द्र, बागलुङ । फोन : ०६८-५२०२४३
११ डेभलप्मेन्ट कन्सर्न सोसाइटी, दाङ । फोन : ०८६-४४०१४८
१२ सुन्दर नेपाल संस्था, सुर्खेत । फोन : ०८३-५२०९२६
१३ ग्रामीण विकास सेवा केन्द्र, डोटी । फोन : ०९४-४४००४५
१४ कैलाली कञ्चनपुर ग्रामीण विद्युतीकरण छाता संगठन, अत्तरिया, कैलाली । फोन : ०९१-५५०७७१
१५ जिल्ला ऊर्जा तथा वातावरण शाखा, दार्चुला । फोन : ०९३-४२०२७७


# जैविक ऊर्जा प्रविधिहरू



एकमुखे



दुईमुखे समान सतह



दुईमुखे फरक सतह


तीनमुखे समान सतह



तीनमुखे फरक सतह



संस्थागत चुलो


बहुउद्देश्यिय



रकेट


रकेट


रकेट


फलामे तीनमुखे


संस्थागत ग्यासिफायर


फलामे दुईमुखे

9 789937 246514

**जैविक ऊर्जा सहयोग कार्यक्रम**
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र/ऊर्जा क्षेत्र सहयोग कार्यक्रम**
खुमलटार, ललितपुर । **पो.ब.नं.** १४३६४, काठमाडौं, नेपाल । **फोन :** ५५३५७३२, ५५३९२३७, ५५३९३९१, ५५४३०४४
**फ्याक्स :** ५५३९३९२ । **इमेल :** biomass@aepc.gov.np । **वेबसाइट :** www.aepc.gov.np